



साकेला गाउँपालिका

साकेला गाउँकार्यपालिकाको कार्यालय

*सुसंस्कृत, संस्थागत र समृद्ध साकेला*

# प्रथम आवधिक विकास योजना

# (आ.व. २०७९/८० – २०८४/८५)



**साकेला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

मानेभञ्ज्याङ, कोशी प्रदेश, खोटाङ

२०८०




# प्रथम आवधिक विकास योजना (आ.व. २०७९/८० – २०८४/८५)




| | |
|---|---|
| दस्तावेजः | साकेला गाउँपालिकाको प्रथम आवधिक विकास योजना २०८० |
| प्रकाशकः | साकेला गाउँ कार्यपालिकाको कार्यालय, मानेभञ्ज्याङ, खोटाङ<br>http://sakelamun.gov.np |
| सर्वाधिकारः | प्रकाशकमा |
| बाहिरी फोटो | साकेला गाउँपालिका र दामन राई |
| प्राविधिक सहयोग | *सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि.* |

# साकेला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मानेभञ्ज्याङ, खोटाङ
## कोशी प्रदेश, नेपाल


मितिः ०८०।०२।०९

**<u>प्रकाशकीय मनतव्य</u>**



नेपालको संविधान मार्फत संघीय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी शासकीय संरचना, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धीहरु संस्थागत हुने क्रममा छन् । संघीय संरचना अन्तर्गत निर्वाचित स्थानीय सरकार लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारभुत मेरुदण्डका रुपमा रहेको छ । स्थानीय तह, प्रदेश र संघ बीच समन्वय, सहकार्य र सह–अस्तित्वको सिद्धान्तका आधारमा शासन व्यवस्थाको संचालनवाट मात्रै जनताको जनआकांक्षा पुरा गर्न सकिन्छ भन्ने मर्मलाई मध्यनजर गर्दै, स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो क्षेत्राधिकार भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ।

यसै प्रावधान तथा गाउँपालिकाको समग्र नतिजामूखि विकासका लागि आवश्यकता महसुस गरी साकेला गाउँपालिकाको *प्रथम आवधिक योजना (२०८१/८२-२०८४/८५)* तर्जुमा गरिएको छ । यसबाट गाउँपालिका क्षेत्रको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जुमा तथा विकास प्रकृया लगायत समग्र गाउँपालिकाको उत्थानशिलता तथा दीगो विकासमा रुपान्तरण गर्न मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छ । यस योजनाले "*सुसंस्कृत, संस्थागत तथा समृद्ध साकेला*" भन्ने दीर्घकालिन सोंच सहितको विकासको अवधारणा अनुसार आगामी वर्षहरुमा कसरी र कहाँ लैजाने भन्ने कुरा दिशानिर्देश गर्ने विश्वास लिएको छ । यसका साथै विकास प्रति चासो व्यक्त गर्ने अन्य विकास साझेदार तथा सरोकारवालाहरुका लागि समेत यो आवधिक योजना महत्वपूर्ण दस्ताबेजका रुपमा रहनेछ ।

यस आवधिक योजना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीय स्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्था र प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., का प्राविधिक टोलीको योगदानको उच्च कदर गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

................................

रबिप्रकाश राई
अध्यक्ष
साकेला गाउँपालिका,
मानेभञ्ज्याङ, खोटाङ,
कोशी प्रदेश

**साकेला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**मानेभञ्ज्याङ, खोटाङ**

**कोशी प्रदेश, नेपाल**

मिति: २०८०।०२।१०

**मन्तव्य !**



नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था लागु भएर स्थानीय सरकार संचालन ऐन २०७४ जारी पश्चात साकेला गाउँपालिकाको *प्रथम आवधिक योजना (२०८०/८१-२०८४/८५)* तर्जुमा गरिएकोछ । यस गाउँपालिकाको एकीकृत स्वरुपको यो आवधिक योजनाले गाउँपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, क्षेत्रगत रणनीतिक योजना बनाई लागू गर्नु पर्ने व्यवस्थालाई परिपालना गरेको छ ।

यस योजनाले गाउँपालिकाको दीर्घकालिन सोच "*सुसंस्कृत, संस्थागत तथा समृद्ध साकेला*" निर्धारण गरी, आगामि ५ वर्षमा गाउँपालिकालाई कस्तो अवस्थामा पुर्याउने भनेर लक्ष्य किटान र सो प्राप्तीका लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेकोछ । गाउँपालिकाको नतिजामुखी तथा समग्र विकासमा र आगामी वर्षहरुको वार्षिक योजना तर्जुमामा यो आवधिक योजना महत्वपूर्णर्ण मार्गदर्शक सावित हुने विश्वास लिएकी छु ।

गाउँपालिकाको समग्र विकास प्रकृयामा सवै विषयक्षेत्र समेटेर तयार गरिएको यो एकीकृत स्वरुपको योजनाले "*सुसंस्कृत, संस्थागत तथा समृद्ध साकेला*" बनाउने अभियानको आधार बन्ने साथै कार्यान्वयनमा सहायक सिद्ध हुने छ भन्ने विश्वास लिएकी छु । गाउँ विकासका लागि सहकार्य गर्ने गैसस तथा विकास साझेदार लगायत सम्पुर्ण सरोकारवालाको लागि र गाउँपालिकाको समग्र उत्थानशिलताको लागि महत्वपूर्ण दस्तावेज हुने पनि विश्वास लिएकी छु ।

योजना तर्जुमामा सहयोग तथा सहकार्य गर्ने सम्पूर्ण पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

..........................

बिर्सिका राई

उपाध्यक्ष

साकेला गाउँपालिका,

मानेभञ्ज्याङ, खोटाङ

# साकेला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मानेभञ्ज्याङ, खोटाङ
## कोशी प्रदेश, नेपाल

प.सं. मिति: २०८०।०२।१०

च. नंः .

**विषयः शुभकामना !**



स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्टरुपमा उल्लेख गरेकोछ।

नेपालको संविधान घोषणाबाट संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था सहित राज्यको पुनसंरचना भएको छ । संघीय संरचना कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ जारी पश्चात साकेला गाउँपालिकाको *प्रथम आवधिक योजना (२०८०/८१-२०८४/८५)* तर्जुमा गरिएको हो । यस योजनाले गाउँपालिकाको दीर्घकालिन सोच निर्धारण गरी, आगामि ५ वर्षमा गाउँपालिकालाई कस्तो अवस्थामा पुर्याउने भनेर लक्ष्य किटान र सो प्राप्तीका लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेकोछ । यस योजनाले आगामी ५ वर्षमा यस गाउँपालिकालाई "*सुसंस्कृत, संस्थागत तथा समृद्ध साकेला*" बनाउने दिशा तर्फ उन्मुख गराउने विश्वास लिएको छु ।

गाउँपालिकाको समग्र नेतृत्व, विषयगत कार्यालय तथा गाउँ विकासका सरोकारवालाको सहयोग तथा सहकार्यमा यस गाउँपालिकाको पाँच वर्षको आवधिक योजना तयार गरिएको छ । योजनाले गाउँपालिका क्षेत्रको सेवा प्रवाह, नीति निर्माण, आन्तरिक आय वृद्धि तथा विकास प्रकृयालाई निश्चित गन्तव्यमा पुर्याउने विश्वास लिएको छु । यसका अतिरिक्त, गाउँ विकासका लागि सहकार्य गर्ने अन्य निकाय लगायत गैसस तथा विकास साझेदारका लागि पनि यो योजना र सहयोगी हुनुका साथै गाउँपालिकाको विकास र सम्बृद्धिको सपना सबैको एकता, साझा प्रयास र प्रतिवद्धताबाट प्राप्त हुने कुराको पुनः स्मरण गर्न चाहन्छु।

आवधिक योजना तर्जुमा सहयोग र परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी र प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि. का प्राविधिक टोली सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

..........................

महेश राई

प्रमुख प्रशासकीय अधिकृत

साकेला गाउँपालिका

साकेला गाउँकार्यपालिकाको कार्यालय

मानेभञ्ज्याङ, खोटाङ

ग

**साकेला गाउँपालिका, मानेभञ्ज्याङ, खोटाङ अन्तर्गत गाउँसभाले सूचीकृत गरेको गाउँपालिका गौरवका आयोजनाहरू:**

| क्र.स. | तह | आयोजनाहरू |
|---|---|---|
| १ | संघ | तावाताल तावा भञ्ज्याङ क्षेत्रलाई पर्यटकीय)विकास गर्न पर्यटकीय पूर्वाधार तथा ताल निर्माण( |
| २ | संघ | बाँझेच्यानडाँडा काल्चिनखोला सडक स्तरोन्नती र-मानेभञ्ज्याङ-रतन्छा-कालोपत्रे |
| ३ | प्रदेश | साप्सुखोलातावाभञ्ज्याङ सडक कालोपत्रे-मानेभञ्ज्याङ- |
| ४ | प्रदेश | मपारुङभीरतावादोभान पर्यटन प्रवर्द्धन ,लामदुवाली ,साकेला पार्क ,धन्नेश्वरी गुफा , |
| ५ | प्रदेश | कात्तिकेरतन्छा नैनेपाटी सडक स्तरोन्नती र कालोपत्रे-सोस्तुङ- |
| ६ | संघ | खानेपानी एक घर -एक धारा कार्यक्रम |
| ७ | स्थानीय | दारुलाटार र नौलाखर्क खेल मैदान स्तरोन्नती र निर्माण प्यारफिट सहित |
| ८ | संघ | सबै स्वास्थ्य संस्थाहरुलाई आधुनिक संरचनादक्ष जनशक्ति व्यवस्थापन सहित गुणस्तरीय सेवा प्रदान , |
| ९ | संघ | साकेला ट्रेल र साँस्कृतिक भिजेल निर्माण |
| १० | संघ/स्थानीय | पाँच वटा माध्यमिक विद्यालयहरुलाई नमूना विद्यालय निर्माण |
| ११ | स्थानीय | गाउँपालिकालाई डिजिटल गाउँपालिका निर्माण |
| १२ | स्थानीय | भाषासंस्कृतिको संरक्षण गरी नमूना ,कला , गाउँपालिका निर्माण |
| १३ | स्थानीय | तेलहनवालीको उत्पादनलाई वृद्धि गरी अन्य कृषि वाली ,माछा)मौरी( हरुको उत्पादनमा जोड |
| १४ | स्थानीय | एक घरएक रोजगार कार्यक्रमलाई पूर्णता दिई नमूना गाउँपालिका निर्माण। ,एक व्यवसाय - |
| १५ | स्थानीय | सबै मैत्री ,पोषण ,महिला ,अपाङ्ग ,बालबालिका)) गाउँपालिका निर्माण गरी नमूना गाउँपालिका निर्माण। |

## शब्द संक्षेप

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| कि .मि. | किलोमिटर |
| कि.वा. | किलोवाट |
| क्र.सं . | क्रम संख्या |
| गा.पा. | गाउँपालिका |
| गा .स.वि. | गाउँ विकास समिति |
| गै.स.स. | गैर सरकारी संस्था |
| बि .सं . | बिक्रम संवत |
| मा.वि. | माद्यमिक विद्यालय |
| मि. | मिटर |
| मे टन. | मेट्रिक टन |
| रु. | रुपैया |
| लैससास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| वि.स .ब्य . | विद्यालय ब्यवस्थापन समिति |
| स.क . | सहायक कर्मचारी |
| AIDS | Acquired Immunodeficiency Syndrome |
| ANC | Antenatal Care |
| AWS | Automatic Weather Station |
| CBS | Center Bureau of Statistic |
| DPR | Detailed Project Report |
| EFT | Electronic Fund Transfer |
| EIA | Environmental Impact Assessment |
| FM | Frequency Modulation |
| GIS | Geographic Information System |
| HIV | Human Immunodeficiency Virus |
| IEE | Initial Environmental Examination |
| IT | Information Technology |
| MTEF | Medium Term Expenditure Framework |
| O&M | Organization & Management |
| PMAMP | Prime Minister Agriculture Modernization Program |
| PNC | Prenatal Care |
| SIP | Small Irrigation Program |
| STI | Sexually transmitted infections |

# विषय सूची


परिच्छेद १ परिचय ..... १
१.१ पृष्ठभूमिः ..... १
१.२ योजना तर्जूमाको उद्देश्य ..... १
१.३ कानूनी तथा नीतिगत व्यवस्था ..... २
१.४ आवधिक विकास योजना तर्जूमा तथा प्रक्रिया ..... ३
**१.४.९ सीमा** ..... ४
परिच्छेद २: साकेला गाँउपालिकाको संक्षिप्त परिचय ..... ५
२.१ परिचय ..... ५
२.२ भौगोलिक अवस्थिति ..... ५
२.३ भू उपयोग अवस्था तथा हावापानी ..... ५
२.४ राजनैतिक अवस्तथिति ..... ६
२.५ प्राकतिक सम्पदा तथा पर्यटन ..... ७
२.६ जनसंख्या तथा विकासका अवयव ..... ७
**परिच्छेद ३: योजनाको अवधारणा र प्रारूप** ..... ८
**३.१ गाउँ विकासको दीर्घकालिन सोचः** ..... ८
**३.२ लक्ष्य तथा उद्देश्य** ..... ९
**३.३ समष्टिगत प्राथमिकता तथा रणनीतिहरू** ..... १०
**३.३ समष्टिगत प्राथमिकता तथा रणनीतिहरु** ..... १०
३.४ नतिजा तालिका ..... १०
परिच्छेद ४: आर्थिक विकास योजना ..... १३
४ १.कृषि, खाद्य सुरक्षा तथा पशुपन्छी ..... १३
४.१.१ पृष्ठभूमि ..... १३
४.१.२ सम्भावना तथा अवसर ..... १३
**४.१.३ समस्या तथा चुनौती** ..... १३
**४.१.४ उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य** ..... १४
**४.१.५ रणनीति** ..... १४
**४.१.६ कार्यक्रम तथा आयोजना** ..... १४
४सिंचा २.इ ..... २०
४.३ सँस्कृति तथा पर्यटन विकास ..... २१
४.३.१ पृष्ठभूमि ..... २१
४.३.२ सम्भावना तथा अवसर ..... २१
**४.३.२ समस्या तथा चुनौती** ..... २२
**४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य,** ..... २२
**४.३.५ रणनीति** ..... २२
**४.३.६ कार्यक्रम तथा आयोजनाहरु** ..... २२
४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति ..... २४
**४.४.१ पृष्ठभूमि** ..... २४
**४.४.२ सम्भावना तथा अवसर** ..... २४
**४.४.२ समस्या तथा चुनौती** ..... २४

**४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य,** ........ २४
**४.४.५ रणनीति** ........ २४
**४.४.६ कार्यक्रम तथा आयोजना** ........ २४
४.५ सहकारी तथा वित्तीय सेवा ........ २५
**४.५.१ पृष्ठभूमि** ........ २५
**४.५.२ सम्भावना तथा अवसर** ........ २५
**४.५.२ समस्या तथा चुनौती** ........ २५
**४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य,** ........ २५
**४.५.५ रणनीति** ........ २६
**४.५.६ कार्यक्रम तथा आयोजना** ........ २६
**परिच्छेद ५: सामाजिक विकास योजना** ........ २८
परिचयः ........ २८
५.१ स्वास्थ्य तथा पोषण ........ 28
**५पृष्ठभूमि १.१.** ........ २८
**५.१.२ सम्भावना तथा अवसर** ........ २८
**५.१.३ समस्या तथा चुनौती** ........ २९
**५.१.४ उपक्षेत्रगत लक्ष्य र उद्देश्य** ........ २९
**५.१.५ रणनीति** ........ २९
**५.१.६ कार्यक्रम तथा योजना** ........ २९
५.२.१ पृष्ठभुमि ........ 33
५. २.२ सम्भावना तथा अवसर ........ 33
५.२.३ समस्या तथा चुनौती ........ ३३
५.२.४ उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य ........ ३३
५.२.५ रणनीतिहरु ........ ३३
५.२.४.३ कार्यक्रमहरु ........ ३४
५.३ खानेपानी, स्वच्छता तथा सरसफाई ........ ३६
**५.३.१ पृष्ठभुमि** ........ ३६
**५.३.२ सम्भावना तथा अवसर** ........ ३६
**५.३.३ समस्या तथा चुनौती** ........ ३६
**५.३.४ उपक्षेत्रगत लक्ष्य र उद्देश्य** ........ ३७
**५.३.५ रणनीतिहरु** ........ ३७
**५.३.६ कार्यक्रमहरु** ........ ३७
५.४ युवा तथा खेलकुद विकास ........ ४१
**५.४.१ पृष्ठभुमि** ........ ४१
**५.४.२ सम्भावना तथा अवसर** ........ ४१
**५.४.३ समस्या तथा चुनौती** ........ ४१
**५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना** ........ ४१
**५.४.५ रणनीतिहरु** ........ ४२
**५.४.६ कार्यक्रम** ........ ४२
५५. भाषा तथा सँस्कृति ........ ४३
**५.५.१ पृष्ठभुमि** ........ ४३
**५.५.२ सम्भावना तथा अवसर** ........ ४३

**५.५.३ समस्या तथा चुनौती ........ ४३**
**५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य ........ ४३**
**५.५.५ रणनिति ........ ४३**
**५.५.६ कार्यक्रम ........ ४४**
५.६ महिला, वालवालिका तथा सामाजिक समावेशिकरण ........ ४६
**५.६.१ पृष्ठभुमि ........ ४६**
**५.६.२ सम्भावना र अवसर ........ ४७**
**५.६.३ समस्या र चुनौती ........ ४७**
**५.६.४. लक्ष्य तथा उद्देश्य ........ ४७**
**५.६.५ रणनीति ........ ४७**
**५.६.६ प्रमुख कार्यक्रमहरु ........ ४७**
**परिच्छेद ६: पूर्वाधार विकास ........ ५१**
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ५१
**६.१.१ पृष्ठभूमि ........ ५१**
**६.१.२ सम्भावना तथा अवसर ........ ५१**
**६.१.२ समस्या तथा चुनौती ........ ५१**
**६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य ........ ५१**
**६.१.५ रणनीतिहरु ........ ५१**
**६.१.६ कार्यक्रमहरु: ........ ५२**
६ २.सडक, पुल तथा यातायात ........ ५४
**६.२.१ पृष्ठभुमि ........ ५४**
**६.२.३ सम्भावना तथा अवसर ........ ५४**
**६.२.२ समस्या तथा चुनौती ........ ५४**
**६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य,** यातायात सहज र सुविधा युक्त बनाउने ........ **५५**
**६.२.५ रणनीति ........ ५५**
**६.२.६ कार्यक्रम तथा आयोजना ........ ५५**
६.३ जलश्रोत, विध्धुत तथा वैकल्पिक उर्जा ........ ६३
**६.३.१ पृष्ठभुमि ........ ६३**
**६.३.२ सम्भावना तथा अवसर ........ ६३**
**६.३.३ समस्या तथा चुनौती ........ ६३**
**६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य ........ ६३**
**६.३.५ रणनीति ........ ६३**
**६.३.६ कार्यक्रम तथा आयोजना ........ ६३**
६.४.१ पृष्ठभुमि ........ ६६
६.४.२ सम्भावना तथा अवसर ........ ६६
६.४.३ समस्या तथा चुनौती ........ ६६
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य ........ ६६
६.४.५ रणनीति ........ ६६
६.४.६ कार्यक्रम तथा आयोजना ........ ६६
**परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवास्थापन ........ ६८**

परिचयः ........ ६८

७.१ वन विकास तथा वातावरण संरक्षण ........ ६८

**७.१.१ पृष्ठभुमि ........ ६८**
**७.१.२ सम्भावना तथा अवसर ........ ६८**
**७.१.३ समस्या तथा चुनौती ........ ६९**
**७.१.४ लक्ष्य तथा उद्देश्य ........ ६९**
**७.१.५ रणनिति ........ ६९**
**७.१.६ प्रमुख कार्यक्रमहरू ........ ६९**

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ ७४

**७पृष्ठभुमि १.२. ........ ७४**
**७.२.३ समस्या तथा चुनौती ........ ७४**
**७.२.४ लक्ष्य तथा उद्देश्य ........ ७५**
**७.२.५ रणनिति ........ ७५**
**७.२.६ प्रमुख कार्यक्रमहरु ........ ७५**

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ७७

**७.३.१ पृष्ठभुमि ........ ७७**
**७.३.२ सम्भावना तथा अवसर ........ ७७**
**७.३.३ समस्या तथा चुनौती ........ ७८**
**७.३.४ लक्ष्य तथा उद्देश्य ........ ७८**
**७.३.५ रणनिति ........ ७८**

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ ७९

**७.४.१ पृष्ठभुमि ........ ७९**
**७.४.२ सम्भावना तथा अवसर ........ ८०**
**७.४.३ समस्या तथा चुनौती ........ ८०**
**७.४.४ लक्ष्य तथा उद्देश्य ........ ८०**
**७.४.५ रणनिति ........ ८०**
**७.४.६ प्रमुख कार्यक्रमहरु ........ ८०**

**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन ........ ८३**

८.१ स्थानीय नीति, कानून र सुशासन ........ ८३

**८.१.१ पृष्ठभूमि ........ ८३**
**८.१.२ सम्भावना तथा अवसर ........ ८३**
**८.१.३ समस्या तथा चुनौती ........ ८३**
**८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य ........ ८३**
**८.१.५ रणनीतिहरू ........ ८३**
**८.१.६ कार्यक्रम तथा आयोजनाहरू: ........ ८४**

८.२ संगठन तथा क्षमता विकास ........ ८७

**८.२.१ पृष्ठभूमि ........ ८७**
**८. २.२ सम्भावना तथा अवसर ........ ८७**
**८.२.३ समस्या तथा चुनौती ........ ८७**
**८.२.४ उपक्षेत्रगत लक्ष्य र उद्देश्य ........ ८७**
**८.२.५ रणनीतिहरु ........ ८७**

८.२.६ कार्यक्रम तथा आयोजनाहरू....८७
८.३ राजस्व तथा स्रोत परिचालन .... ९१
८.३.१ पृष्ठभूमि ....९१
८.३.२ सम्भावना तथा अवसर....९१
८.३.३ समस्या तथा चुनौती ....९१
८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य....९१
८.३.५ रणनीतिहरुः ....९१
८.४ विकास व्यवस्थापन (योजना तर्जुमा तथा अनुगमन) .... ९२
८.४.१ पृष्ठभूमि ....९२
८.४.२ सम्भावना तथा अवसर....९३
८.४.३ समस्या तथा चुनौती ....९३
८.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य....९३
८.४.५ रणनीतिहरू....९३
८.४.६ कार्यक्रम तथा आयोजनाहरू....९३
परिच्छेद ९: बित्तीय श्रोत विश्लेषण तथा व्यवस्थापन....९७
९.१ बिगतमा प्राप्त स्रोतको अवस्था ....९७
९.२ स्रोत अनुमान तथा प्रक्षेपण....९७

## परिच्छेद १ परिचय

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकेको कार्यक्षेत्र र यसले दिएको काम, कर्तव्य र अधिकारलाई योजनाबद्ध बनाई कार्यान्वयन गर्न साकेला गाउँपालिकाले आफ्नो आवधिक विकास योजना (२०८०/०८१ – २०८४/८५) तयार गरेको छ। उक्त योजनाको यस परिच्छेदमा योजना तर्जूमाको पृष्ठभूमि, औचित्य, यसको उद्देश्य, योजना तर्जूमा चरणहरु आदि प्रस्तुत गरिएको छ।

### १.१ पृष्ठभूमिः

बि. सं. २०७२ सालमा नेपालको संविधान जारी भएसंगै नेपालमा संघात्मक शासन प्रणालीको सुरुवात भएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएसंगै नेपालमा तीन तहका सरकारहरु संविधानले तोकेको कार्यक्षेत्र अनुसार सञ्चालनमा आएका छन्। नेपाल ३९१५ गाउँ विकास समिति (गा.वि.स.) बाट ७५३ स्थानीय तहमा पुनरसंरचना भएको छ। बि. सं. २०७४ मा अन्य स्थानीय तहमा झै साकेला गाउँपालिकाकमा पनि पहिलो पटक र २०७९ मा दोश्रो पटक स्थानीय सरकारको निर्वाचन भएकोछ। नयाँ संरचना अन्तर्गतको पहिलो स्थानीय सरकारका सामु विभिन्न संविधान प्रदत्त कानून बनाउने साथै योजनाबद्ध विकासको सुरुवात गर्नु पर्ने दयित्व आएको छ।

गाउँपालिकाहरुले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने कुरा ऐनले व्यवस्था गरेको छ। यस प्रकारका योजना तर्जूमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरि गर्नुपर्ने कुरा समेत उल्लेख छ। यसैगरी योजना तर्जूमा गर्दा सुशासन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, बालमैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धी त विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत स्पष्ट गरिएकोछ। यसका अतिरिक्त योजना तर्जूमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्टरुपमा उल्लेख गरेकोछ।

नयाँ शासन प्रणालीमा नयाँ नेतृत्वसँग जनताले गर्ने अपेक्षा, कानूनमा भएको प्रावधान र विकास निर्माणलाई नतिजामुखी बनाउनु पर्ने दायित्वलाई पुरा गर्न साकेला गाउँपालिकाको प्रथम आवधिक योजना (२०८०/०८१ – २०८४/८५) तर्जूमा भएको हो। यस योजनाले गापाको दीर्घकालिन सोंच निर्धारण गरी, आगामी ५ वर्षमा गापालाई कस्तो अवस्थामा पुर्‍याउने भनेर लक्ष्य किटान र सो प्राप्तिका लागि श्रोत परिचालनको योजना समेत तर्जूमा गरेकोछ। गापाको नतिजामुखी तथा समग्र विकासमा यो योजनाले वार्षिक बजेट तथा कार्यक्रमलाई मार्गदर्शन गर्दै जाने विश्वास लिईएको छ।

### १.२ योजना तर्जूमाको उद्देश्य

गाउँपालिकाको नेतृत्वमा योजनाबद्ध तथा नतिजामुखी विकास प्रकृयामा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई गाउँपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस आवधिक गाउँ विकास योजनाको मुख्य उद्देश्य हो। यस योजनाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहायअनुसार छन्ः

- गाउँको विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्नु।
- गाउँपालिका क्षेत्रको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्नु।
- विगतमा परिचालन हुदै आएको स्रोतको स्थितिको विश्लेषण गरी आगामी दिनमा जनआकांक्ष र आवश्यकता अनुसार गाउँको विकास निर्माण कार्यलाई श्रोतसंग सन्तुलन गर्ने तथा विकास निर्माणको लागि आवश्यक थप श्रोत परिचानलमा सहयोग पुर्‍याउनु।
- गाउँबासी तथा सरोकारवालाको चाहानाअनुसार सहभागितामुलक तथा सर्वपक्षीय अपनत्वको आधारमा गाउँको विकासलाई सुत्रपात गर्नु।
- विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरू तय गर्नु।
- विकास प्रयासहरूको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने।

## १.३ कानूनी तथा नीतिगत व्यवस्था

स्थानीय तहको आवधिक विकास योजना तर्जूमाका कानूनी तथा नीतिगत आधारका रुपमा नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, र राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन २०७८ मुख्य रुपमा रहेका छन् । यस्का साथै नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु स्थानीय योजना तर्जूमाको कानूनी आधारको रुपमा रहेकाछन् । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्यविस्तृतीकरण प्रतिवेदनमा स्थानीयस्तरका आवधिक विकास योजना र वार्षिक योजना तथा बजेट स्वीकृतीसम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ६ दफा २४ उपदफा १ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने कुरालाई स्पष्ट पारेको छ । ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाकाले योजना  तर्जूमा तथा कार्यान्वयन गर्दा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

**स्थानीय योजना तर्जुमाका कानूनी प्रावधानहरू**

**नेपालको संविधान**

- राज्यको निर्देशक सिद्दान्त, नीति र उत्तरदायित्व (संबिधानको परिच्छेद ४)
- बित्तीय अधिकारको प्रयोग (धारा ५९), स्थानीय बित्त प्रणाली (परिच्छेद १९)
- स्थानीय तहको एकल अधिकार (अनुसूची ८), संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार (अनुसूची ९)

**स्थानीय सरकार सञ्चालन ऐन २०७४**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागू गर्नुपर्ने (दफा २४ को उपदफा १)

**अन्तरसरकार बित्त व्यवस्थापन ऐन २०७४**

- मध्यमकालिन खर्च संरचनाको आधारमा बित्त व्यवस्थापन गर्नु पर्ने ।

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

- श्रोत व्यवस्थापन – संघ र प्रदेशबाट समानीकरण, सशर्त, समपुरक अनुदान प्राप्त गर्न र श्रोत प्रक्षेपन गर्न

**सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७**

- राष्ट्रियस्तर वा महत्वका आयोजना, एक भन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजना र जटिल प्राविधिक क्षमता र ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा सङ्घले गर्ने, (परिच्छेद ३, दफा १३), अन्तर स्थानीय तह बिचको आयोजना व्यवस्थापन (दफा ८) ।

**बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४**

- स्थानीय बिपद् व्यवस्थापन समितिको काम कर्तव्यहरू (दफा १७) स्थानीयस्तरको योजना मार्फत कार्यन्वयन गर्नु पर्ने
- जोखिम संबेदनशिल बिकास र भू उपयोग योजना बनाई कार्यन्वयन गर्नु पर्ने वा सथानीय तहमा कार्यन्वयन गराउने (दफा ८, ञ)
- बिपद व्यवस्थापनको लागि स्थानीय तहमा बजेटको सुनिश्चत गर्ने (दफा १७, २, ग)

**स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८**

- नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धी त विषयहरूलाई ध्यान दिनु पर्ने
- योजनामा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जूमा तथा कार्यान्वयन गर्दा स्थानीय वृद्धिजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जूमा गर्दा आयोजनाहरूको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिकाहरुले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना सञ्चालन तथा व्यवस्थापन गर्ने,
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने,
- स्थानीयस्तरका विकास आयोजनाहरूको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने,
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो वार्षिक कार्यक्रम तथा बजेट स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने ।

स्थानीय तहको योजना तजुर्मा दिग्दर्सन, २०७८ स्थानीय तहको योजना तर्जुमा प्रकृयालाई सहज र प्रकृयाबद्ध गर्नको लागि जारी गरिएको हो। यसका साथै यसले आवधिक विकास योजना तर्जूमा सम्बन्धी ढाँचा, चरण र प्रकृया सम्बन्धमा स्पष्ट पारेको छ। यसका अतिरिक्त साकेला गाउँपालिकाको आवधिक विकास योजना तर्जूमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरूलाई समेत आधारका रुपमा लिइएको छः

- दीगो विकासका लक्ष्यहरू
- पन्ध्रौ राष्ट्रिय योजना २०७६—८१
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरू
- कोशी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ — २०८०/८१)

### १.४ आवधिक विकास योजना तर्जूमा तथा प्रक्रिया

यस गाउँपालिकाको आवधिक विकास योजना राष्ट्रिय योजना आयोगबाट जारी गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सबै स्थानीय तहलाई पत्रचार भएको ***स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८*** बमोजिम देहायको विधि तथा प्रक्रिया अनुसार तर्जूमा गरिएको हो।

#### १.४.१ आवधिक विकास योजना तर्जूमा कार्यविधि तयारी तथा स्वीकृती

आवधिक विकास योजना तर्जूमाको पहिलो चरणमा *स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८* बमोजिम आवधिक विकास योजना तर्जूमा कार्यविधिलाई साकेला गाउँ कार्यपालिकाबाट स्वीकृत गरी सोही कार्यविधि बमोजिम आवधिक विकास योजना तर्जूमा गर्ने निर्णय गरिएको थियो।

#### १.४.२ योजना तयारी कार्याशाला गोष्ठी

आवधिक विकास योजना तर्जूमा प्रकृयाको दोश्रो चरणमा साकेला गाउँकार्यपालिकाको आयोजना र बिज्ञ टोलीको सहजीकरणमा २०७९ साल फागुन २ गते आवधिक विकास योजना तर्जूमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरी आवधिक योजनाको आवश्यकता, महत्व, दीगो र दीर्घकालिन विकासमा यसको योगदान, आवधिक योजना तर्जुमा प्रकृया आदिबारे अभिमुखीकरण गरियो। साथै आवधिक योजना तर्जुमा गर्दाका बखत क्रियाशिल रहने संयन्त्रहरुको गठन गरी आवधिक योजना तर्जुमाको कार्ययोजना तयार गरिएको थियो।

#### १.४.३ आधाररेखा सूचना संकलन तथा वस्तुस्थिति विश्लेषण

आवधिक विकास योजना तर्जूमाको महत्वपूर्ण आधारका रुपमा रहेको गाउँपालिकाको वस्तुगत विवरणको अथवा आधारभूत सूचना निर्देशिकामा उपलव्ध फारामहरुको प्रयोग गरी संकलन गर्ने काम भयो। उक्त संकलित तथ्यांकलाई विश्लेषण गरी आवश्यक विभिन्न सूचकहरुका आधारहरु तयार गरिएको छ। यसरी सूचकहरुको छनौट गर्दा, दीगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गर्ने उपायहरुको प्रयोग गरियो।

#### १.४.४ वडास्तरीय वस्तुस्थिति विश्लेषण गोष्ठी

| मिति | वडा नं |
|---|---|
| २०७९ फागुन ३ गते | ५ |
| २०७९ फागुन ५ गते | २ र ३ |
| २०७९ फागुन ६ गते | १,४ |

योजना तयारी कार्यशाला गोष्ठीले तयार गरेको कार्य तालिका अनुसार २०७९ फागुन ३ गते देखि वडास्तरीय छलफलहरु सम्मन्न भए। वडा समितिको आयोजना र नेतृत्वमा सञ्चालन भएका वडास्तरीय भेलाहरुमा वडास्तरीय राजनितिक दलाका प्रतिनिधि, शिक्षक, टोल प्रतिनिधि, बालक्लव, आमा समुह, दलित तथा अपांगता भएकाहरुको प्रतिनिधिहरुको सहभागिता रहेको थियो भने, गाउँपालिका अध्यक्ष र उपाध्क्षले प्रत्यक्ष निरिक्षण गर्नु भएको थियो। यस भेलामा वडाभित्रको **सम्भावना, समस्या र आवश्यकताहरु**कोबारेमा छलफल तथा विश्लेषण गरी गाउँपालिकालाई सुझावहरु दिने र संकलन गर्ने कामहरु भएको थियो।

### १.४.५ आवधिक विकास योजना तर्जूमा कार्यशाला गोष्ठी

साकेला गाउँपालिकाको आयोजना र विषयविज्ञहरुसँगको परामर्श तथा सहजीकरणमा आवधिक विकास योजना तर्जूमा अन्तर्गत विषयक्षेत्रगत कार्यशाला गोष्ठी २०७९ चैत्र ७ – ९ गते सपन्न भयो । गाउँपालिकाको नेतृत्व तथा विषयगत समितिहरुको संयोजक (अनुसूची १), गाउँ विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरु (अनुसूची २)को सहजीकरणमा सम्पन्न योजना तर्जूमा गोष्ठीमा गाउँ विकासको वस्तुस्थिति विश्लेषणका साथै दीर्घकालिन सोंच, लक्ष्य, उद्देश्य निर्धारण गरियो ।

योजना तर्जुमा गोष्ठी पछि विषय क्षेत्रगत छलफलहरु सम्पन्न भएका छन् । कार्यपालिकाका सदस्यहरुको संयोजकत्वमा गठित आर्थिक विकास समिति, सामाजिक विकास समिति, भौतिक पूर्वाधार विकास समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति, र संस्थागत तथा सुशासन समिति गरी पाँचवटा विषयगत क्षेत्रहरुमा छलपफल गरेर विषयगत क्षेत्र अनुसारका उद्देश्य, प्राथमिकता तथा प्रमुख कार्यक्रमहरुको सूची तयार गरियो । योजनालाई वार्षिक योजना (वार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन, नजितामूलक अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरिएको थियो ।

### १.४.६ काठमाण्डौ उपत्यकामा बस्ने साकेलाबासी बिच छलफल

३ दिन सम्म सञ्चालन भएको योजना तर्जुमा गोष्ठीबाट तयार भएको आवधिक योजनाको प्ररम्भिक दस्ताबेजलाई लिएर साकेला गाउँपालिकाबाट काठमाण्डौ आई बसोबास गर्नुहुने विशिष्ट महानुभावहरुबाट विभिन्न कोणबाट सुझाव संकलन गर्ने उद्देश्यले २०८० जेठ ६ गते काठमाण्डौमा १ दिने कार्यशाला गोष्ठी आयोजना भयो । गाउँपालिकाको आयोजनामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत समेतको सकृयतामा आयोजित कार्यक्रममा महालेखा नियन्त्रक प्रमुख अतिथिको रुपमा सहभागी हुनुहुन्थ्यो भने सांसद, कोशी प्रदेशका मुख्य न्यायधिबक्ता र पूर्व सचिव बिशिष्ट अतिथिको रुपमा सहभागी हुनु भयो । यसका अतिरिक्त गोष्ठीमा राजनितिक, प्रशासनिक लगायत व्यापारिक क्षेत्रका विभिन्न महानुभावहरुले साकेलाको समृद्धिको लागि दीर्घकालिन रुपमा लिनु पर्ने नीति तथा कार्यक्रमकाबारेमा सुझावहरु दिने र समाबेश गर्ने काम भयो ।

### १.४.७ प्रथम मस्यौदा प्रस्तुति तथा प्रमाणीकरण कार्यशाला

कार्यपालिकाको आयोजनामा साकेलाको मानेभञ्ज्याङमा २०८० जेठ ३० गते का दिन कार्यपालिका सदस्य, शाखा प्रमुख तथा विभिन्न क्षेत्रका स्थानीयहरुको सहभागीतामा मस्यौदा प्रस्तुति तथा प्रमाणीकरण गोष्ठीको आयोजना भयो । यस गोष्ठीमा अघिल्लो पटक आयोजना भएका योजना तर्जुमा कार्यशाला गोष्ठीहरु र काठमाण्डौमा आयोजना भएको कार्यशालाबाट प्राप्त सुझावहरुलाई समेटी तयार भएको आवधिक योजनाको प्रथम मस्यौदा प्रस्तुत गर्ने र त्यस उपर राय, सल्लाह र पृष्ठपोषण संकलन गरी यसलाई अनुमोदन गर्ने काम भयो ।

### १.४.८ योजनाको अन्तिम दस्तावेज तयारी

आवधिक विकास योजना तयारी कार्यशाला गोष्ठीहरु, विषयक्षेत्रगत कार्यशाला गोष्ठीबाटहरु, काठमाणडौमा बसोबास गर्ने साकेलावासीहरु बिचको भेला र मस्यौदा प्रस्तुति तथा प्रमाणीकरण गोष्ठीका बेला उठेका जिज्ञासा, सवाल र पृष्ठपोषणहरुलाई समेत समाबेश गरी प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरी दस्तावेज तयार गरियो । योजना दस्तावेजलाई मुख्य ९ परिच्छेदमा विभाजन गरिएको छ । जसअनुसार परिचय, वस्तुस्थिति विश्लेषण, योजना अवधारणा तथा प्रारुप, विषयक्षेत्रगत योजनाहरु, र कार्यान्वयन योजना रहेका छन् । सन्दर्भ सामग्रीको रुपमा विगतका योजना, एकीकृत तथा विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ । साथै योजनामा योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई आवधिक विकास योजना दस्तावेज लेखन गरिएको छ ।

### १.४.९ सीमा

आवधिक विकास योजना तर्जुमाको लागि गाउँपालिकाले संकलन गरेको घरधुरी तथा संस्थागत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क एवं सहभागितामूलक कार्यशाला तथा छलफलबाट उपलब्ध तथ्यहरुलाई आधार बनाई विश्लेषण गरिएको छ । भरखर मात्र प्रकाशन भएको केन्द्रीय तथ्याङ्क कार्यालयको प्रतिबेदनलाई समेत आधारभूत तथ्याङ्क रुपमा प्रयोग गरिएको छ ।

## परिच्छेद २: साकेला गाँउपालिकाको संक्षिप्त परिचय

### २.१ परिचय

कोशी प्रदेश अन्तर्गत खोटाङ जिल्लाको ८ वटा स्थानीय तहहरु मध्ये साकेला गाउँपालिका एक हो । जिल्लाका साविक ४ वटा गा.वि.स. हरु (खिदिमा, मात्तिम विर्ता, च्यानडाडा र रतन्छागाउँ) लाई समेटेर गाउँपालिकाको गठन भएको हो । ५ वटा वडामा अवस्थित साकेला गाउँपालिकाको सदरमुकाम मानेभञ्ज्याङ बजारमा रहेको छ ।


ऐतिहासिक महत्व सहितको किरातराई सँस्कृति ***साकेला*** नाँचको महिमा र साँस्कृतिक पहिचानलाई कायम गर्दै यस गाउँपालिकाको नाम साकेला गाउँपालिका राखिएको हो । प्राचिन नेपालको पूर्वी पहाडको वल्लो किराँत, माझ किराँत र पल्लो किराँत एवं हालको कोशी प्रदेशका सुनुवार र राई जातिका विभिन्न चाड पर्व मध्ये साकेला नाँच अत्यन्त प्रचलित सांस्कृतिक पहिचान बोकेको पर्व हो । यो नाँच राई जातिको अति प्रशिद्द तथा एकमात्र नाँच हो । यो समुहमा बाल, युवा, वृद्ध सबै सयौं ब्यक्तीहरु एकै साथ ताल मिलाएर नाच्दछन् र एक अर्कामा आदर, प्रेम, सद्भाव र आशिर्वाद साटासाट गर्दै असल समयकालागि प्रार्थना गर्दछन् ।

### २.२ भौगोलिक अवस्थिति

साकेला गाउँपालिका कोशी प्रदेश अन्तर्गत खोटाङ जिल्लामा पर्दछ । खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलबाट करिव १५ किलोमिटर पूर्व तर्फ करिव ६२० - २९९० मिटर उचाइमा ७९.९९ वर्ग किलोमिटरमा अवस्थित छ । यो गाउँपालिका २७ डिग्री ६ मिनेट ३५ सेकेन्ड उत्तरदेखि २७ डिग्री १४ मिनेट ५९ सेकेन्ड उत्तरी अक्षांस सम्म र ८६ डिग्री ४८ मिनेट ११ सेकेन्ड पूर्वदेखि ८६ डिग्री ५५ मिनेट ५५ सेकेन्ड पूर्वी देशान्तर सम्म फैलिएको छ ।

### २.३ भू उपयोग अवस्था तथा हावापानी

गाउँपालिकाको जम्मा ७९.९९ बर्ग कि.मि. मध्ये सवै भन्दा बढि ३९.७१ बर्ग कि. मि. (४९.६ प्रतिशत) खेती गरिएको क्षेत्र रहेको छ भने वन क्षेत्रले ३४.२६ वर्ग कि.मि. (४२.८३%) रहेको छ । त्यसरी नै झाडिबुट्यान ४.६७ प्रतिशत र चरण क्षेत्र १.९९ प्रतिशत रहेको देखिन्छ । वन, झाडिबुट्यान र चरण क्षेत्रलाई एक ठाउँमा हेर्ने हो भने ४९.५ प्रतिशत देखिन्छ । तुलनात्मक रुपमा यस गाउँपालिकामा कृषिभूमी बढि देखिएकाले यहाँ नयाँ प्रविधि र थौरै क्षेत्रमा धेरै उत्पादन गर्न सकिने उपायहरु अपनाउनु पर्ने आवश्यक्ता देखिन्छ । यसरी नै नदी, खोलाले बगरको रुपमा ०.८६ प्रतिशत भूमि रहेको छ




समथर क्षेत्र कम भएतापनि बसोबास तथा कृषिको लागि उपयुक्त धरातल रहेको छ । पहाडि क्षेत्रमा रहेको यस गाउँपालिकाको भौगोलिक बनौट विविधतायुक्त छ । यहा पाखा, पखेरा, जंगल, नदि, खोल्सा, खोल्सी, खोंच र बेशीं आदि विविध धरातलीय स्वरूप पाइन्छ । यस गाउँपालिकामा शीतोष्ण हावापानीको प्रधानता छ ।

साकेला गाउँपालिकाको बाँझेच्यानडाँडा क्षेत्रको मध्यपहाडी लोकमार्ग, साप्सु पानधारे सडक र अन्य सडकहरूको निर्माणले यस गाउँपालिकालाई यातायातका दृष्टिले क्रमशः सुगम बनाउँदै लगेको छ।

यहाँ घरायसी उपभोगको लागि उचाई अनुसार प्राय सबैखाले उत्पादन गर्ने गरिएकोछ। अन्नवाली अन्तर्गत मकै, कोदो, धान उल्लेख्य उत्पादन गरीन्छ। तरकारी बालीमा सबै भन्दा धैरै आलु, टमाटर, ईस्कुस आदि उब्जनी हुने गरेको छ। स्थानीय वासिन्दाका अनुसार वडा नं २को गैरी, पिनलखा, वुतेपा क्षेत्रमा नासपाति र सुन्तलाको पनि अभ्यास हुने गरेको बताएका छन्। साथै यो वडामा माछापालन पेशा तिब्र रुपमा बृद्दि भैरहेको छ।


सबै वडा गरेर १८ वटा भन्दा ज्यादा वन समितिहरु रहेकाछन्। वनमा साल (साप्सु खोला आसपास), कटुस, गुराश, लोक्ता, अल्लो, मालिंगो, प्रजातीका वोट विरुवाहरु उपलब्ध रहेका छन्। टेम्के आसपासको वन क्षेत्रमा पदमचाल, पाखनवेद, बुढि ओखती, हार्डचुर, चिराईतो, हाडजोडा, भुसभुसे, मछिनो आदि वहुमुल्य जडिबुटिहरु उपलब्ध छन्।

## २.४ राजनैतिक अवस्तथिति

जिल्लाका साविक ४ वटा गा.वि.स. हरु (खिदिमा, मात्तिम विर्ता, च्यानडाडा र रतन्छा माझगाउँ ) लाई समेटेर वि.सं. २०७१ बैशाख २५ गते साकेला गाउँपालिका स्थानीय तहको रुपमा घोषणा भएको हो भने वि.सं. २०७३ फाल्गुण २७ गते गाउँपालिकाको गठन भएको हो।

यस गाउँपालिकामा जम्मा ५ ओटा वडाहरु -वाजे च्यानडाँडा १, रतन्छा २, खिदिमा ३, मात्तिम ४ र मात्तिम ५_ रहेको छ भने गाउँ कार्यपालिकाको कार्यलय वडा नम्वर ४को मानेभन्ज्याङमा रहेको छ। यस गाउँपालिकाको पूर्व तर्फ भोजपुर जिल्लाको टेम्के-मैयुङ गाउँपालिका, पश्चिम र उत्तर तर्फ खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका र दक्षिण तर्फ दिप्रुङ चुइचुम्मा गाउँपालिका पर्दछ।

नक्शा २: साकेला गाउँपालिकाको राजनैतिक नक्शा




श्रोतः स्थानीयतह पुनरसंरचना आयोगको प्रतिवेदन २०७४।

## २.५ प्राकतिक सम्पदा तथा पर्यटन

यस गाउँपालिकालाई पर्यटकिय क्षेत्रको दृष्टिकोणले हेर्ने हो भने गाँउपालिकाबाट पुर्व दिशातर्फ पर्ने वडा नम्वर १ र ३ मा अवस्थित टेम्के डाँडा र वडा नम्वर ३ मा अवस्थित सेल्मे डाँडाले अत्यन्तै सम्भावना वोकेको पाइन्छ। त्यतिमात्र होइन गाँउपालिकाबाट उत्तर तर्फ पर्ने वडा नम्वर १ मा अवस्थित चखेवा भन्ज्याङ र पूर्व तर्फ पर्ने वडा नम्वर ३ मा अवस्थित तावा भन्ज्याङ पनि सुन्दरताले भरिपूर्ण रहेको छ।

## २.६ जनसंख्या तथा विकासका अवयव

२०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको जम्मा जनसङ्ख्या ११,५९४ रहेको थियो। हालसालै सम्पन्न जनगणना २०७८ अनुसार यहाँको जनसंख्या ९,६२३ मा झरेको छ। साकेला गाउँपालिकाले २०८० मा डिजिटल प्रोफाईल तयारीको लागि घरधुरी सर्वेक्षण गरेको छ, जस अनुसार गाउँपालिकाको घरधुरी २२३७ रहेको छ। जुन २०७८को जनगणना भन्दा ६२ घर कम रहेको छ। जनसंख्या भने ११,४२७ रहेको छ जुन २०७८को राष्ट्रिय जनगणना भन्दा १,८०४ बढि रहेको छ।

तालिका १: साकेला गाउँपालिकाको तुलनात्मक घरधुरी तथा जनसंख्या

| वडा | डिजिटल प्रोफाईल सर्वेक्षण २०८० | | | | | राष्ट्रिय जनगणना २०७८ | | | | अन्तर | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | पुरुष | महिला | अन्य | जम्मा | घरधुरी | पुरुष | महिला | जम्मा | घरधुरी | पुरुष | महिला | जम्मा |
| १ | ५५६ | १२८८ | ११४४ | ० | २४३२ | ५६७ | १३१६ | १२८३ | २५९९ | -११ | -२८ | -१३९ | -१६७ |
| २ | ४८४ | १४४९ | १३३३ | २ | २७८४ | ५१४ | ९६० | १००८ | १९६८ | -३० | ४८९ | ३२५ | ८१६ |
| ३ | ३६१ | १०४० | ८९५ | ० | १९३५ | ४०३ | ८६४ | ८९८ | १७६२ | -४२ | १७६ | -३ | १७३ |
| ४ | ४७५ | ११५७ | १०६८ | ० | २२२५ | ४४१ | ९५१ | ८९९ | १८५० | ३४ | २०६ | १६९ | ३७५ |
| ५ | ३६१ | ११०१ | ९५० | ० | २०५१ | ३७४ | ७३४ | ७१० | १४४४ | -१३ | ३६७ | २४० | ६०७ |
| जम्मा | २२३७ | ६०३५ | ५३९० | २ | ११४२७ | २२९९ | ४८२५ | ४७९८ | ९६२३ | -६२ | १२१० | ५९२ | १८०४ |

२०७८ जनगणना प्रतिवेदन अनुसार, साकेला गाउँपालिकाको साक्षरता प्रतिशत ७९.३ प्रतिशत रहेकोमा पुरुष साक्षरता ८६.९४ प्रतिशत र महिला साक्षरता प्रतिशत ७१.८ मात्र रहेको छ।

बसाई सरकाईको सन्दर्भमा देशभित्र बसाईसराईमा २६.८ र देश बाहिर श्रमकोलागि बसाई सराई (बैदेशिक रोजगारी) मा २१ प्रतिशत रहेका छन्। अझै पनि ६.३ प्रतिशत जनसंख्या कुवा वा असुरक्षीत स्थानको पानी पिउने गरेको कुरा सोहि तथ्यांकले जनाएको छ। ४९ प्रतिशत घरले स्मार्टफोन चलाउने गरेको र ७८ प्रतिशत घरमा सेप्टिक सहितको शौचालय प्रचलनमा रहेको छ। गाउँपालिकाको औषत परिवार संख्या ४.१९ जना रहेको छ। आफ्नै स्वामित्वको घरमा बसोबास गर्ने जनसंख्या ९५.५ प्रतिशत रहेको उल्लेख गरिएको छ।

यस गाउँपालिकाका वासिन्दाहरु विशेष गरी कृषि पेशामा निर्भर रहेको छ भने केहि मात्रामा सरकारि नोकरि, व्यापार व्यवसाय, वैदेशिक रोजगार, सिकर्मि तथा डकर्मि पेशामा निर्भर रहेको छ।

यस गाउँपालिकामा विशेष गरेर राई जातिहरुको बाहुल्यता रहेता पनि क्षेत्री, बाहुन, तामाङ, गुरुङ, नेवार, कामी, दमै, भुजेल साथै केहि मात्रामा मगर जातिको पनि बसोवास रहेको छ।

## परिच्छेद ३ः योजनाको अवधारणा र प्रारूप

### ३.१ गाउँ विकासको दीर्घकालिन सोचः

नेपाल सरकारले १५ औ राष्ट्रिय योजना (२०७६/७७—२०८०/८१) मार्फत ***"समृद्ध नेपाल सुखी नेपाली"*** र कोशी प्रदेशले आफ्नो प्रथम पञ्चवर्षीय योजना (२०७६/७७—२०८०/८१) मा ***स्वच्छ, सुखी र समुन्नत प्रदेश*** बनाउने दीर्घकालीन सोँच राखेको छ। कोशी प्रदेशले कृषि, पर्यटन, उद्योग, पूर्वाधार विकास, मानवीय विकास र सुशासनलाई तिव्र रूपमा विकास गर्ने लक्ष्य राखेको छ। नेपाल सरकार र प्रदेश सरकार (कोशी प्रदेश)को दीर्घकालिन सोंचसँग तालमेल हुने गरी साकेला गाउँपालिकाको प्रथम आवधिक योजनाले आगामी २० वर्षमा प्राप्त गर्ने अपेक्षा सहित २५-देहाय बमोजिमको दीर्घकालीन सोच (Long Term Vision) तयार गरिएको छ।

***"सुसंस्कृत, संस्थागत तथा समृद्ध साकेला"***

उपरोक्त दीर्घकालिन सोंचलाई प्राप्त गर्न साकेला गाउँपालिकामा व्यवसायिक कृषि, स्थानीय पर्यटनको प्रबर्द्धन, गुणस्तरीय शिक्षा, दीगो स्वास्थ्य सेवा र दीगो भौतिक पूर्वाधारका माध्यमबाट पाँच वर्षको अवधिमा गाउँपालिकाको संस्थागत विकास सहित सुसँस्कृत र समृद्ध साकेला उन्मुख हुने लक्ष्य राखिएको छ।

#### ३.१.१ दीर्घकालिन सोँचको आधारहरु (निर्देशक सिद्धान्त)

साकेला गाउपालिकाको दीर्घकालिन सोंच र लक्ष्यलाई प्राप्त गर्न देहाय अनुसारको आधार स्तम्भ (निर्देशक सिद्धान्त) हरुलाई परिपालना गरिनेछ।

**तालिका ४.१ दीर्घकालिन सोँचको आधारस्तम्भ (निर्देशक सिद्धान्त)**

| सुसंस्कृत | संस्थागत | समृद्ध |
|---|---|---|
| १. गुणस्तरीय तथा जिवनोमुखी शिक्षा | १. कानूनी तथा नितिगत व्यवस्था | १. व्यवसायिक कृषि तथा पशुपालनको सुरुवात |
| २. भरपर्दो र गुणस्तरीय स्वस्थ्य सेवा | २. पूर्वाधारयुक्त संस्थागत संरचना | २. पर्यटन प्रबर्द्धन |
| ३. सामाजिक समाबेशीकरण सहितको सामाजिक न्याय | ३. दक्ष र सृजनसिल जनशक्ति | ३. वनमा आधारित उद्योग |
| ४. सुशासनयुक्त सार्वजनिक सेवा | ४. प्रविधिमा आधारित सार्वजनिक सेवा तथा सुशासन | ४. दीगो तथा भरपर्दो पूर्वाधार सहितको उत्थानशील आर्थिक अन्तरसम्बन्ध |

**सुसँस्कृत साकेला**

१ .**गुणस्तरीय तथा जिवनोमुखी शिक्षाः** गुणस्तरहीन शिक्षा शहरी बसाइसराईको प्रमुख कारण बनिरहेको बेला साकेलाको मा.वि.स्तरीय विद्यालयहरुमा आधुनिक प्रविधियुक्त र नैतिक तथा समावेशी शिक्षालाई प्रवर्द्धन सुसँस्कृत साकेला बनाउन प्रयत्नशिल रहने।

२ .**भरपर्दो र गुणस्तरीय स्वस्थ्य सेवा**ः शारिरिक तथा मानसिक रुपले तन्दरुस्त मात्र सभ्य नागरिक बन्न सक्ने भएकोले साकेला गाउँपालिका भित्रका प्राथमिक स्वास्थ्य केन्द्रहरुमा डाक्टर सहिकतको स्वास्थ्य सेवालाई नियमित गर्ने।

३ .**सामाजिक समाबेशीकरण सहितको सामाजिक न्याय**: ज्ञान, सीप र दक्षता विकास गर्ने कार्यक्रमहरुको माध्यमबाट गाउँपालिका भित्र विद्यमान लिंग तथा जातमा आधारित हिंसाहरुको अन्त्य गर्दै गाउँवासीको जीवनस्तरलाई आर्थिक तथा सामाजिक रुपले मर्यादित बनाउदै लैजाने।

४ .**सुशासनयुक्त सार्वजनिक सेवाः** साकेला गाउँपालिका भित्रका सार्वजनिक सेवा केन्द्रहरुमा कानूनी तथा विधिको शासन स्थापना गर्दै चुस्त र प्रभावकारी सार्वजनिक सेवा प्रदान गर्ने वातावरण तयार गर्ने।

**संस्थागत**

१ .**कानूनी तथा नितिगत व्यवस्था**ः नेपालको संविधान, स्थानीय सरकार ऐन २०७४ र अन्य कानूनले दिएको अधिकार क्षेत्रका सम्पूर्ण कानूनहरुको निर्माण गरी साकेला गाउँपालिकालाई संस्थागत गर्ने।

२ .**पूर्वाधारयुक्त संस्थागत संरचना**ः वडा कार्यालय, विद्यालय लगायत सम्पूर्ण सेवा केन्द्रहरुको भौतिक संरचनाको निर्माण कार्यलाई आधुनिक बनाउदै संस्थागत सेवलाई प्रभावकारी बनाउने ।

**३ दक्ष र सृजनसिल .जनशक्ति**ः प्रविधिमैत्री तालिम तथा क्षमता विकास कार्यक्रमका माध्यमबाट जनप्रतिनिधि तथा शिक्षक, कर्मचारीलाई सक्षम बनाई प्रभावकारी सेवा प्रदान गर्ने ।

४ .**प्रविधिमा आधारित सार्वजनिक सेवा तथा सुशासन**ः डिजिटल गाउँपालिकाको अभियान मार्फत गाउँपालिका भित्रबाट प्रबाह हुने सेवा सुबिधाहरुमा प्रविधिको प्रयोग गरी सार्वजनिक सेवालाई सुशासित बनाउने ।

**समृद्ध साकेला**

१. **व्यवसायिक कृषि तथा पशुपालनको सुरुवातः** साकेला गाउँपालिकाको मुख्य उत्पादन कृषि र पशुपालनसँग सम्बन्धी त छ । याहाँका सम्पूर्ण घरले कृषि र पशुपालनको व्यवसाय गरेका छन् । नयाँप्रविधी सहित सहकारी मार्फत बजार व्यवस्थापन गरी सासमृद्धिको आधार तयार गर्ने ।

२. **पर्यटन प्रबर्द्धन**ः साकेलामा रहेका लामादुवालीमा स्विमिङपुल सहितको फनपार्क, त्यस ठाउँबाट टेम्के सम्म केबुलकार, बिचमा धन्यश्वरी गुफा, मपारुङभिरमा रकक्लाम्बिङ, धनसारे क्षेत्रमा बिभिन्न आकृतिहरुको मुर्ति पार्क, र टेम्केमा रकिङ टावर, त्यस पछि तावातालको निर्माण तथा त्याहाबाट लघुविद्युत र सिंचाई सञ्चालन गर्ने पूर्वाधारहरुको विकास गर्दै पर्यटनक्षेत्र विकासको माध्यमबाट साकेला समृद्धिको आधार तयार गर्ने ।

३. **वनमा आधारित उद्योग**ः साकेला गाउँपालिकामा अत्याधिक वन क्षेत्र रहेको र वनक्षेत्रमा वनजन्य सार्वजनिक खेती र त्यसको प्रशोधन गरी वनजन्य उद्योग सञ्चालन मार्फत समृद्धीको आधार तयार गर्ने ।

४. **दीगो तथा भरपर्दो पूर्वाधार सहितको आर्थिक अन्तरसम्बन्धः** बाँझेच्यानडाँडाकाल्चिनखोला सडक-मानेभञ्ज्याङ-रतन्छा-, साप्सुखोला तावाभञ्ज्याङ सडक-मानेभञ्ज्याङ-र कात्तिकेरतन्छा नैनेपाटी सडक-सोस्तुङ-हरुको स्तरोन्नती र कालोपत्रे गरी स्थानीय उत्पादनहरुलाई बजारसँग जोड्दै समृद्ध साकेलाको पूर्वाधार तयारी गर्ने ।

**तालिका ४.२ दीर्घकालिन सोँचको आधारस्तम्भ अनुसार विषयगत क्षेत्रहरुको योगदान**

| सुसंस्कृत | संस्थागत | समृद्ध |
|---|---|---|
| १. सामाजिक विकास क्षेत्र | १. संस्थागत विकास तथा सुशासन | १. आर्थिक विकास क्षेत्र |
| २. संस्थागत विकास तथा सुशासन | २. भौतिक पूर्वाधारयुक्त विकास क्षेत्र | २. वन, वातावरण तथा विपद् व्यवस्थापन |
| | | ३. भौतिक पूर्वाधार विकास |

## ३.२ लक्ष्य तथा उद्देश्य

गाउँपालिकाको समष्टिगत विकासका लागि *व्यवसायिक कृषि, स्थानीय पर्यटनको प्रबर्द्धन, गुणस्तरीय शिक्षा, दीगो स्वास्थ्य सेवा र दीगो भौतिक पूर्वाधारका माध्यमबाट पाँच वर्षको अवधिमा गाउँपालिकाको संस्थागत विकास सहित सुसँस्कृत र समृद्ध साकेला उन्मुख* हुने लक्ष्य निर्धारण गरिएको छ । यस लक्ष्यको निर्देशक मान्यताको रुपमा देहायका क्षेत्रलाई मानिएको छ ।

- व्यवसायिक कृषि र पर्यटकीय क्षेत्रको प्रबर्द्धन,
- गुणस्तरीय शिक्षा,
- दीगो र सहज पहुँच भएको स्वस्थ्य
- दीगो र भरपर्दो भौतिक पूर्वाधार
- स्थानीय कानूनहरुको निर्माण तथा परिपालना
- वनमा आधारित आर्थिक क्रियाकलाप ।

साथै यस योजनाले निर्धारित विकास लक्ष्य प्राप्त गर्न देहायअनुसारको उद्देश्यहरु निर्धारण गरेको छः

- कृषि तथा पशुपालनको व्यवसायीकरण गर्दै रोजगारी र आयमा वृद्धि गर्नु ।
- गुणस्तरीय शिक्षाको माध्यमबाट स्वस्थ, प्रतिस्पर्धी र सीपयुक्त मानव संशाधनको विकास गर्नु ।

- गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा अन्तरआवद्धतामा वृद्धि गर्नु ।
- वन, जमीन र जलश्रोतको दीगो उपयोग गर्दै विपद्जोखिममुक्त गाउँपालिका बनाउनु ।
- सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तरमा अभिवृद्धि गर्नु ।

### ३.३ समष्टिगत प्राथमिकता तथा रणानीतिहरु

साकेला गाउँपालिका क्षेत्रको समिष्टगत विकासका लागि आवधिक योजनाले देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई सञ्चालन गर्ने रणनीति अवलम्बन गरिनेछः

१. नयाँप्रविधिको प्रयोग तथा व्यवसायिक उत्पादन मार्फत दीगो र छिटो आर्थिक वृद्धि गरी समृद्धि हासिल गर्ने
२. कला र सँस्कृतिको जगेर्ना र पर्यटकीय क्षेत्रको प्रवद्र्धन गरी रोजगारी वृद्धि गर्ने ।
३. समावेशी, प्राविधिक, व्यवसायिक तथा जीवनोपायोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा सरसफाई, मार्फत स्वस्थ, सिर्जनशिल, सीपयुक्त र सभ्य मानवीय शक्तिको विकास गर्ने ।
४. व्यवस्थित यातायात, सुरक्षित बजार, आवास तथा संचारका पूर्वाधार विकासको माध्यमबाट आर्थिक अन्तरसम्वन्धको विकास गरी आधारभूत सुविधाको पहुँचमा वृद्धि गर्ने ।
५. जलश्रोत तथा सौर्य श्रोतको अधिकतम परिचालनबाट प्रचुर मात्रमा उर्जा उत्पादन गरी औधोगिक विकास तथा उच्पादन कार्यलाई सहज बनाउने ।
६. वातावरण विकास, जलवायु परिवर्तन अनुकुलन तथा जैविक विविधता संरक्षणलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरी विकासलाई समावेशी र दीगो बनाउने ।
७. पूर्व तयारी, प्रतिकार्य, उद्दार कार्य र पुनस्थापना कार्यको लागि क्षमतामा अभिवृद्धि गरी विकास तथा जनजीवनलाई विपद् जोखिममुक्त बनाउने ।
८. अन्तर सरकार, निजी क्षेत्र र नागरिक समाजको साझेदारी र सहशासनको माध्यमद्वारा विकासको गतिलाई तिव्र बनाउने ।

### ३.४ समष्टिगत प्राथमिकता तथा रणनीतिहरु

साकेला गाउँपालिकाको समिष्टगत विकासका लागि आवधिक योजनाले देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई सञ्चालन गर्ने रणनीति अवलम्बन गरेकोछः

१. कृषि र पशुपालनको क्षेत्रमा नयाँ प्रविधिको प्रयोग र व्यवसायिक उत्पादन मार्फत दीगो आर्थिक वृद्धि गरी समृद्धी हासिल गर्ने
२. स्थानीय कला, सँस्कृति र प्राकृतिक श्रोतहरुकोको जगेर्ना र विकास गरी पर्यटकीय क्षेत्रको प्रवर्द्धन मार्फत रोजगारी तथा आर्थिक उपार्जन गर्ने ।
३. प्राविधिक तथा व्यवसायिक सिपलाई समाबेश गरी गुणसतरीय शिक्षाको सुनिश्चित गर्ने ।
४. स्वच्छ खानेपानी तथा सरसफाई व्यवस्थापन र स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गरी भरपार्दो स्वास्थ्य सेवाको सुनिश्चित गर्ने ।
५. सडकहरुको स्तरोन्नती गरी यातायात सेवालाई व्यवस्थित गर्दै स्थानीय उत्पादनहरुको बजारसंगको पहुँचलाई सुनिश्चित गर्ने ।
६. वातावरणीय विकास र जैविक विविधतालाई संरक्षण गर्दै स्थानीय विकासलाई उत्थानशील र दीगो बनाउने ।
७. पहिरो नियन्त्रण, पूर्वाधार निर्माणको कारण हुने वन बिनासको रोकथाम गरी विकास तथा जनजीवनलाई विपद् जोखिममुक्त बनाउने ।
८. आवश्यक ऐन, कानून तथा नितिनियम बनाई सञ्चार प्रविधिको उपयोग गरी स्थानीय सेवाप्रबाहलाई प्रभावकारी र सुशासनयुक्त बनाउने ।

### ३.५ नतिजा तालिका

गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध रुपमा दीर्घकालिन सोच तर्फ उत्मुख गराउन र लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न नतिजामूलक योजनाको ढाँचामा आवधिक विकास योजना तर्जूमा गरिएको छ । नतिजामूलक ढाँचा परिवर्तनको सिद्धान्त (Theory of Change) अनुसार तयार गरिएको छ । योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार

विकास, वन तथा वातावरण र संस्थागत विकास र सुशासन क्षेत्रहरुमा एकीकृत गरिएको छ । परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका देहाय बमोजिम दिईएको छ ।

तालिका ३.४.१ गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका

| सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | आ. व. २०८४/८५को लक्ष्य | श्रोत |
|---|---|---|---|---|
| विवरण | इकाई | | | |
| **लक्ष्य १ (प्रतिफल):** कृषि तथा पशुपालनको व्यवसायीकरण हुन सुरु भै रोजगारी र आयमा वृद्धि भएको हुने । | | | | |
| प्रति परिवार बार्षिक आय ५०,००० हुने भन्दा कम आम्दानी हुने परिवार | प्रतिशत | ६७.१४ | २१ | प्रोफाइल |
| खाद्यान्न उत्पादन | मे.टन | ९५६ | २००० | प्रोफाइल |
| बेरोजगार जनसंख्या | जना | १३२ | ३० | CBS 2021 |
| व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | जना | २७६ | ३५० | प्रोफाईल |
| गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | जनसंख्या | १९७३ | २५०० | प्रोफाईल |
| प्रमुख पेशाका रुपमा कृषि तथा पशुपालन व्यवसायमा संलग्न जनसंख्या | प्रतिशत | ३२०० | ३२०० | प्रोफाईल |
| उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | २३७ | ३५० | प्रोफाईल |
| क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | ४ | २० | प्रोफाईल |
| सुचारु सिंचाई आयोजना | संख्या | १० | १५ | |
| व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ९५ | १५० | प्रोफाईल |
| पशुजन्य उत्पादन विक्रि गर्ने परिवार | संख्या | ३००० | ३१५० | |
| व्यवसायिक पशुपालन फर्म | संख्या | १९ | ५० | प्रोफाईल |
| क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ४ | १५ | प्रोफाईल |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | संख्या | ११३ | ३०० | प्रोफाईल |
| व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | १ | ५ | प्रोफाईल |
| होटेल तथा रेष्टुरेण्ट | संख्या | ६० | ६५ | प्रोफाईल |
| **लक्ष्य २ (प्रतिफल):** गुणस्तरीय शिक्षा र सुलभ स्वास्थ्यको आधार तयार भइ स्वस्थ, प्रतिस्पर्धी र सीपयुक्त मानवसंशाधन विकासको सुरुवात हुने । | | | | |
| स्नातक तह उतीर्ण जनसंख्या | जना | १२८० | १५०० | प्रोफाईल |
| विद्यालय वाहिर रहेका (५–१५ वर्ष) बालबालिका | संख्या | ८६० | २०० | CBS |
| साक्षर जनसंख्या | प्रतिशत | ७३.३२ | ८० | CBS |
| उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ९२३ | १०५० | प्रोफाईल] |
| पाइप प्रणालीबाट सुरक्षित खानेपानी उपभोग परिवार | प्रतिशत | ९३।३ | ९७ | CBS |
| पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | २१४५ | २२३० | CBS |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | संख्या | २१४५ | २२३० | CBS |
| स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | संख्या | १८४७ | २२३० | CBS |
| सार्वजनिक शौचालय (विद्यालय समेत) | संख्या | १४ | २० | CBS |
| जिल्ला/क्षेत्रीयस्तर व्यवसायिक खेलाडी | संख्या | ७ | १५ | प्रोफाईल |
| कवर्ड हल तथा खेलकुद मैदान | संख्या | १ | २ | प्रोफाईल |
| गाउँपालिकामा वार्षिक संचालित खेलकुद प्रतियोगिता | संख्या | २ | ४ | छलफल |
| युवा सीप तथा नेतृत्व विकास तालिम | जना | १६० | ३०० | प्रोफाईल |
| प्रदेश तथा राष्ट्रियस्तर खेलाडी | संख्या | ७ | १५ | प्रोफाईल |
| कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | ९ | १३ | प्रोफाईल |

| सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | आ. व. २०८४/८५को लक्ष्य | श्रोत |
|---|---|---|---|---|
| विवरण | इकाई | | | |
| **लक्ष्य ३ (प्रतिफल):** गुणस्तरीय आधारभूत पूर्वाधारको तयारी र बजार केन्द्रहरु व्यवस्थित भई आर्थिक तथा सामाजिक अन्तरआवद्धतामाको आधार तयार हुने। | | | | |
| कालोपत्रे सडक | संख्या | ० | ४० | गाउँपालिका |
| ग्राभेल सडक | किमी | ४० | ९० | गाउँपालिका |
| धुले सडक | किमी | २५० | २०० | गाउँपालिका |
| पक्की पुल (वेली व्रिज समेत) | किमी | १ | ५ | गाउँपालिका |
| गाउँ क्षेत्रमा सूचारु ४ पाँग्रे सार्वजनिक सवारी साधन | संख्या | ५ | २० | गाउँपालिका |
| नियमित मर्मत संभार भएको सडकको लम्बाई | संख्या | ३५ | ९० | गाउँपालिका |
| वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | किमी | २५ | ४० | गाउँपालिका |
| यातायात सुचारु अन्तिम विन्दु (केन्द्र) | किमी | १ | ३ | गाउँपालिका |
| व्यवस्थित ढलको लम्बाई | कि.मि. | ० | ७ | गाउँपालिका |
| आधारभूत पूर्वाधारसहित व्यवस्थित बजार | संख्या | ० | २ | गाउँपालिका |
| स्थानीय विद्युत उत्पादन | कि.वा | ५८ | ६५ | छलफल |
| राष्ट्रिय प्रणालीबाट विद्युत सेवामा पहुँच प्राप्त घरपरिवार | संख्या | २१०७ | २२९९ | CBS |
| सोलार प्रणालीसहित विद्युत सेवा पुगेका घरपरिवार | संख्या | १२८ | १०० | CBS |
| घरयासी बायोग्याँस प्लान्ट उपयोग गर्ने घरपरिवार | संख्या | २ | ५ | CBS |
| सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | २ | १५०० | CBS |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | संख्या | ८३९ | १५०० | CBS |
| इन्टरनेट सेवा प्रयोग गर्ने घरधुरी | संख्या | २९२ | २००० | CBS |
| मोबाइल प्रयोगकर्ता | संख्या | ३२१३ | ७५०० | CBS |
| **लक्ष्य ४ (प्रतिफल):** वन, जमीन र जलश्रोतको दीगो उपयोग गर्दै विपद्जोखिममुक्त गाउँपालिका आधार तयार भएको हुने। | | | | |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | १ | ५ | छलफल |
| प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | ० | ३ | छलफल |
| परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | संख्या | २२४७ | २१०० | CBS |
| विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) बार्षिक | रु. लाखमा | २० | १०० | बजेट किताव |
| **लक्ष्य ५ (प्रतिफल):** सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तरमा अभिवृद्धि भएको हुने। | | | | |
| प्रतिव्यक्तिबार्षिक बजेट लगानी (रु.हजारमा) | रु. | ३४५८८ | ७५००० | बजेट किताव |
| गाउँपालिकाले स्वीकृत गरेका ऐन | संख्या | २० | ४२ | गाउँपालिका |

## परिच्छेद ४: आर्थिक विकास योजना

**परिचयः**

साकेला गाउँपालिकाको वडा नं. १ अन्तर्गत पर्ने मध्ये पहाडी राजमार्ग, साप्सुखोला तावाभञ्ज्याङ-मानेभञ्ज्याङ-हुदै भोजपुर जाने सडक र बाँझेच्यानडाँडाकाल्चिनखोला सडक-मानेभञ्ज्याङ-रतन्छा-ले गाउँपालिकालाई देशका बिभिन्न मुख्य बजारहरुसंग जोड्ने आधार तयार भएको छ। यो सडकसँग जोड्ने गरी वडास्तरीय सडकहरुको समेत निर्माण भएको छ जस्ले विविधखाले व्यवसायिक कृषि उत्पादन र यसको बजारीकरणको सम्भावनाको ढोका खोलेको छ। यसले कृषि, पशुपालन, पर्यटनको पूर्वाधार तयार गर्दै समृद्ध साकेलाको लागि आधार तयार हुन लागेको देखाउछ। यि सम्भावनाहरुको आधारमा कृषि तथा पशुपन्छी; सिंचाइ, संस्कृति, सम्पदा र पर्यटन; उद्योग तथा व्यावसाय र बैंकिङ तथा सहकारी क्षेत्रलाई समेटी साकेला गाउँपालिकको आर्थिक विकास क्षेत्रको आवधिक योजना निम्न बमोजिम तयार गरिएको छ।

### ४ १.कृषि, खाद्य सुरक्षा तथा पशुपन्छी

#### ४.१.१ पृष्ठभूमि

साकेला गाउँपालिका बेशीं देखि लेक सम्म सबै खाले भूगोल, उचाई र हावापानी भएको क्षेत्र भएको हुनाले कृषिको लागि यो ज्यादै उपयुक्त हुनुका साथै यहाँका अधिकांश घरधुरीले कृषि कार्य गरिरहेका छन्। यहाँको आर्थिक गतिबिधिहरु मध्य कृषि पहिलो पेशा भएको हुनाले यसलाई आवधिक योजनामा पहिलो प्राथमिकतामा राखिएको छ।

#### ४.१.२ सम्भावना तथा अवसर

यस गाउँपालिकाको वडा नं. १, २, ३, र ५को प्रुख बाली मकै, कोदो र गहुँ हो। वडा नं. ४ मा भने मकै, कोदो र गहुँ साथै अरु वडा भन्दा तुलनात्मक रुपमा धान बढि उत्पादन हुने गरेको पाइन्छ। वडा नं. १, २ र ५को बेशी खण्डमा समेत धान खेती राम्रो हुने गरेको छ। वडा नं. १, २ र ३ मा अरु वडाको तुलनामा आलु अत्याधिक फल्ने गरेको पाइन्छ। बाँझेच्यानडाँडा र खिदिमाको आलुले आफ्नै ब्राण्ड स्थापित गरिरहेका छन्। यसपालिकाको सबै वडामा तोरी खेती राम्रो हुने गरेको पाईन्छ। तोरी पकेट क्षेत्रको रुपमा बिस्तार गर्न सकिने सम्भावना प्रचुर देखिन्छ।

वडा नं. १, २, ३ र ५ मा अलैची खेती पनि उत्तिकै हुने गरेको छ। वडा नं. ३ बाहेकका वडाहरुको होचो क्षेत्रमा सुन्तला र कागती खेतीको राम्रै अभ्यास भएको पाईन्छ। वडा नं. २ र ४को तल्लो भेगमा कफि खेतीको अभ्यास हुदै आएको छ भने, वडा नं. १, २ र ३को माथिल्लो क्षेत्रमा चिया खेतीको प्रचुर सम्भावना रहेको छ। तावा ताल क्षेत्रमा भने चिया खेतिको सुरुवात भै नै सकेको छ। यस गाउँपालिकाको सबै वडामा हुने नास्पाती हुने गरेको र यसको व्यावसायिक खेतीको समेत सुरुवात भैसकेकोले नासपाती खेती यहाँको समृद्धीको एक माध्यम हुन सक्ने देखिन्छ। यो गाउँपालिकामा किवि खेतीको लागि उपयुक्त हावापानी रहेकोले यसको प्रबर्द्धन गर्न सकिने देखिन्छ।

साकेला गाउँपालिकाको वडा नं. २ र ४ मा माछा पालनको सुरुवात भएको देखिन्छ तर यसको व्यवसयीकरण पूर्ण रुपमा भइनसकेकोले त्यतातिर ध्यान दिनु पर्ने देखिन्छ। यो गाउँपालिका तोरी खेतीको लागि पकेट क्षेत्र जस्तै रहेकोले यहाँ मौरी पालनको सेमत उत्तिकै सम्भावना देखिन्छ। यस गाउँपालिकामा मसला बालीको रुपमा अदुवा, वेसार, प्याज र लसुन घरायसीस्तरमा व्यापक रुपमा उब्जनी हुने गरेको पाईन्छ। यसको व्यवसायीकरण गर्न सक्ने सम्भावना बढेको छ।

यस गाउँपालिकाको अर्को महत्वपूर्ण क्षेत्र भनेको पशुपालन हो। यहाँ जनजातिको बाहुल्यता बढि रहेको र सबै जनजाति र दलित समुदायले बंगुर पालन गर्ने गरेको छ। गाई, बाख्रा र भैंसी सबै जाजजातिले पालन गरेको पाईन्छ। साकेला गाउँवासी सबैलाई समृद्धीको बाटोमा लैजान पशुपालनको व्यवसायीकरण गर्नु पर्ने देखिन्छ। सडक यातायातको विकास सँगै व्यवसायिक कुखुरा पालन गर्नेको संख्या फाट्टफुट्ट देखिन थालेको छ। उच्च तथा चिसो हावापानीको कुखुरा पालनलाई व्यवसायिक बनाउन सके यस्ले राष्ट्रिय बजारमा समेत राम्रो स्थान पाउन सक्ने देखिन्छ। यो गाउँपालिकाको ठूलो क्षेत्र वन क्षेत्र रहनुको साथै अन्य वन्यजन्तुको साथमा कालिज प्रसस्तै पाइन्छ। यसले कालिजको लागि उपयुक्त हावापानी रहेको देखिन्छ। यहाँ कालिज पालनलाई प्रबर्द्धन गर्न सके दिक्तेल, भोजपुर, उदयपुर र काठमाण्डौका बजारहरुमा कालिज ब्यापारको सम्भावना प्रचुर रहेको देखिन्छ।

#### **४.१.३ समस्या तथा चुनौती**

यस गाउँपालिकाको कृषि क्षेत्रमा बाँदर र बँदेल आतंक एक चुनौतिको रुपमा देखा पर्न थालेको छ। कृषकहरुले लगाएको बाली बाँदर र बँदेलले नष्ट गरिदिने भएको कारण कतिपय यहाँका मानिसहरुले गाउँ नै छोडेर बसाई सर्न बाध्य भएका छ। आधुनिक तथा व्यवसायिक खेतीको लागि उन्नत बीउविजन र मलखाद समयमा नपाउनु अर्को समस्या रहेको छ। अलैचीं लगायतका अन्न तथा फलफूलमा नयाँ

खाले रोग देखा पर्ने र त्यसको समस्याले उत्पादनमा कमि आउनु थप यहाँको समस्या हो। आलु लगायत तरकारी तथा नगदे उत्पादनहरुको बाजार व्यवस्थित नहुनाले कृषकमा निरासा छाउने गरेको पाईन्छ। सबै खाले कृषि उत्पादनको लागि सम्भाव्यता अध्ययन समेत हुन सके यसको आधारमा सबै खाले समस्याहरुको समाधानको उपाय निकाल्न सकिने देखिन्छ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य

लक्ष्यः साकेला गाउँपालिकाको कृषि तथा पशु पालन क्षेत्र व्यवसायिक भई समृद्धी उन्मुख भएको हुने।

**उद्देश्यः**

- प्रविधिको प्रयोग गरी कृषि तथा पशुपालन क्षेत्रको उत्पादनमा वृद्धि गर्नु
- नगदे बाली तथा फलफूल खेतीको उत्पादनमा वृद्धि गर्नु,
- माछा तथा मौरी पालनलाई प्रबर्द्धन गर्नु।

### ४.१.५ रणनीति

**व्यवसायिक कृषि तथा पशुपालनको सुरुवातः**

**कृषि तथा खाद्य सुरक्षा**

- खेतिपातीको लागि सम्भाव्यता अध्ययग तथा माटो परिक्षण गर्ने।
- एक गाउँ एक उत्पादनको अवधारणा अनुरुप बाली पकेट क्षेत्रहरु क्रमश घोषणा गर्दै जाने।
- कफि तथा किवि जस्ता फलफूल खेतीको लागि नर्सरी स्थापना गर्ने
- उत्पादित फलफूलको संकलन, बजारीकरणको लागि सहजीकरण गर्ने
- गुणस्तरीय बीउ बिजनको आपूर्ति तथा व्यवस्थापन गर्ने,
- नँया खेती प्रविधि सम्बन्धी सीपमूलक तालिमको व्यवस्था तथा प्रबर्द्धनकारी कामहरु गर्ने।
- आवश्यक ज्ञान, सिप र सहयोगको लागि कृषकहरुलाई प्राबिधिक सेवा उपलव्ध गराउने।
- सहकारी मार्फत उत्पादन संकलन तथा प्रशोधन कन्द्रको स्थापना तथा सञ्चालन गर्न व्यवस्था मिलाउने।

**पशुपालन**

- आधूनिक पशुपालनको लागि आवश्यक पूँजी अनुदानको व्यवस्थापन गर्ने।
- पशु विमा (बाख्रा)को व्यवस्था गर्ने।
- सहकारी/कृषक समुहमार्फत उत्पादन लक्ष्य तोकी उत्पादन, संकलन र बजारको सुनिश्चितता गर्ने,
- उन्नत जातकाको पशु बिउको व्ययस्था गर्ने।
- आधुनिक तथा व्यवस्थिय वधशाला तथा प्रशोधन केन्द्र निर्माण गर्नको लागि प्रदेश तथा संघीय सरकारसंग समन्वयय तथा सहकार्य गर्ने।

### ४.१.६ कार्यक्रम तथा आयोजना

साकेला गाउँपालिकाको आवधिक योजनाको लक्ष्य र उद्देश्य प्राप्तीका लागि आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि तथा खाद्य सुरक्षा र पशुपालनको क्षेत्रमा निम्न कार्यक्रम तथा आयोजनाहरु सञ्चालनग गरिनेछ।

**क) कृषि र खाद्य सुरक्षा**

**१. व्यवसायिक फलफूल प्रवर्द्धन कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस साकेला गाँउपालिकाका सम्पूर्ण वडामा फलफूल उत्पादनको निकै सम्भावना रहेको छ। उत्तरी, पूर्वी र पश्चिमी महोडामा फर्केका पहाडी भू-भाग, समुन्द्र सतह देखि झण्डै ६०० मि. देखि ३००० मि. सम्मको उचाई रहेकोले यँहा उष्ण-प्रदेशिक देखि शितोष्ण क्षेत्रसम्मका विभिन्न प्रकारका फलफूल उत्पादन गर्न सकिन्छ। तर, उत्त क्षेत्रको पहिचानमा कमि, आधुनिक खेती प्रणाली ज्ञानको कमिले गर्दा सोचे अनुसारको प्रतिफल भेटिदैन। |
| अन्य विषयगत | • खाद्य सुरक्षामा टेवा पुग्ने, |

| विषयवस्तु | विवरण |
|---|---|
| क्षेत्रसँगको सम्बन्ध | • स्थानीय आय वृद्धि भई सम्बृध्दि साकेला परिकल्पना पूरा हुने,<br>• पूर्ण पोषण प्राप्तिमा सहयोग हुने । |
| कार्यान्वयन गरिने स्थान | क. नास्पतीः- वडा नं. १,२,३,४<br>ख. सुन्तला, कागतः- वडा नं. १,२,४,५<br>ग. आँपः- वडा नं. ४,५ (बेंसी खण्ड) |
| **रणनीतिहरु** | • जमिनको पहिचान सहित माटो परिक्षण गर्ने ।<br>• आधुनिक नर्सरी स्थापना गर्ने ।<br>• बिरूवा रोपण तथा स्थायी बगैँचा स्थापना गर्ने ।<br>• उत्पादित फलफूलको संकलन, बजारीकरण तथा अन्य सहजीकरण गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| **क्र.सं.** | **क्रियाकलाप** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रु (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | | |
| १ | माटो परिक्षण | | | | | | ५०० | |
| २ | नर्सरी स्थापना | | | | | | १००० | |
| ३ | बगैंचा स्थापन | | | | | | १२०० | |
| ४ | बगैंचा व्यस्थापन | | | | | | १५०० | |
| ५ | टिप्ने, भण्डारण | | | | | | १००० | |
| | जम्मा | | | | | | 5200 | |

**सहायक क्रियाकलापहरु**

| **क्र.सं.** | **क्रियाकलाप** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रु (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | | |
| १ | संकलन केन्द्र | | | | | | ३००० | |
| २ | सिंचाई | | | | | | १००० | |
| ३ | प्रशोधन केन्द्र | | | | | | ३००० | |
| | जम्मा | | | | | | ७००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, संघिय तथा प्रदेश सरकारसँग बजेट, प्रशोधन लगायत बजारीकरण क्रियाकलापमा सहकार्य गरी अघि बढाइनेछ,<br>• सहकारी मार्फत संकलन गरी सहज तरिकाले बजारीकरण गरिनेछ,<br>• स्थानीय सरकारको अधिकार भित्र रही भूमिबैंक अथवा बाझो जमिन निरूत्साहित समितिको स्थापना गरी हरेक खेतीयोग्य जमिनबाट लाभ लिने व्यवस्था मिलाईनेछ, |

**२. कार्यक्रमको नामः** व्यवसायिक तरकारी खेती कार्यक्रम

| **विषयवस्तु** | **विवरण** |
|---|---|
| पृष्ठभूमि | यस साकेला गा.पा. मौसमी तथा बेमौसमी तरकारी खेतीको निकै ठूलो सम्भावना रहेको पाईन्छ । उच्च पहाडि भू-भाग देखि बेसीसम्म विविध प्रकारका जस्तैः- *आलु, रायो, मूला, गाजर काउली, बन्दा, करेला, टमाटर* आदि तरकारी उत्पादन सम्भावना रहेको छ । तर, गुणस्तरीय बीउ विजन, नँया खेती प्रविधि र ज्ञानको कमिले उत्पादनमा निकै ह्रास आएको देखिन्छ । |
| **अन्य** | • खाद्य सुरक्षामा टेवा पुग्ने, |

| विषयवस्तु | विवरण |
|---|---|
| **विषयगत क्षेत्रसँगको सम्बन्ध** | • स्थानीय आय वृद्धि भई सम्बृध्दि साकेला परिकल्पना पूरा हुने,<br>• पूर्ण पोषण प्राप्तिमा सहयोग हुने। |
| कार्यान्वयन गरिने स्थान | सबै वडा |
| **रणनीतिहरु** | • तरकारी उत्पादन गरिने क्षेत्रको पहिचान गर्ने,<br>• गुणस्तरीय बीउ बिजनको आपूर्ति, व्यवस्थापन गर्ने,<br>• नँया नँया खेती प्रविधि सम्बन्धी तालिम, सीपमूलक ज्ञान दिने तथा सूचना सम्प्रेषण गरी कृषकलाई सक्षम बनाउने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र. सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | क्षेत्र पहिचान, माटो परिक्षण | | | | | | ५०० | |
| २ | गुणस्तरीय बीउ | | | | | | १००० | |
| ३ | नर्सरी स्थापना | | | | | | २००० | |
| ४ | उत्पादित उपजको व्यवस्थापन | | | | | | २००० | |
| ५ | टिप्ने भण्डारण | | | | | | १००० | |
| | जम्मा | | | | | | ६५०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | संकलन केन्द्र | | | | | | ३००० | |
| २ | सिंचाई | | | | | | १००० | |
| ३ | प्रशोधन केन्द्र | | | | | | २००० | |
| | जम्मा | | | | | | ६००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • निश्चित संकलन केन्द्र बनाई बजारीकरणमा सहज पुर्याउने<br>• बाली बिषेश शीत भण्डारण केन्द्र स्थापना गर्ने,<br>• मौसम जानकारी गराउन Automatic weather Station (AWS) अटोमेटिक वयदर स्टेशन स्थापना (वडा स्तरमै) गर्ने र आम कृषक गा.पा. कै अनलाईन तथा FM रेडियो मार्फत सूचना प्रवाह गर्ने , |

३. तोरी खेती प्रवर्द्धन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गा.पा.को प्रायजसो सवै वडामा उत्पादन गर्न सकिने नगदेबाली / तेलहन बाली अन्तर्गत तोरी खेतीको प्रवल सम्भावना रहेको छ। यसलाई उत्पादन गरेसँगै प्रशोधन गरी तेलमा परिणत गराई सम्पूर्ण साकेलाबासीलाई तेलमा आत्म निर्भर बनाउन सकिन्छ। यस्तै तोरी खेती गरी उत्पादित सागबाट गुन्द्रक लगायत तोरी प्रशोधनबाट निकेको पिनाबाट साबुन, मल, माछाको दाना इत्यादि बनाउन पनि सकिन्छ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • तोरीको पिनावाट माछाको चारो वनाउन सकिन्छ।<br>• कृषि जन्य वस्तुमा पिनालाई मलको रुपमा प्रयोग गर्न सकिन्छ।<br>• तेलमा आत्म निर्भर बनाई गाउँपालिकाको आर्थिक समृद्धिमा टेवा पुर्याउछ। |
| कार्यान्वयन गरिने स्थान | साकेला गा.पा सवै वडा (१-५) |

| | |
|---|---|
| **रणनीतिहरु** | • उन्नत विउको प्रयोग गरी आधुनिक खेती प्रणाली अपनाउने<br>• तोरी भण्डारण केन्द्रको पहिचान गरी प्रत्येक वडामा भण्डारण केन्द्र निर्माण गर्ने,<br>• अनुकुल स्थानको पहिचान गरी तोरी पिस्ने मिल लगायत अन्य प्रशोधन केन्द्र समेत स्थापना गर्ने, |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | क्षेत्र पहिचा | | | | | | १००० | |
| २ | गुणस्तरीय विउ व्यवस्थापन | | | | | | १००० | |
| ३ | गोठमल प्रवर्द्धन | | | | | | ३००० | |
| ४ | प्रशोधन तथा मिल संरचना | | | | | | २००० | |
| ५ | भण्डारण संरचना | | | | | | १००० | |
| | जम्मा | | | | | | ८००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | माछाको चारो वनाउने औजार व्यवस्थापन | | | | | | ५००० | |
| २ | मौरी पालन | | | | | | ५०० | |
| ३ | अन्य उपउत्पादन प्रशोधन तथा व्यवस्थापन | | | | | | २००० | |
| | जम्मा | | | | | | ७५०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • नेपाल कृषि अनुसन्धान परिषद् नवलपुरसंग सहकार्य गरी गुणस्तरीय विउको लागि समन्वय तथा सहकार्य गरिनेछ ।<br>• उत्पादन तथा प्रशोधन सम्वन्धी अभिमुखिकरण तालिम सञ्चालन गरी कृषकको क्षमता अभिवृद्धि गराइनेछ । |

## ग) पशु विकास

### १. आधुनिक तथा व्यवसायिक बाख्रापालन प्रवर्द्धन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस साकेला गा.पा.को सबै भुगोलमा पालन गर्न सकिने र आर्थिक विकासमा टेवा पुर्याउने मुख्य पशुपालन व्यवसायहरु मध्ये बाख्रापालन मुख्य रुपमा रहेको छ । गा.पा. भरी खरि र सिन्हाल बाख्रालाई उन्नत जातका बोका (बोयर/जमुनापारी) प्रयोग गरी उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ । सन्तुलित आहारा तथा खोर व्यवस्थापनमा ध्यान दिदा बाख्रापालन व्यवसायले साकेला गा.पा.को आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • उत्पादित उपज (मासु) ले खाद्य सुरक्षामा टेवा पुर्याउने<br>• उद्यमीलाई मात्र नभई गा.पा.को आर्थिक विकासमा सहयोग पुर्याउने |
| कार्यान्वयन गरिने स्थान | खरी – ( साकेला गा.पा वडा नं. २,४ र ५<br>सिन्हाल- ( साकेला गा.पा वडा नं. १ र ३) |
| **रणनीतिहरु** | • उन्नत जातका भुईघास तथा डालेघास उत्पादन गर्ने<br>• आधूनिक बाख्राको खोरको व्यवस्थापन<br>• पशु विमा (बाख्रा)<br>• उन्नत बोका ( बोयर/जमुनापारी – ५० देखि ७५%) प्रयोग गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | घास खेती | | | | | | ३००० | |
| २ | उन्नत बोका व्यवस्थापन | | | | | | ९७५ | |
| ३ | बाख्रापालन कोष | | | | | | १००० | |
| ४ | कृषक समुह/ सहकारी मार्फल भुक्तानी र लक्ष्य निर्धारण | | | | | | ६००० | |
| | जम्मा | | | | | | १०९७५ | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | वाख्रापालन अभिमुखिकरण | | | | | | ४०० | |
| २ | वधशाला तथा फ्रेस हाउस निर्माण | | | | | | १००० | |
| | जम्मा | | | | | | १४०० | |

**कार्यनीतिहरु**

- सहकारी/कृषक समुहमार्फत उत्पादित उपज संकलन गरी वजार सुनिश्चितता गर्ने,
- आधुनिक तथा व्यवस्थिय वधशाला तथा प्रशोधन केन्द्र निर्माण गर्नको प्रदेश तथा संघीय सरकार संग आवश्यक समन्ब्य तथा सहकार्य गर्ने।

## २. आधुनिक तथा व्यवसायिक भेडापालन प्रवर्द्धन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस साकेला गा.पा.को वडा नं. १ र ३ मा पालन गर्न सकिने र आर्थिक विकासमा टेवा पुर्याउने मुख्य पशुपालन व्यवसायहरु मध्ये भेडापालन मुख्य रुपमा रहेको छ। गा.पा. वरुवाल भेडालाई स्थानीय जातका थमा प्रयोग गरी उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ। सन्तुलित आहारा तथा खोर व्यवस्थापनमा ध्यान दिदा भेडापालन व्यवसायले मासु मात्र नभई उन उत्पादन समेत गरी उद्योग स्थापना गर्न समेत साकेला गा.पा.को आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • उत्पादित उपज (मासु) ले खाद्य सुरक्षामा टेवा पुर्याउने<br>• उन उत्पादनले घरेलु उद्योग स्थापना तथा सञ्चालन गरी गा.पा. भरिका जनतालाई रोजगारीको सृजना गरी गा.पाको आर्थिक उन्नतिमा समेट सुधार ल्यान मद्धत गर्ने , |
| कार्यान्वयन गरिने स्थान | वडा नं. १ र ३ |
| **रणनीतिहरु** | • उन्नत जातका भुईघास तथा डालेघास उत्पादन गर्ने<br>• आधूनिक खोरको व्यवस्थापन<br>• पशु विमा (भेडा)<br>• स्थानीय वरुवाल भेडाको प्रयोग गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | घास व्यवस्थापन | | | | | | ३००० | |
| २ | थुमा व्यवस्थापन | | | | | | ५०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | भेडापालन कोष | | | | | | १००० | |
| ४ | कृषक समुह/ सहकारी मार्फल भुक्तानी र लक्ष्य निर्धारण | | | | | | ६००० | |
| | जम्मा | | | | | | १०५०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | भेडापलन अभिमुखिकरण | | | | | | ४०० | |
| २ | ऊन प्रशोधन तथा | | | | | | १००० | |
| | जम्मा | | | | | | १४०० | |

**कार्यनीतिहरु**

- सहकारी/कृषक समुहमार्फत उत्पादित उपज संकलन गरी वजार सुनिश्चितता गर्ने,
- भेडाको उन पशोधन गरी राडीपाखि उत्पादन गरी घरेलु उद्योग सृजना गर्ने ,

## ३. आधुनिक तथा व्यवसायिक वंगुर/सुँगुरपालन प्रवर्द्धन गर्ने,

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस साकेला गा.पा.मा धेरै जसो कृषकहरुले पालन गर्ने पशुपालन अन्तर्गत सुगुर/वंगुर पालन व्यवसाय अत्यन्तै लोकप्रिय रहेको छ। सास्कृतिक रुपमा समुदायको परम्परागत रितिरिवाजमा समेत आवश्यक पर्ने र वजार समेत सुनिश्चत रहेको सुगुर/बंगुर पालन व्यवसायलाई लिने गरिन्छ। साथै स्थानीय आयआर्जनमा ठूलो भूमिका खेलेको यस व्यवसायले यस साकेला गाउँपालिकाको आर्थिक उन्नतिको लागि ठूलो टेवा पुर्याउने सम्भावना रहेको छ। तर व्यवसाय आधुनिक तरिकाले सञ्चालन नगर्दा तथा व्यवस्थित वधशाला नहुदा यसको सम्भावनामा थप चुनौती थपिएको छ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • उत्पादित उपज (मासु) ले खाद्य सुरक्षामा टेवा पुर्याउने<br>• उद्यमीलाई मात्र नभई गा.पा.को आर्थिक विकासमा सहयोग पुर्याउने |
| कार्यान्वयन गरिने स्थान | सवै वडाहरु। |
| **रणनीतिहरु** | • स्थानीय तथा कालो वंगुरपालन व्यवसायलाई प्रवर्द्धन गर्ने<br>• आधूनिक खोर व्यवस्थापन तथा विमाको प्रवधान<br>• विरको लागि कालो वंगुर प्रयोग गर्ने ,<br>• उत्पादित उपजहरुलाई प्रशोधन,स्थानीय ब्रान्डिङ गरी बजारीकरण गर्ने ,<br>• प्राविधिक रुपमा खोप, उपचार तथा व्यवस्थापनमा सहजिकरण गर्ने, |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | विर व्यवस्थापन | | | | | | ५०० | |
| २ | वंगुरपालन कोष | | | | | | ९७५ | |
| ३ | कृषक समुह/ सहकारी मार्फल भुक्तानी र लक्ष्य निर्धारण | | | | | | १००० | |
| | जम्मा | | | | | | २४७५ | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | वंगुरपालन अभिमुखिकरण | | | | | | ४०० | |
| २ | वधशाला / प्रशोधन केन्द्र निर्माण | | | | | | २००० | |
| ३ | पशु स्वास्थ्य प्रयोगशाला निर्माण | | | | | | १००० | |
| | जम्मा | | | | | | ३४०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • वजेट परिचालन तथा वजार व्यवस्थापनको सुनिश्चितता सहकारी/कृषक समुहमार्फत गरिनेछ,<br>• PMAMP, प्रदेश तथा संघीय सरकारसंग वजेट तथा वजार व्यवस्थापनको लागि सहकार्य गर्ने, आधुनिक तथा व्यवस्थिय वधशाला तथा प्रशोधन केन्द्र निर्माण गर्नको प्रदेश तथा संघीय सरकार संग समन्वय गर्ने , |

**४सिंचा २.इ**

### ४पृष्ठभूमि १.२.

कृषि उत्पादन वृद्धि गर्न सिंचाइ एउटा सहयोगी साधन हो। साकेला गाउँपालिकाले आवधिक योजना बनाउने सन्दर्भमा अपरिहार्य रहेकोले यसको विकासलाई आर्थिक विकास क्षेत्रको योजनामा सामेल गरिएको छ।

### ४.२.२ सम्भावना तथा अवसर

सेखुवा खोला, साप्सु खोला, बेलिया खोला, तावा खोला, पत्रंगे खोला, दावानाचिमा खोला, मखुवा खोला आदि गाउँपालिका भित्र रहेका सिंचाइका श्रोतहरु हुन्। यि खोलाहरुबाट ठूला साना, परम्परागत तथा आधुनिक सिंचाइ प्रणालीहरु सञ्चालनमा रहेका छन्। यहाँ साना सिंचाइ कार्यक्रम पनि सञ्चालनमा छ जसले सिंचाइ सुबिधा बढाउन टेवा पुर्याइरहेको छ।

### ४.२.३ समस्या तथा चुनौती

परम्परागत सिंचाइ प्रणालीहरुको समय समयमा मर्मत सम्भार हुन सकेको छैन फलस्वरुप खेतमा सिंचाइ सुबिधा कमी भएको छ। सडक निर्माणको क्रममा पानिका मुहानहरु दविएर गएका छन् जस्को कारणले नयाँ सिंचाइ कुलो निर्माण कार्य जटिल बनिरहेको छ। आवधिक योजनाले कृषि क्षेत्रमा लिएको लक्ष्य र सोँचलाई प्राप्त गर्न नयाँ प्रविधि सहित साना तथा मझौला सिंचाइ प्रणालीको विकास गर्नु पर्ने आवश्यकता देखिन्छ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य र उद्देश्य

**लक्ष्यः** विभिन्न प्रविधिमा आधारित साना ठूला सिंचाइ प्रणालीको विकास भै कृषि क्षेत्रको उत्पादनमा वृद्धि भएको हुने।
**उद्देश्यः** विभिन्न प्रविधिमा आधारित साना ठूला सिंचाइ प्रणालीको विकास गरी सिंचाइ सुबिधाको व्यवस्था गर्नु।

### ४.२.५ रणनीतिहरु

- पुराना सिंचाइ प्रणालीहरुको मर्मत सम्भार गर्ने।
- सम्भाव्यता अध्ययनको आधारमा नयाँ सिंचाइ प्रणालीहरुको विकास गर्ने।
- नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीलाई प्रबर्द्धन गर्ने।

### ४.२.६ कार्यक्रम तथा आयोजना

**१. मुहान संरक्षण तथा सिंचाइ व्यवस्थापन कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस साकेला गा.पा. मा सिंचाइका लागि प्रसस्त पानीको मुहानहरु रहेको पाईन्छ। तावाखोला, पत्रंगे, दावानाचीमा मखुवा आदि श्रोतहरुको पहिचान समेत भएको पाईन्छ। साथै SIP कार्यक्रमले पनि सिंचाइमा ठूलो टेवा पुर्याएको छ। तर सिंचाइ योजनाको लागि बजेटको अभावले गर्दा व्यवस्थित र नियमित सिंचाइमा कठिनाई भएको पाईन्छ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • कृषिजन्य कार्यमा सहयोग पुर्याई उत्पादन उत्पादकत्वमा वृद्धि हुने<br>• फलफूल खेती तथा माछापालनमा सहयोग पुग्ने। |
| कार्यान्वयन गरिने स्थान | साकेला गा.पा सवै वडा (१-५) |
| **रणनीतिहरु** | • पुराना सिंचाइ प्रणालीहरुको मर्मत सम्भार गर्ने।<br>• साना मुहानहरुको पहिचान गरी पोखरी निर्माण गर्ने।<br>• सिंचाइयोग्य जमिन पहिचान र एकिन गरी सिंचाइ व्यवस्थापन गर्ने। |

| | |
|---|---|
| | • निर्माण भईसकेका सिंचाइका संरचना मर्मत सफा तथा सुधार गर्ने<br>• बाली अनुसार थोपा सिंचाइ, फोहरा सिंचाइ, पोखरी सिंचाइ जस्ता प्रणालीहरु व्यवस्थापन गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | मुहान संरक्षण | | | | | | १००० | |
| २ | मर्मत संहार | | | | | | १००० | |
| ३ | कुलो विस्तार | | | | | | २००० | |
| ४ | पोखरी निर्माण | | | | | | २००० | |
| ५ | वाली विशेष सिंचाइ प्रणाली | | | | | | १००० | |
| | जम्मा | | | | | | ७००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | मत्स्य पालन | | | | | | १००० | |
| २ | हास पालन | | | | | | १००० | |
| ३ | WATER PARK | | | | | | ४००० | |
| | जम्मा | | | | | | ६००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • पुर्वाधार विकासमा SIP जस्ता सहयोगी विकास सझेदारका कार्यक्रमसंग समन्व्य गरिनेछ ।<br>• परम्परागत सिंचाइ प्रणीहरुको व्यवस्थापनमा जनसहभागिता परिचालन गरिनेछ ।<br>• वाली विशेष सिंचाइ प्रणालीलाई प्रोत्साहन गरिनेछ ।<br>• वन क्षेत्रसँग समन्वय गरी आहाल, पोखरी तथा पानीका मुहान संरक्षणका कार्यहरु गर्न जोड दिईने छ । |

## ४.३ सँस्कृति तथा पर्यटन विकास

### ४.३.१ पृष्ठभूमि

साकेला गाउँपालिकाको आवधिक योजनाले लिएको दूरदृश्टि *समृद्ध साकेलाको* एक आधारको रुपमा पर्यटनलाई लिईएको छ । यस गाउँपालिकामा रहेको साँस्कृतिक तथा प्रकृतिक श्रोतसाधनको व्यवस्थापन सहित पर्यटन क्षेत्रको प्रबर्द्धन गर्न सके समृद्ध साकेलाको लागि आधार तयार हुने भएकोले पर्यटन क्षेत्रको योजना तयार गरिएको छ ।

### ४.३.२ सम्भावना तथा अवसर

यस साकेला गा.पा.मा प्राकृतिक तथा सामाजिक सम्पदा प्रसस्तै रहेका छन् । यहाँ राई लगायत साँस्कृतिक सम्पदा सहितका बिभिन्न जातजातिका बसोबास रहेको छ । राई समुदायको साँकृतिक नाँच *साकेलाको* नामबाट यस गाउँपालिकाको नामाकरण भएको छ । राई लगायत तामाङ, नेवार, गुरुङ, ब्राम्हण, क्षेत्री, मगर जातिको भाषा, सँस्कृतिको संरक्षण र प्रबर्द्धन गर्दै पर्यटन क्षेत्रको प्रबर्द्धन गर्न सकिने सम्भावना रहेछ । लामादुवाली, मपारुङ भिर, धन्यश्वरी गुफा, धनसुरे चौर, टेम्के डाँडा, तावाताल आदि यहाँको प्रमुख प्राकृतिक सम्पदा हुन ।

हाल यो गाउँपालिकाको वडा नं. १ मा मध्यपहाडि राजमार्गले जोडेको छ, भने पान्धारे-मानेभञ्ज्याङ- दिक्तेल बाटोले दिक्तेल, भोजपुर र उदयपुरसँगो पहुँचलाई भरपर्दो बनाएको छ । यसै गाउँपालिकाको वडा नं. ३ मा रहिक तावा भञ्ज्याङबाट मुन्दुम पथमार्गको सुरुवात हुन्छ । तावाताल मुन्दुमी मान्यता अनुसार समे महत्वपूर्ण रहेको र गाउँपालिकाले यस क्षेत्रमा पर्यटकीय पूर्वाधारहरुको निर्माण कार्य समेत थालिसकेको छ ।

दिक्तेल बजार जिल्लाको सदरमुकाम हो र यो गाउँपालिकासँग जोडिएको छ । दिक्तेलमा आउने र दिक्तेलबासीहरुलाई मात्र आकर्षण गर्न सके यहाँको पर्यटन विकासम ठूलो सहयोग पुग्ने देखिन्छ । यि क्षेत्रहरुमा पर्यटकीय पूर्वाधार तयार गरी प्रचारप्रसार गर्न सके पर्यटन क्षेत्रको राम्रै विकास हुन सक्ने देखिन्छ ।

### ४.३.२ समस्या तथा चुनौती

यी अथाह साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरु हुँदा हुदै पनि पर्यटन पूर्वाधारको विकास र यसको प्रचारप्रसार हुन नसक्दा यहाँको पर्यटन विकास हुन सकेको छैन। पर्यटन क्षेत्र विकासको सार्थक सोँच र योजनाको कमीको कारण यस क्षेत्रको विकास उल्लेखनीय रुपमा हुन सकेको छैन। यसका लागि यो आवधिक योजनामा योजनाबद्ध विकासको साँचको आवश्यकता रहेको देखिन्छ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य,

### ४.३.५ रणनीति

- सम्भाव्यता अध्ययन तथा DPRतयार गरी पर्यटकीय क्षेत्रका पूर्वाधारहरु रयार गर्ने,
- साँस्कृतिक, प्राकृतिक सम्पदा तथा स्थानीय उत्पादनहरुलाई पर्यटन क्षेत्रसँग जोड्ने,
- पर्यटकीय क्षेत्रहरुको प्याकेज बनाई प्रचारप्रसार गर्ने।

### ४.३.६ कार्यक्रम तथा आयोजनाहरु

**१. पर्यटन रुट तथा क्षेत्र विकास कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | लामादुवाली, मपारुङ भिर, धन्यश्वरी गुफा, आसपासको चौर, टेम्के डाँडा, तावाताल आदि यहाँको प्रमुख प्राकृतिक सम्पदा हुन। यि ठाउँहरुलाई पर्यटनको प्याकेजको रुपमा संलग्न गरी यिहुरको पूर्वाधारहरु विकास गर्न सके पर्यटन क्षेत्रको विकास गर्ने सकिने देखिन्छ। लामादुवालीमा स्विमिङपुल सहितको फनपार्क, त्यस ठाउँबाट टेम्के सम्म केबुलकार, बिचमा धन्यस्वरी गुफा, मपारुङभिरमा रकक्लाम्बिङ, धनसारे क्षेत्रमा बिभिन्न आकृतिहरुको मुर्ति पार्क, र टेम्केमा रकिङ टावर, त्यस पछि तावातालको निर्माण तथा त्याहाबाट लघुविद्युत र सिंचाई गर्ने अवधारणाका साथ यो कार्यक्रम तयार गरिएको छ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • स्थानीय उत्पादन तथा वस्तुको बाजारीकरण<br>• स्थानीय रोजगारी सृजना<br>• स्थानीय  आय वृद्धि भई समृद्ध साकेला परिकल्पना पूरा हुने, |
| कार्यान्वयन गरिने स्थान | • वडा नं. २, ३, ४<br>• लामादुवाली, मपारुङ भिर, धन्यश्वरी गुफा, आसपासको चौर, टेम्के डाँडा, तावाताल<br>• हरेलो डाँडा-बुसुरी-टुम्कु हुँदै टेम्के सम्म |
| **रणनीतिहरु** | • योजनाको पहिलो २ वर्ष भित्र सम्भाव्यता अध्ययन तथा DPRतयार गर्ने,<br>• योजनाको तेश्रो वर्षदेखि पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्ने,<br>• पर्यटन प्याकेजको प्रचारप्रसार तथा पर्यटक आकर्षणको काम सुरु गर्ने |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सम्भाव्यता अध्ययग तथा DPRतयार | | | | | | २५०० | |
| २ | पूर्वाधार निर्माण तथा व्यवस्थापन | | | | | | १००००० | |
| ३ | प्रचार प्रसार | | | | | | २००० | |
| ४ | सेवा सेवाहरुको प्रवर्द्धन | | | | | | २००० | निजि क्षेत्र |
| | जम्मा | | | | | | ६५०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • पर्यटकीय क्षेत्रहरुलाई एउटा प्याकेजको रुपमा विकास गरी प्रबर्द्धन गर्दै लगिने छ,<br>• नीजि क्षेत्रको लगानी तथा सहकार्यलाई प्रबर्द्धन गरिनेछ।<br>• ठूला संरचनाहरुको लागि DPRतयार गरी समपुरक बजेट व्यवस्थाको लागि संघ र प्रदेश सरकारहरुसँग समन्वय गरिनेछ। |

**२. साँस्कृतिक भिलेज प्रबर्द्धन कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस साकेला गा.पा.मा किरात राई लगायत साँस्कृतिक सम्पदा सहितका बिभिन्न जातजातिहरुको बसोबास रहेको छ। उनीहरुको भाषा, सँस्कृतिको संरक्षण र प्रबर्द्धनको लागि साकेला गाउँपालिकाको *सिमा क्षेत्रमा पैदल मार्ग निर्माण* गर्दै त्यसै मार्गमा भेटिने *जातिगत समुदाय र बस्तीहरु*मा साँस्कृतिक भिलेजहरुको प्रबर्द्धन गर्न यो कार्यक्रम तयार गरिएको छ। |

| | |
|---|---|
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • स्थानीय भाषा, सँस्कति र कलाको प्रबर्द्धन हुने,<br>• स्थानीय उत्पादन तथा वस्तुको बाजारीकरण<br>• स्थानीय रोजगारी सृजना<br>• स्थानीय आय वृद्धि भई समृद्ध साकेलाको परिकल्पना पूरा गर्ने माध्यम हुने, |
| कार्यान्वयन गरिने स्थान | पालिकाको सिमा क्षेत्रमा सबै वडा |
| **रणनीतिहरु** | • योजनाको पहिलो २ वर्ष भित्र सम्भाव्यता अध्ययग तथा DPRतयार गर्ने,<br>• योजनाको तेश्रो वर्षदेखि सिमा क्षेत्रमा पदमार्ग निर्माण सुरु तथा व्यवस्थापन गर्ने,<br>• पर्यटन प्याकेजको प्रचारप्रसार तथा पर्यटक आकर्षण विकासको काम सुरु गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| **क्र.सं.** | **क्रियाकलाप** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रु (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सम्भाव्यता अध्ययग तथा DPRतयार | | | | | | १५०० | |
| २ | साँस्कृतिक पथमार्ग निर्माण | | | | | | ३०००० | |
| ३ | साँस्कृतिक भिलेजहरुको प्रबर्द्धन | | | | | | ५००० | |
| ४ | प्रचार प्रसार | | | | | | २००० | |
| | जम्मा | | | | | | ८५०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • पर्यटकीय क्षेत्रहरुलाई एउटा प्याकेजको रुपमा विकास गरी प्रबर्द्धन गर्दै लगिनेछ।<br>• नीजि क्षेत्रको लगानी तथा सहकार्यलाई प्रबर्द्धन गरिनेछ।<br>• ठूला संरचनाहरुको लागि DPRतयार गरी समपुरक बजेट व्यवस्थाको लागि संघ र प्रदेश सरकारहरुसँग समन्वय गरिनेछ। |

### ३. वादुङ झरना प्राकृतिक पर्यटन क्षेत्र विकास कार्यक्रम

| **विषयवस्तु** | **विवरण** |
|---|---|
| पृष्ठभूमिका | यस साकेला गा.पा. मा प्राकृतिक तथा सामाजिक सम्पदा प्रसस्तै रहेका छन्। यस्तै विभिन्न सम्पदा मध्ये साकेला गाउँपालिकाको वडा नं. १ मा रहेको वादुङ झरना ऐक्दमै लोकप्रिय रहेको छ। यस झरनालाई पर्यटक गन्तब्यस्थलको रुपमा विकास गर्न सके आर्थिक समृद्धिको आधारको रुपमा विकास गर्न सकिने देखिन्छ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • स्थानीय रोजगारी सृजना हुने।<br>• स्थानीय आय वृद्धि भई समस्त साकेलाबासीको समृद्धीको आधार तयार हुने। |
| **कार्यान्वयन गरिने स्थान** | साकेला गा.पा. को वडा १ |
| **रणनीतिहरु** | • DPR तयार गरी संरचनाको डिजाईन गरी निर्माण कार्य सम्पन्न गर्ने।<br>• सम्भाबित क्षेत्रमा पर्यटन आकर्षण बढाउन थप संरचना बनाउने।<br>• पर्यटनको अरु प्याकेजमा संलग्न गरी प्रचार प्रसार गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| **क्र.सं.** | **क्रियाकलाप** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रु (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सम्भाव्यता अध्ययन तथा DPRतयार | | | | | | १००० | |
| २ | पूर्वाधार निर्माण तथा व्यवस्थापना | | | | | | १००० | |
| ३ | प्रचार प्रसार | | | | | | २००० | |
| ५ | थप सेवाको प्रर्वद्धन | | | | | | १००० | |
| | जम्मा | | | | | | ५००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • DPR का आधारमा प्रदेश सरकारसंग समन्वय गरी पुर्वाधार विकास गरिनेछ।<br>• संस्कृति, पर्यटन तथा नागरिक उयन मन्त्रालयसंग सहकार्य तथा समन्व्य, साझेदारी गरी पर्यटन क्षेत्रको प्रवर्द्धन तथा विकास गरिनेछ। |

### ४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

#### ४.४.१ पृष्ठभूमि

साकेला गाउँपालिकाको मुख्य आर्थिक कृयाकलाप कृषिमा आधारित छ। समृद्ध साकेलाको लागि उद्योग क्षेत्रको विकास योजना बनाउनु महत्वपूर्ण रहेको छ।

#### ४.४.२ सम्भावना तथा अवसर

साकेला गाउँलिकामा घरायसीस्तरको केहि मिल तथा कुटानी पिसानीका उद्योग बाहेक अरु उद्योग पाईन्न। सेखुवा, वादुगं र वाझे क्षेत्रमा भेडापालन राम्रो रहनुका साथै राडी पाखी बुन्ने प्रचलन रहेको पाईन्छ। आउदा दिनमा स्थानीय कृषि उत्पादनहरुको प्रशोधन गर्ने उद्योगहरुको सञ्चालनको सम्भावना भने उच्च देखिन्छ। गाउँपालिकाको सबै क्षेत्रमा नासपाति पाईन्छ। यहाँ आलु, मकै, कोदो, जौ, भटमास, तोरी प्रसस्त पाईन्छ। उच्च क्षेत्रमा नेपाली कागज बनाउन आवश्यक मछिनो, लोक्ता, सिर्के, अल्लो समेत प्रसस्त पाईने भएकोले यस्ता उत्पादनहरु प्रशोधन गर्न लघु तथा साना उद्योगहरु स्थापना गरी सञ्चालनग गर्न सकिने देखन्छ।

#### ४.४.२ समस्या तथा चुनौती

उद्योगको लागि कच्चा पदार्थ रहेता पनि उद्योग सञ्चालनको पूर्वाधार विकास हुन सकेको पाईन्न। आलु चिप्स बनाउने तालिमहरु सञ्चालन भएता पनि त्यसको उद्योग स्थापना गर्ने स्तरमा जान सकेको देखिन्न। यि स्पूर्णलाई मध्यनजर गर्दै गाउँपालिकाको उद्योग योजना बनाउनु पर्ने देखिन्छ।

#### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य,

**लक्ष्य**: सकेला गाउँपालिकामा लघु तथा साना उद्योगहरु स्थापाना भइ सञ्चालन हुने आधार तयार हुने।

**उद्देश्य**: गाउँपालिका भित्र लघु तथा साना उद्योगहरु स्थापाना तथा सञ्चालनको आधार तयार गर्नु।

#### ४.४.५ रणनीति

- साकेला औद्योगिक नीति तयार गरी उद्योग दर्ता गर्ने वातावरण तयार गर्ने।
- नेपाल सरकारको एक गाउँ एक औद्योगिक ग्रामको नीति अनुरूप सम्भाव्यता अध्ययन गरी साकेला औद्योगिकग्राम स्थापना गर्ने।
- साकेला औद्योगिकग्राममा उद्योग स्थापना गरी सञ्चालन गर्न निजि क्षेत्रलाई प्रबर्द्धन गर्ने।

#### ४.४.६ कार्यक्रम तथा आयोजना

**१. साकेला औद्योगिकग्राम स्थापना तथा सञ्चालन कार्यक्रम,**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस गाउँपालिकामा पाईने उत्पादनहरुको प्रशोधन गरी बजारसँग समन्वय गराई यहाको उत्पादनको व्यवसायीकरन गर्न औद्योगिक ग्राम स्थापना कार्याम तय गरिएको छ। पूर्व अध्ययनको आधारमा गाउँपालिकाको उपयुक्त स्थानमा औधोगिक ग्रामको स्थापना गरिनेछ र उद्योग स्थापना गरी सञ्चालन गर्न ईच्छुक व्यक्तिलाई उद्योग दर्ता गरी सञ्चालन गर्न यस ग्राममा स्थान उपलब्ध गराईने छ। यस ग्राममा सञ्चालन गर्न सकिने सम्भावित उद्योगहरुमा आलु, मकै, कोदो, जौ, भटमासको प्रशोधनबाट हुन सक्ने उद्योग; रायो साँग प्रशोधन गरी गुन्द्रुक उद्योग; नासपाति, सुन्तला र अन्य फलफूल प्रशोधनबाट हुने उद्योग; भेडाको ऊनबाट हुने उद्योग; लोक्ता अर्गेलीबाट हुने नेपाली कागज उद्योग; अल्लो प्रशोधन आदिसँग सम्बन्धी त उद्योगहरुलाई प्रबर्द्धन गरिनेछ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • कृषि तथा पशु उत्पादनको प्रवर्द्धन बजारीकरण सहजिकरणमा प्रमुख भूमिका निर्वाह गर्ने,<br>• कृषि क्षेत्रबाट उत्पादित वस्तुहरुको व्यवसायीकरण हुने, |
| कार्यान्वयन गरिने स्थान | सवै वडाहरु । |
| **रणनीतिहरु** | • पालिकास्तरीय उद्योग प्रबर्द्धन ऐन, नियमावली, कार्यविधी आदी बनाउने तथा समयानुल संसोधन गर्ने,<br>• उद्योग स्थापना गरी सञ्चालन गर्न चाहने उद्यमीहरुलाई बिऊपूँजी अनुदान व्यवस्था गर्ने,<br>• औद्योगिकग्राम स्थापना गरी उद्यमीहरुलाई उद्योग सञ्चालन गर्ने स्थान उपलव्ध गराउने,<br>• उत्पादनमुलक कृषि व्यवसायमा कृषि ऋण सहायता अनुदान प्रवाह गर्ने, |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | औद्योगिक ग्राम संभाव्यता अध्ययन | | | | | | ५०० | |
| २ | औद्योगिकग्राम स्थापना | | | | | | १५००० | |
| ३ | उद्यमी प्रबर्द्धन तालिम | | | | | | १००० | |
| ४ | उद्योग दर्ता तथा सञ्चालन प्रबर्द्धन (बिऊपूँजी परिचालन समेत) | | | | | | ५००० | |
| | जम्मा | | | | | | २१५०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | उद्योग स्थापना र सञ्चालन ऐन तयारी | | | | | | ५० | |

| कार्यनीतिहरु | |
|---|---|
| | • स्थानीय उत्पादनमा आधरित उद्योगहरुलाई प्राथमिकता दिईने छ। <br>• महिला, अपांगता भएका व्यक्ति र लक्षित बर्गले सञ्चालन गर्ने उद्योगहरुलाई सेवा सुबिधामा प्राथमिकता दिईने छ। <br>• औद्योगिकग्राम स्थापना गर्नको लागि प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरिनेछ। |

## ४.५ सहकारी तथा वित्तीय सेवा

### ४.५.१ पृष्ठभूमि

साकेला गाउँपालिकाको मुख्य आर्थिक कृयाकलाप कृषिमा आधारित छ। समृद्ध साकेलाको लागि कृषि तथा पशु पालन जस्ता क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने रणनीति तथा कार्यक्रमहरु यस आवधिक योजनाले लिएको छ। स्थानीय उत्पादनलाई सहकारीहरु मार्फत उत्पदन तथा बजार व्यवस्था गर्न सके यस योजनाको लक्ष्य प्राप्त गर्न सजिलो हुने देखिएकोले सहकारी तथा वित्तीय सेवा क्षेत्रको योजना तयार गरिएको छ।

### ४.५.२ सम्भावना तथा अवसर

साकेला गाउँलिका भित्र कृषि तथा बहुउद्देश्य गरी ४ वटा सहकारी सञ्चालनमा छन् भने केहि लघुबित्त संस्थाहरुले काम गरीरहेका छन् । गाउँपालिकामा भित्र कृषि तथा पशुपालन क्षेत्रमा नयाँ प्रविधि र सोँचका साथ उत्पादन हुने क्रम सुरु भएको छ। स्थानीय उत्पादन बृद्दि, व्यवस्थापन, प्रशोधन र बजारीकरणमा सहकारीको भूमिकालाई जोड्न सकिने सम्भावना बढेको देखिन्छ।

### ४.५.२ समस्या तथा चुनौती

वडास्तरी छलफल र गाउँपालिकास्तरीय योजना तर्जुमा गोष्ठीहरुमा सहभागीहरुले सहकारी संस्थाहरु स्थानीय उत्पादनसँग जोडिन नसकेको कुरा बताएका छन्। यसका साथै सहकारीहरुले आफ्नो ब्यवसायीक योजना तयार पार्न नसकेको, बैंक तथा सहकारीको सेवामा सबैको पहुच नपुगेको, सहकारीहरुले बचत तथा ऋण जस्ता कार्यमा काम गरेता पनि प्रभावकारी नभएको जस्ता समस्याहरु सहभगीहरुले बताएका छन्। लघुबित्त संस्थाहरुले काम गरेता पनि यिनिहरुले स्विकृत भएको ऋणको करिब २०% रकम ऋण स्विकृति प्रकृया र प्रशासनिक शुल्कको नाममा कटाउने गरेकोले जनतालाई ऋणमा डुबाउने काम मात्र गरिरहेको कुरा छलफलमा आएको छ।

सहकारीहरुको क्षमता विकास गरी स्थानीय उत्पादन प्रवर्द्धन, प्रशोधन् र बिक्रिबितरणमा सक्रिय बनाउन सके गाउँपालिकाको अर्थतन्त्र विकासमा ठूलो योगदान पुग्ने देखिन्छ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य,

**लक्ष्यः** साकेला गाउँपालिकामा क्रियाशिल सहकारीहरुको क्षमता विकास भै स्थानीय उत्पादन् प्रबर्द्धन, प्रशोधन, र बजारीकरणमा सक्रिय भएको हुने।

**उद्देश्य:** गाउँपालिका भित्र क्रियाशिल सहकारीहरुको क्षमता विकास गरी स्थानीय उत्पादन् प्रबर्द्धन, प्रशोधन, र बजारीकरणमा सक्रिय बनाउनु।

### ४.५.५ रणनीति

- साकेला सहकारी ऐन तयार गरी सहकारीहरुलाई दर्ता, नवीकरण र  नियमन गर्ने।
- सहकारीहरुको क्षमता विकास गरी संस्थागत गर्ने।
- साकेला गाउँपालिकामा उत्पादन् हुने कृषि तथा पशु उपजहरुको प्रबर्द्धन, प्रशोधन र बजारीकणमा सहकारीहरुलाई क्रियाशिल बनाउने।

### ४.५.६ कार्यक्रम तथा आयोजना

**१. सहकारी संस्था स्थापना तथा सञ्चालन कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस गाउँपालिकामा विभिन्न सहकारी संस्थाहरु स्थापित र सञ्चालित अवशथामा रहेको छ। सहकारीहरु सक्षम र संस्थागत हुन नसकेको देखिन्छ। सहकारीहरु बचत तथा ऋण र आयातित वस्तुहरुको बिक्रिबितरणमा व्यस्त छन्। स्थानीय तहमा बिभिन्न अन्न, तरकारी, नगदे, फलफूल आदि सबैखाले उत्पादन भैरहेको पाइन्छ तर ति उत्पादनहरुको उचित बजारको व्यवस्था हुन नसकेको कारण कृषकहरु निराश भइ उत्पादनलाई नियमित गर्न सकिरहेका छैनन्। यस्तो अवस्थामा गाउँपालिका भित्रका सहकारीहरु मध्ये उद्देश्य मिल्दो सहकारीहरु वा नयाँ सहकारी संस्था स्थापना गरी स्थानीय उत्पादनहरुको प्रबर्द्धन, प्रशोधन र बजारीकरणका लागि सकृय बनाई साकेलावासीको आर्थिक उन्नति हासिल गर्न यो कार्यक्रम तयार गरिएको छ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • कृषि तथा पशु उत्पादनको प्रवर्द्धन बजारीकरण, सहजिकरणमा प्रमुख भूमिका निर्वाह गर्ने,<br>• कृषि र उद्योग क्षेत्रबाट उत्पादित वस्तुहरुको सहकारीमार्फत बजारीकरण तथा अन्य सहजिकरणको भूमिका निर्वाह गर्ने, |
| कार्यान्वयन गरिने स्थान | सवै वडाहरु। |
| **रणनीतिहरु** | • पालिका स्तरिय सहकारी ऐन, नियमावली, कार्यविधी आदी बनाउने तथा समयानुल संसोधन गर्ने,<br>• पालिकाबाट उत्पादकहरुलाई दिईने अनुदान सहकारी मार्फत कार्यान्वयन गर्ने,<br>• सहकारी मार्फत कृषक बर्गहरुलाई खेती प्रणालीबारे तालिम, कृषि उपजको संकलन, भण्डारण, मुल्य निर्धारण संगसंगै बजार व्यवस्थापनमा प्रमुख भूमिका निर्भाह गर्ने , |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सहकारीहरुको क्षमता विकास तथा नियमन | | | | | | ९७५ | |
| २ | कृषक समुह/ सहकारी मार्फत उत्पादन प्रबर्द्धन (उत्पादन लक्ष्य तोक्ने तथा भुक्तानी दिने) | | | | | | २००० | |
| | जम्मा | | | | | | २९७५ | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सहकारी ऐन तयारी | | | | | | ५० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • सहकारी/कृषक समुहमार्फत वजेट परिचालन तथा वजार सुनिश्चितता गरिनेछ,<br>• सहकारीहरुको क्षमता विकासको लागि प्रदेश सरकारसंग सहकार्य गरिनेछ,<br>• सहकारी मार्फत कृषकहरुलाई उत्पादन् लक्ष्य तोक्ने, अग्रिम भुक्तानी गर्ने र उत्पादित वस्तुलाई सुपथ मुल्यमा खरिद गर्ने व्यवस्था मिलाईने छ। |

## परिच्छेद ५: सामाजिक विकास योजना

**परिचयः**

आवधिक योजना तर्जुमाको एक महत्वपूर्ण क्षेत्र सामाजिक विकास पनि हो। जनसांख्यिक बिशेषता अनुसारको विकास योजनालाई योजनावद्ध रणनीति अनुसार शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सिमान्तकृत समुदायको अग्राधिकार सहितको समाजिक न्याय र समतामुलक समाजको अग्रगति सहितको मार्गनिर्देश गर्न स्थानीय परिवेशमा आधारित भई योजना र कार्यक्रमहरुको विश्लेषण गरिएको छ। युवा जनसंख्याको प्रचुरता, बढ्दो शहरी बसाई सराई र भौतिक पुर्वाधारको विकाससँगै निकट भविष्यमा साकेला गाउँपालिकामा पर्ने सकारात्मक प्रभाव र अन्य चुनौति लक्षित दीगो  विकासको अवधारणालाई प्राथमिकता सहित समेटिएको छ। यसको मुख्य उद्देश्य मानव सूचकांक विकास र मानवीय पक्षहरुको सम्बोधन सहित सेवासुविधा र विकासको न्यायोचित वितरण र लगानीमा ध्यान दिईएको छ। यहा प्रस्तुत भएका सम्पूर्ण विषयहरु स्थानीय समुदायसँगको छलफल र निश्कर्षहरुमा आधारित रहेका छन्।

### ५.१ स्वास्थ्य तथा पोषण

#### ५पृष्ठभूमि १.१.

सुधारिएको स्वास्थ्य सेवाले समग्र सामाजिक आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्याउदछ। विगतका वर्षहरुमा स्थानीय स्वास्थ्य सेवाका क्षेत्रहरुमा भएका विकास र जनचेतना विस्तारले सामुदायिक स्वास्थ्यमा उल्लेख्य सुधार भएको छ। साकेला गाँउपालिकाले सहुलियतमा एम्बुलेन्स सुविधा र आकस्मिक उद्धारको लागि  एम्बुलेन्स सञ्चालन कार्यविधि पारित गरी कार्यान्वयन गर्न थालेको छ। बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत मातृशिशु स्वास्थ्य सुधारमा उल्लेख्य उपलब्धी हासिल हुदै आएको छ। अत्यन्त न्यून श्रोतका वावजुद साकेला गाउँपालिकाले संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकास्तरीय अस्पताल भवन निर्माण र सञ्चालन प्रक्रिया अघि बढाएको छ। वडा तहमा ५ वेडको स्वास्थ्यचौकी, विभिन्न वडामा रहेका स्वास्थ्यचौकी भवनहरुको स्तरोन्नती कार्य जारी रहेको छ। आगामी  वर्षहरुमा यस साकेला गाँउपालिकाले स्वास्थ्य सेवामा समतामूलक पहुँच,  वडा र गाउँपालिका तहमा गुणस्तरीय स्वास्थ्य सेवाहरू, बहु-क्षेत्रीय समन्वयात्मक दृष्टिकोण आदि रणनीतिमार्फत सबैकालागि सुलभ र पहुँचयोग्य स्वास्थ्य सेवा विस्तार गर्ने लक्ष्य राखेको छ।

#### ५.१.२ सम्भावना तथा अवसर

समग्रमा साकेला गाउँपालिकाको स्वास्थ्यक्षेत्रको सम्भावनाहरुलाई देहाय बमोजिम बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- बहुक्षेत्रीय पोषण सुधार र पूर्ण  सरसफाइ कार्यक्रमका सेवाहरुमा निरन्तरता रहेको,
- नयाँ  निर्माण हुदै गरेका भवन संरचनाहरु भुकम्प प्रतिरोधी, बालमैत्री र अपागंतामैत्री सुविधाहरु राख्ने गरिएको छ।
- भौगोलिक बिकटताले सिर्जना गर्ने चुनौतिहरुलाई संबोधन गर्न हेल्थ सेवा टेली सञ्चालन भैरहेको अवस्था छ ।
- विद्यालय र समुदायमा नियमित घुम्ति स्वास्थ्य शिविर र  विद्यालयमा नर्स कार्यक्रमलाई विस्तार गर्न सकिने।
- स्वास्थ्य विमा कार्यक्रममा सबै घरधुरीलाई अनिवार्य रुपमा सहभागी गराउन सकिने।
- मानसिक स्वास्थ्य तथा मनोविमर्श सेवा सञ्चालन तथा विस्तारलाई प्राथमिकता राखी विस्तार गर्न सकिने।
- गाउँघर क्लिनिक तथा खोपकेन्द्रहरु सञ्चालनमा रहेको र यसका लागि भवन लगायतमा स्तरोन्नती सकिने।
- गाउँपालिकामा महिला स्वास्थ्य स्वयंसेवीकाहरु क्रियाशिल रहेको र उनीहरुको क्षमतामा थप विकास गर्न सकिने।
- पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी विपदमा स्वास्थ्यसेवालाई प्रभावकारी बनाउन सकिने।
- खोप तथा सरसफाईका कार्यहरु गाउँपालिकामा भैरहेको र गाउँपालिकालाई पूर्णखोप र पूर्णसरसफाईयुक्त गाउँपालिका घोषणा गराउन सकिने।
- किशोरकिशोरीहरुको लागि यौन शिक्षा, परामर्श र बाल बिवाह उन्मुलन सम्बन्धी  जनचेतना विस्तार गर्न सकिने,
- नसर्ने रोगहरुको नियन्त्रण तथा रोकथामको लागि तनाव व्यवस्थापन, योग शिविर, जनचेतना तथा ध्यानकेन्द्रहरुको स्थापना गरी सञ्चालन गर्न सकिने।

### ५.१.३ समस्या तथा चुनौती

गाउँपालिकाको सिमित श्रोतसाधानका कारण स्वास्थ्य क्षेत्रका सबै आवश्यकता पुरा गर्न चुनौती नै रहेको छ। जस अन्तर्गत देखिएका मुख्य समास्याहरु निम्न अनुसार रहेका छन्।

- सुचिकृत औषधीको सबै मात्राहरु समयमा नै उपलब्ध हुन नसक्नु।
- सेखुवा र डाँडागाउँमा रहेका स्वास्थ्यचौकीको आफ्नो भवन नभएको।
- ल्याव तथा आधुनिक उपकरणहरुको अभाव रहेको,
- भिडियो एक्सरे तथा प्राविधिक उपकरण सञ्चालन गर्न प्राविधिक कर्मचारीको अभाव रहेको,
- स्वास्थ्य विमा कार्यक्रमले सबै घरधुरीलाई समेट्ने नसकेको।
- टोलस्तरमा सुरक्षित गाउँघर क्लिनिक भवन नभएको,
- स्वास्थ्यचौकी व्यवस्थापन समितिको सक्रियता र जनसहभागीतामा कमी,
- स्वास्थ्यकेन्द्रमा फोहर व्यवस्थापन प्रणाली र शुद्ध पिउनेपानीको व्यवस्थामा कमी।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य र उद्देश्य

**लक्ष्य :**

साकेला गाउँपालिकाका जनताहरुको जीवनमा शारीरिक, मानसिक, सामाजिक र भावनात्मक स्वास्थ्यको सहजता सहित सकृय र क्रियाशिल जीवनशैलीको आधार तयार भएको हुने।

**उद्देश्य:**

सञ्चालनमा रहेका स्वास्थ्य संस्था, मानवीय श्रोत र आवश्यक साग्री र प्रविधिको व्यवस्था गरी साकेला गाउँपालिकाका जनताहरुको जीवनमा शारीरिक, मानसिक, सामाजिक र भावनात्मक स्वास्थ्यको सहजता सहित सकृय र क्रियाशिल जीवनशैलीको आधार तयार गर्नु।

### ५.१.५ रणनीति

- स्वास्थ्य संस्थाहरुको पूर्वाधार व्यवस्थापन गर्दै लैजाने।
- स्वास्थ्यकर्मीहरुको दर्बन्दी मिलना तथा उनीहरुको क्षमता विकास गर्दै लैजाने।
- स्वास्थ्य संस्थाहरुमा औजार तथा प्रविधिको व्यवस्था गर्ने।
- सबै स्वास्थ्य संस्थाहरुमा औषधी तथा गुणस्तरीय सेवालाई नियमित गराउने।

### ५.१.६ कार्यक्रम तथा योजना

**१. स्वास्थ्य संस्थाहरुको पूर्वाधार व्यवस्थापन कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमिका (सम्भावना तथा समस्याको विश्लेषण) | गाउँपालिका भित्र १ वटा ५ शैयाको प्राथमिक स्वास्थ्य केन्द्र, ३ वटा स्वास्थ्यचौकी र २ वटा आधारभुत स्वास्थ्यचौकी रहेको छ। स्वास्थ्यचौकीहरुको सामान्यतः आफ्नो भवन रहेको छ तर स्वास्थ्यसेवालाई बिस्तार गर्नलाई त्यो भवन पर्याप्त छैन। स्वास्थ्यका सम्पूर्ण सेवा लगायत तालिम, गोष्ठी, बैठक, प्रशासनिक कार्यहरु एउटै कोठाबाट सञ्चालन गरिंदै आएको। चित्रा बेरामा वा कपडाको बेरा बारी प्रसुति सेवा सञ्चालन हुँदै आएको छ। गाउँघर क्लिनिक र खोप केन्द्रहरु व्यक्तिको घर वा विद्यालय लगायत बिभिन्न संस्थाको भवनमा सञ्चालन हुँदै आएका छन्। स्वास्थ्यकर्मीहरुको लागि पर्याप्त क्वाटरहरु उपलब्ध छैन। स्वास्थ्य चौकी मार्फत २७ प्रकारका औषधीहरु उपलब्ध छ। तर सबै सुचिकृत औषधीको भने अझै कमी रहेको छ।<br>सडकहरुको स्तरोन्नति तथा यातायात सेवामा क्रमसः सुधार हुदै सन्दर्भमा गाउँपालिका भित्र डाक्टर, भौतिक पूर्वाधार र सम्पूर्ण सुबिधा सहितको १ अस्पताल प्रबर्द्धन गर्ने र बाँकी स्वास्थ्यचौकीहरुलाई आधारभुत स्वास्थ्य संस्थाको रुपमा विकास गर्दै लैजानको लागि यो कार्यक्रम तयारत गरिएको छ।<br>यस कार्यक्रम अन्तर्गत टिकट तथा सोधपुछ कक्ष, आकस्मिक कक्ष, पोषण, खोप, परिवार नियोजन, सुरक्षित मातृत्व (ANC, PNC, Delivery room), HIV AIDS and STI counselling/management room, किशोर किशोरी स्वास्थ्य तथा परामर्श कक्ष, मानसिक समस्या सम्बन्धी परामर्श कक्ष, ट्रमा, ड्रेसिङ कक्ष, भण्डारण कक्ष, प्रशासन कक्ष, लेखा कक्ष, वैठक कक्ष, निर्मलीकरण कक्ष, एक्सरे कक्ष, ल्याव कक्ष, स्तनपान कक्ष, प्रतिक्षालय कक्ष, चेन्जिङ कक्ष, लन्ड्रि कक्ष, अन्तरंग कक्ष, आईसोलेसन कक्ष, भान्सा कक्ष जस्ता सबै सुबिधा सहितको अस्पताल भवन बनाउने सोँच राखिएको छ। वडास्तरीय स्वास्थ्यचौकी तथा आधारभूत स्वास्थ्य संस्थाहरुको पनि आधारभूत भौतिक पूर्वाधार तयार गर्दै जाने सोच समेत राखिएको छ। |
| कार्यान्वयन | साकेला गा.पा.को प्रत्येक वडाको प्रत्येक स्वास्थ्य संस्थामा गर्ने |

| | |
|---|---|
| गरिने स्थान | |
| रणनीतिहरु | • अस्पताल निर्माणको लागि जग्गा व्यवस्थापन गर्ने । <br>• अस्पताल तथा स्वास्थ्यचौकीहरुको DPRतयार गरी प्रदेश तथा संघीय सरकारसँग सहकार्यको लागि समन्वय गर्ने । <br>• भवन तता आवश्यक उपकरणहरुको व्यवस्थापन गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | अस्पताल भवन निर्माण | | | | | | ९०००० | |
| २ | प्रसुती केन्द्र निर्माण | | वार्ड १ | वडा ४ | | | ५००० | |
| ३ | १३ वटा खोप केन्द्र भवन निर्माण (क्रमस) | | २ | ३ | ३ | ३ | १०००० | |
| | जम्मा | | | | | | १५००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | अस्पताल तथा स्वास्थ्य संस्थाहरुको DPRतयारी | | | | | | १५०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • जग्गाको लागि दाताहरुसँग समन्वय गरिनेछ । <br>• निर्माण हुने संरचनाहरुलाई वालमैत्री र अपांगमैत्री बनाईनेछ । <br>• स्वास्थ्यका अन्य परियोजनाहरुसंग समन्वय गरिनेछ । |

### २. स्वास्थ्य जनशक्ति व्यवस्थापन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमिका | दरवन्दी अनुसार स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापन हुन नसक्नु स्वास्थ्य क्षेत्रको प्रमुख समस्या रहेको छ । स्वास्थ्य सेवालाई गुणस्तरीय र भरपर्दो बनाउनको लागि पूर्वाधार पछिको आवश्यकीय कुरा भनेको जनशक्तिको व्यवस्थापन रहेको हुनाले पूर्वाधारयुक्त स्वास्थ्य संस्थाहरुमा जनशक्ति व्यवस्थापन गर्न यो योजना तर्जुमा गरिएको छ । जनशक्ति व्यवस्थापनको अर्को पाटो भनेको उपलब्ध कर्मचारिहरुको क्षमता अभिवृद्धि गर्नु हो । |
| **उद्देश्य** | स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्था गरी स्वास्थ्य सेवालाई प्रभावकारी तथा भरपर्दो बनाउनु । |
| कार्यान्वयन गरिने स्थान | सबै स्वास्थ्य संस्थाहरु |
| **रणनीतिहरु** | • संगठन विकास अध्ययनको आधारमा दरबन्दी निर्धारण गर्ने । <br>• दर्वन्दीको आधारमा लोकसेवासंग जनशक्तिको लागि समन्वय गर्ने । <br>• उपलव्ध जनशक्तिको क्षमता विकास गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | दर्वन्दि कायम गर्ने | | | | | | | |
| २ | दर्वन्दि अनुसारको कर्मचारी माग गर्ने | | | | | | २००० | |
| ३ | क्षमता विकास तालिम | | | | | | ३००० | |
| | जम्मा | | | | | | ५००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | संगठन विकास अध्ययन | | | | | | ५०० | |

| | |
|---|---|
| कार्यनीतिहरु | • तेश्रो पक्षीय संगठन विकास अध्ययन गरिनेछ र त्यसको प्रतिबेदनको आधारमा दरबन्दी मिलान गरिनेछ । <br> • स्वास्थ्य क्षेत्रका विशेषज्ञहरु सरकारी दरको तलव भत्तामा दुर्गम क्षेत्रमा काम गर्न कम ईच्छा देखाउने भएको हुनाले त्यस्ता स्वास्थ्यकर्मीहरुलाई आकर्षण गर्न सुबिधा प्याकेजहरुको व्यवस्था गरिनेछ । |

३. औजार उपकरण तथा औषधी, केमिकल व्यवस्थापन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमिका | गाउँपालिका भित्र जति पनि स्वास्थ्य संस्था र संरचाहरु छन् त्याहाँ आवश्यकता र हुनु पर्ने न्यूनतम मापदण्ड बमोजिमको औजार, औषधी तथा आवश्यकीय सामग्रीहरुक कमी रहेको देखिन्छ । एक्स-रे मेसिन, ल्यावमा कुल्टर काउन्ट, रोटेटर, हात धुने बेसिन, डि.फ्रिज, सामान्य फ्रिज जस्ता सामग्रीहरुको अभावको कारण औषधीहरुको भण्डारण तथा व्यवस्थापनमा समस्या देखिएको छ । फर्निचर, यथेस्ट कोठा, वैकल्पिक उर्जाको सामाग्री, स्वच्छ पिउने पानी, लन्ड्रि आदिको व्यवस्था नहुँदा स्वास्थ्य संस्थाहरुले आधारभुत सेवा समेत दिन नसक्ने अवस्था सृजना भईरहेको हुनाले त्यस्ता समस्याहरुको निवारण गरी आधारभुत स्वस्थ्यसेवाको सुनिश्चितता गर्न यो कार्यक्रम तयार गरिएको छ । |
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | • जनस्वस्थ्यमा सुधार हुने । <br> • सक्षम र आर्थिक रुपमा क्रियाशिल जनशक्तिको विकास गर्न सहयोग पुग्ने । |
| कार्यान्वयन गरिने स्थान | स्वास्थ्य संस्थाहरु |
| रणनीतिहरु | • उपलव्ध औजारहरुको नियमित रुपमा मर्मत सम्भार गर्ने । <br> • नयाँ उपकरण तथा औजार खरिद गर्ने । <br> • आवश्यक औषधी नियमित रुपमा खरिद गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | एक्सरे मेसिन व्यवस्थापन | | | | | | ३००० | |
| २ | कुस्टर काउन्ट | | | | | | १००० | |
| ३ | USG मेसिन पोर्टेवल । नन पोर्टेवल | | | | | | ४००० | |
| ४ | डि. फ्रिज ८ वटा , सामान्य फ्रिज ८ वटा | | | | | | ३००० | |
| ५ | ल्याव व्यवस्थापन | | | | | | २००० | |
| ६ | स्वास्थ्य सेवाकोलागि आवश्यक उपकरणको व्यवस्थापन | | | | | | १०००० | |
| | जम्मा | | | | | | २३००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | औषधी व्यवस्थापन | | | | | | २५०० | |
| २ | ल्यावको लागि केमिकल व्यवस्थापन | | | | | | २०० | |
| | जम्मा | | | | | | २७०० | |

| | |
|---|---|
| कार्यनीतिहरु | • ठूला उपकरणहरुको खरिदको लागि विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरिनेछ । <br> • औषधी र सामग्री व्यवस्थापनको लागि संघ र प्रदेश सरकारसँग लागत साझेदारी गरिनेछ । <br> • खरिद योजना बनाई अतिआवश्यक कुराहरुको खरिदलाई नियमित बनाईनेछ । |

**४. चेतनामुलक कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमिका | समुदायमा कोकाकोला, डिउ, स्प्राईट जस्ता पेयपदार्थका साथै चाउचाउ, विस्कुट, कुर्कुरे, चिजबल्स जस्ता पत्रु खाने कुराको प्रयोग व्यापक हुदै गएको छ । यस्ले स्थानीय उत्पादनको उपभोगमा ह्रास ल्याउने मात्र नभएर स्थानीय संस्कार र सँस्कृतिलाई लोप गराउनुका साथै जनस्वास्थ्यमा समेत असर गरिरहेको छ । गाउँपालिका भित्र मादक पदार्थ र सुर्तिजन्य पदार्थको पनि अत्याधिक प्रयोग हुने गरेको देखिन्छ भने बजार तथा चोक जस्ता सार्वजनिक ठाउँमा खाली बोतल र प्लष्टिकजन्य पदार्थहरु यथेष्ट मात्रामा देखिन थालेको छ । यसले बालबालिकाहरुको मनोबिज्ञानमा समेत नकरात्मक असर पर्ने देखिन्छ । यसका लागि समुदायका मानिसहरुलाई जनसमुदायमा स्वस्थकर खानपान कसरी गर्ने, के खाने, के नखाने, खाएका कुराको कसरी व्यवस्थापन गर्ने जस्ता विषयमा जनचेतना अभिवृद्धि गर्न सके जनस्वास्थ्यको दह्रो आधार तयार हुने अपेक्षा सहित यो कार्यक्रम तयार गरिएको छ । |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • यो कार्यक्रमले अभिभावक शिक्षामा सहयोग पुर्याई विद्यार्थी शिक्षामा सहयोग पुग्ने छ ।<br>• कृषि तथा पशुपंक्षीजन्य स्थानीय उत्पादनको उपभोग र थप उत्पादनमा सहयोग पुग्ने छ । |
| कार्यान्वयन गरिने स्थान | सबै वडा |
| **रणनीतिहरु** | • जनप्रतिनिधि तथा सरोकारवालाहरुलाई तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्ने ।<br>• विद्यालयहरुमा स्वास्थ्य शिक्षा अनिवार्य गराउने ।<br>• समुदाय केन्द्रित जनचेतनाका कार्यक्रमहर सञ्चालनग गर्ने ।<br>• पत्रुजन्य खाना र मादक पदार्थ तथा सुर्तिजन्य पदार्थहरुको बेचबिखन नियमन तथा व्यवस्थापन गर्न ऐन बनाई लागु गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सुरक्षित मातृत्व सम्बन्धी तालिम | | | | | | ५००० | |
| २ | पोषण तथा खाद्य सुरक्षाबारे तालिम | | | | | | १०००० | |
| ३ | नसर्ने रोग संवन्धि कार्यक्रम | | | | | | २५०० | |
| ४ | पत्रु खाना तथा पेयपदार्थ सेवन व्यवस्थापन तालिम | | | | | | २५०० | |
| ५ | नवशिसु तथा वालरोग व्यवस्थापनबारे सचेतना | | | | | | १५०० | |
| ६ | महामारि तथा प्रकोप व्यवस्थापनबारे सचेतना | | | | | | १५०० | |
| | जम्मा | | | | | | २३००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | विद्यालयहरुमा पत्रु खानेकुराबारे कक्षा सञ्चालन | | | | | | २०० | |
| २ | अखाद्य वस्तु व्यवस्थापन ऐन तयारी | | | | | | ५० | |
| | जम्मा | | | | | | २५० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • जनप्रतिनिधिहरुलाई पहिलो चरणमा प्रशिक्षण दिई उनीहरुको नेतृत्वमा थप कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाईने छ<br>• विद्यालयहरुमा अखाद्यवस्तु सेवन व्यवस्थापनबारे कक्षाहरु सञ्चालनग गर्ने व्यवस्था मिलाईने छ ।<br>• पसल, बजार लगायत सार्वजनिक स्थलमा देखिने गरेको मादक पदार्थजन्य फोहोरको चाङलाई व्यवस्थित गर्न स्थानीयहरुलाई प्रोत्साहन गरिनेछ । |

## ५.२ शिक्षा तथा खेलकूद

### ५.२.१ पृष्ठभुमि

विभिन्न चरणको छलफल तथा परामर्शबाट प्राप्त सुझाव अनुसार प्रारम्भिक बाल विकास, प्राथमिक शिक्षा समेतलाई दृष्टिगत गरी स्थानीय पाठ्यक्रमको अद्यावधिक गरी गुणस्तरीयता कायम गर्ने, ज्ञानमा र सिपमा आधारित समाज निर्माणबाट सामाजिक आर्थिक रूपान्तरणका लागि माद्यमिक शिक्षामा प्राविधिक विषयमा पहुँच र गुणस्तर अभिवृद्धि गरी, सामाजिक न्यायको प्रबर्द्धन, शिक्षालाई वैज्ञानिक, प्रतिस्पर्धी, रोजगारमूलक, नवप्रवर्तनात्मक, प्रविधिमैत्री र अनुसन्धानमूलक बनाउने, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई सामाजिक प्रतिष्ठासँग आबद्ध गर्ने विषयबस्तुहरुलाई मध्यनजर गर्दै शिक्षा विकास क्षेत्रको कार्यक्रमहरु सिफारीस गरिएका छन्।

### ५. २.२ सम्भावना तथा अवसर

साकेला गाउँपालिकाका प्रत्येक वडामा १ वटा मा.वि. रहेका छन्। वडागत रुपमा हेर्दा वडा नं. १ मा कक्षा ८ सम्मको २ वटा र कक्षा ५ सम्मको २ वटा गरी जम्मा ४ वटा आधारभूत विद्यालय छन्। त्यसरी नै वडा नं. २ मा ५ वटा आधारभूत विद्यालय, डिप्लोमा सम्म प्राविधिक धारको अध्ययन हुने १ वटा सिटिभिटीबाट सञ्चालित प्राविधिक विद्यालय, १ वटा सामुदायिक अध्ययन केन्द्र र १ वटा क्याम्पस रहेको छ। वडा नं. ३ मा एउटा मा.वि. र ६ वटा आधारभुत विद्यालयहरु सञ्चालनमा रहेको। वडा नं. मा पनि कक्षा १० सम्म अध्यापन हुने १ मा.वि. का साथै ४ वटा आधारभुत विद्यालय छन् र वडा नं. ५ मा पनि १ मा.वि. को साथमा ३ वटा आधारभुत विद्यालयहरु सञ्चालनमा रहेका छन्। विद्यालयमा बालमैत्री र सिकाईमैत्री वातावरण व्यवस्थापन गर्ने प्रयत्न भैरहेको छ। अधिकांश विद्यालयहरुमा स्वच्छ खानेपानी सहित सरसफाईको व्यवस्था गर्ने प्रयत्न भएको छ। आधारभूत विद्यालयहरुमा दिवा खाजाको प्रवन्ध गरिएको छ। यि विद्यालयहरु र यसका पूर्वाधार साकेला गाउँपालिकाको शैक्षिक क्षेत्रको विकासका आधार हुन्। गुणस्तरीय शिक्षाको खोजी गर्दै शहरतिर जाने क्रमले विद्यालयमा विद्यार्थीको संख्या कम हुदै जानु अहिलेको मुख्य समस्याको रुपमा देखा परेको छ। यातायात पूर्वाधारको विकाससँगै शैक्षिक विकासको आयाममा समेत फरक आउन थालेको छ। सबै वडाका सबै विद्यालयहरुमा समान रुपले पूर्वाधार लगायतका विषयमा लगाउनु भन्दा केहि छानिएका विद्यालयहरुलाई नमूना बनाउदै गुणस्तरीय शिक्षाको सुनिश्चत गराउनु पर्ने आवश्यकता बढ्दै गएको देखिन्छ।

### ५.२.३ समस्या तथा चुनौती

विद्यालयहरु संख्यात्मक रुपमा धैरै देखिएता पनि विद्यालयमा विद्यार्थी संख्या न्यून हुदै गईरहेको छ। अंग्रेजी माध्यमको पढाई र बोर्डिङ स्कुलमा बच्चा पढाउनका लागि अभिभावक र विद्यार्थी बजार केन्द्रमा जाने क्रम बढ्दो अवस्थामा छ। विद्यालयहरुमा पर्याप्त खेल मैदान, सुरक्षीत भवन, पुस्तकालय, विद्यार्थी र शिक्षकको अनुपात अनुसार नहुनुले अपेक्षित नतिजा ल्याउन नसकिएको देखिन्छ। कतिपय विद्यालयमा शिक्षक विद्यार्थी अनुपात न्यून रहेको, सुलभ शौचालयको अभाव आदि समस्याहरु देखिएको छ। आधारभुत विद्यालयमा शिक्षक दरवन्दि न्यून रहेको छ भने अतिरिक्त खेलकुद सामग्रीहरुको अभाव, आदि मुख्य समस्या तथा चुनौतिहरु वडास्तरीय छलफलका क्रममा प्रस्तुत गरिएको थियो।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य

**लक्ष्य**: गाउँपालिका भित्रका विद्यालयहरुको भौतिक पूर्वाधार र शैक्षिक वातावरणमा सुधार आई गुणस्तरीय शिक्षाको आधार तयार भएको हुने।

**उद्देश्यहरुः**

- साकेला गाउँपालिका भित्रका छानिएका विद्यालयहरुलाई नमूना विद्यालय बनाई गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नु।
- सबै माद्यमिक विद्यालयहरुमा ऐच्छिक प्राविधक विषय सचालन गरी जीवनोपयोगी शिक्षाको सुरुवात गर्नु।

### ५.२.५ रणनीतिहरु

- आधारभुत तहदेखि नै अंग्रेजी माध्यमको अध्यापन कार्यलाई प्रबर्द्धन गर्ने।
- पूर्ब-प्रथमिक कक्षाहरुमा मन्टेश्वरी अवधारणाबाट कक्षाहरु सञ्चालन गर्ने व्यवस्था मिलाउने।
- माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक विषय सामेल गरी माध्यमिक शिक्षामा जिवनोपयोगी शिक्षाको आधार तयार गर्ने।
- विद्यार्थी शिक्षक अनुपातको आधारमा दरवन्दी मिलान गर्ने।

### ५.२.४.३ कार्यक्रमहरु

#### १. बालमैत्री तथा गुणस्तरीय शिक्षा प्रबर्द्धन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकाका सबै विद्यालयहरुमा बालमैत्री शिक्षण सिकाई वातावरण, भौतिक पुर्वाधार तथा शैक्षिक गुणस्तरको उपलब्धी हासिल गर्नका लागि तथा बालमैत्री स्थानीय शासनका सूचकहरु हासिल गर्नका लागि यो कार्यक्रम अपरिहार्य रहेको छ । आधारभुत तह देखि उच्च माद्यमिक तह सम्म नै सिकाईलाई जीवनोपयोगी र व्यवहारिक शिक्षाको माध्यमबाट प्रविधिमैत्री शिक्षण सिकाई, खेलकुद तथा अतिरिक्त क्रियाकलाप, स्थानीय भाषा संस्कृतिको संरक्षण, अभिभावाक र विद्यालयको सामिप्यतालाई जोड दिने गरी यो कार्यक्रम तय गरिएको छ । |
| **उद्देश्य** | बालमैत्री शैक्षिक वातावरणमा अध्यन अद्यापनमार्फत गुणस्तरीय शिक्षाको आधार तयार गर्नु । |
| कार्यान्वयन गरिने स्थान | आधारभूत विद्यालयहरु |
| **रणनीतिहरु** | • प्रारम्भिक बाल विकास केन्द्र सुदृढ गर्ने ।<br>• आधारभुत तहदेखि नै अंग्रेजी माध्यमको अध्यापन कार्यलाई प्रबर्द्धन गर्ने ।<br>• शिक्षकहरुको क्षमता विकास गर्ने ।<br>• विद्यार्थी  शिक्षक अनुपातको आधारमा दरवन्दी मिलान गर्ने |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | प्रारम्भिक बाल विकास केन्द्र सुदृढ गर्ने | पालिका | ७ | ७ | ८ | ० | ० | १५०० | |
| २ | ६-८ कक्षा सम्म कम्प्युटर विषय लागु गर्ने | पालिका | ० | ७ | ० | ० | ० | ५००० | |
| ३ | एक देखि ५ कक्षा सम्म अंग्रेजी माध्यम लागु गर्ने | पालिका | २ | ७ | ७ | ७ | ४ | ३००० | |
| ४ | विषयगत शिक्षक तलिम | तलिम | | | | | | १००० | |
| ५ | प्रारम्भिक बालविकास स.क. क्षमता विकास तालिम | तालिम | १ | १ | १ | | | १००० | |
| ६ | विषयगत शिक्षक तालिम | तालिम | | | | | | १००० | |
| ७ | नियमित अतिरिक्त क्रियाकलाप सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | १००० | |
| ८ | शैक्षिक भ्रमण | भ्रमण | १ | | १ | | | ५०० | |
| ९ | गुणस्तरीय शिक्षा सम्बन्धी  विज्ञहरुसँगको कार्यशाला तथा योजना तर्जुमा | योजना | | १ | | | | ७०० | |
| १० | विद्यालयमा स्वास्थ्य परिक्षण शिविर | शिविर | १ | १ | १ | १ | १ | ५०० | |
| ११ | स्थानीय पाठ्यक्रम तयार तथा नवीकरण | पाठ्यक्रम | १ | | | | | ५०० | |
| १२ | विद्यालय बस सञ्चालन कार्यक्रम | विद्यालय बस | २ | २ | २ | | | ७५०० | |
| १३ | बालमैत्री शैचालय निर्माण | संख्या | २ | २ | २ | २ | २ | १०००० | |
| १४ | विद्यालयमा प्राविधक उपकरण व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५००० | |
| १५ | उत्कृष्ठ विद्यालय वार्षिक पुरस्कार कोष स्थापना | संख्या | | १ | | | | ७०० | |
| १६ | डिजिटल बोर्ड जडान | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ३००० | |
| १७ | विद्यालय कम्पाउण्ड घेरावेरा | विद्यालय | २ | २ | २ | २ | २ | ३००० | |
| १८ | भुकम्प प्रतिरोधी कक्षाकोठा | कक्षा | २ | २ | २ | २ | २ | २०००० | |
| १९ | महिनावारी व्यवस्थापन सुविधा | विद्यालय | ५ | ५ | ५ | ३ | ३ | ४२०० | |
| २० | प्राथमीक उपचार सामग्री व्यवस्थापन | विद्यालय | १५ | १३ | | | | ३५० | |
| २१ | विद्यालयमा प्रकोप व्यवस्थापन तालिम | तालिम | २ | २ | २ | २ | २ | २००० | |
| २२ | विद्यालय नर्स कार्यक्रम | कर्मचारी | १ | ३ | २ | | | २०० | |
| | | | | | | | | ५१६५० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | अनुमानित | कैफियत |
|---|---|---|---|---|

| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | लागत रु (हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|
| १ | वि. ब्य. स. र अभिभावक अन्तरक्रिया र सार्वजनिक सुनुवाइ | १ | १ | १ | १ | १ | ५००० | |
| २ | शिक्षा समितिद्वारा नियमित अनुगमन मुल्यांकन गर्ने | १ | १ | १ | १ | १ | ५०० | |
| ४ | विद्यार्थी उपस्थिती, भर्नादर र नियमितताको प्रतिवेदन तयार गर्ने | १ | १ | १ | १ | १ | २०० | |
| ५ | मा.वि. हरुमा फर्निचर व्यवस्थापन | १ | १ | १ | १ | १ | २५०० | |
| | जम्मा | | | | | | ८२०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • वर्षभरी विभिन्न सूचकहरुमा सर्वोत्कृष्ट मुल्यांकन हासिल गर्ने विद्यालयलाई पुरस्कार मार्फत प्रोत्साहन गरिनेछ।<br>• बालमैत्री स्थानीय शासनको आधारतह तयार गरिनेछ।<br>• एक वडा एक नमुना विद्यालय कार्यक्रम अघि बढाईनेछ।<br>• विद्यार्थीको शैक्षिक तथा उपस्थिती प्रतिवेदन रेकर्ड प्रणाली लागु गरिनेछ।<br>• उपलब्ध शैक्षिक सामग्रीहरुको सुरक्षा, संरक्षण र सदुपयोगको अवस्था अनुगमन गरी प्रोत्साहन तथा निरुत्साहनको नीति अवलम्बन गरिनेछ।<br>• विद्यालयका नियमित गतिबिधिहरुमा अभिभावक वर्गको अपनत्वलाई प्रोत्साहन गरीनेछ।<br>• स्थानीय भाषा संस्कृतिको संरक्षणलाई निरन्तरता सहित ईंग्लीस भाषालाई पठन पाठनमा समावेश गरीनेछ।<br>• उत्कृष्ट विद्यालय वार्षिक पुरस्कार कोष कार्यविधि तयार गरी लागु गरिनेछ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • स्वास्थ्य संस्थाहरुसँगको समन्वय<br>• बालमैत्री स्थानीय शासन |

## २। प्राविधिक तथा व्यवहारिक शिक्षा प्रबर्द्धन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | गुणस्तरीय तथा प्राबिधिक शिक्षाको खोजीमा गाउँघर खाली भैरहेको छ। माध्यमिक शिक्षा पुरा गर्दा विद्यार्थीले कत्ति वटा जिउनको लागि चाहेन सिप सिक्छन् त भन्ने प्रश्न सर्बत्र उठ्न थालेको छ। शिक्षा सैद्धान्तिक र व्यवहारिक अवधारणा विकास गर्ने माध्यम हो। त्यसैले विद्यालय तहमा सैद्धान्तिक शिक्षाको साथै प्राबिधिक सिपहरु पनि सिक्न आवश्यक भएकोले सिक्दै कमाउदै, व्यवहारिक कृषि, उद्यमशिलता प्रर्वद्धन जस्ता व्यवहारिक तथा ब्यवसायिक शिक्षा अभियानलाई टेवा पुर्याउने उद्देश्यले प्राविधिक तथा ब्यवसायीक शिक्षाको प्रबर्द्धन कार्यक्रम तयार गरिएको छ। |
| **उद्देश्य** | साकेला गाउँपालिकाका सबै माद्यमिक विद्यालयहरुमा ऐच्छिक प्रविधक विषय सञ्चालन गरी व्यवहारिक शिक्षा प्रबर्द्धन गर्नु। |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउपालिकाका सबै माद्यमिक विद्यालय |
| **रणनीतिहरु** | • कृषि तथा पशुपालन क्षेत्रको प्राबिधिक ज्ञान र सिप प्रबर्द्धन गर्ने।<br>• घरायसी सहयोगमा युवाहरुको सहभागिता मार्फत सुमधुर पारीवारीक सम्बन्ध अभिवृद्धि गर्ने<br>• प्राबिधिक शिक्षा सञ्चालन कार्यबिधि बनाई लागू गर्ने।<br>• शिक्षा विकास तथा समन्वय ईकाईलाई गाउँपालिका शिक्षा समितिसँग समन्वय गराउने।<br>• सबै ५ वटा माद्यमिक विद्यालयहरुमा फरक फरक प्राविधिक विषयहरु लागु गर्ने |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| ३ | माद्यमिक तहमा प्राविधिक कक्षा सञ्चालन कार्यविधि | कार्यविधि | १ | | | | | ५० | |
| ३ | प्रयोगात्मक (ल्याव) शैक्षिक सामग्री व्यवस्थापन | विद्यालय | | ३ | २ | | | ७५०० | |
| ३ | प्राविधिक विषयका लागि कक्षाकोठामा फर्निचरको व्यवस्था | विद्यालय | | | | | | १००० | |
| ४ | कृषि तथा पशुपालन विषयको कक्षा सञ्चालन | विद्यालय | | | २ | २ | १ | १०००० | |
| ५ | छात्रावास निर्माण | छात्रावास | | १ | | | | ४००० | |
| | जम्मा | | | | | | | २२५५० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | शिक्षा समिति द्वारा नियमित अनुगमन मुल्यांकन गर्ने | | | | | | २०० | |
| २ | प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद सँग परियोजना साझेदारी | | | | | | ५००० | |
| ३ | कक्षा ९-१२ मा कम्प्युटर बिज्ञान कक्षा सञ्चालन | | १ | १ | १ | १ | ४००० | |
| | जम्मा | | | | | | ९२०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • सबै ५ वटा माद्यमिक विद्यालयहरुमा फरक फरक प्राविधिक विषयहरु लागु गरिनेछ।<br>• संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।<br>• स्विस सरकारद्वारा कोशी प्रदेश १ मा संचालित परियोजनासँग समन्वय गरिनेछ।<br>• समग्र कार्यक्रमको खाका सहितको प्रस्तावना विभिन्न दातृ निकाय समक्ष पेश गरिनेछ।<br>• प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद सग समन्वय गरिनेछ।<br>• किशोरी तथा युवतिहरुलाई प्राविधिक सीप कक्षामा सहभागि रहन प्रोत्साहन गरिनेछ। |
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | • भौतिक पुर्वाधारको विकास<br>• लैंगिक समानता प्रबर्द्धन |

## ५.३ खानेपानी, स्वच्छता तथा सरसफाई

### ५.३.१ पृष्ठभुमि

दीगो विकास लक्ष्यको लक्ष्य नं. ६ मा सबैका लागि स्वच्छ खानेपानी तथा सरसफाइलाई महत्वकासाथ लिईएको छ  किन कि खानेपानी, सरसफाइ तथा स्वच्छता जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार भएको एक महत्वपूर्ण क्षेत्र हो। नेपालको संविधानले खानेपानीमा पहुँच तथा स्वच्छ वातावरणमा जीउन पाउने अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। यस पञ्च वर्षीय आवधिक योजनाका कार्यक्रम अन्तर्गत जनचेतनामुलक कार्यक्रम, बानी व्यवहारमा परिवर्तन, स्थानीय मुहानहरुको संरक्षण, समुदायस्तरमा दक्ष प्राविधिकहरुको तयारी, शहरी तथा ग्रामिण फोहर व्यवस्थापन, श्रोतमा फोहरको वर्गिकरण, खानेपानी सुरक्षा योजना, आधारभुतस्तरको खानेपानी सेवा, पानी शुद्धीकरण पूर्ण सरसफाईका सूचकहरुको कार्यान्वयन आदि विषयबस्तुहरु प्राथमिकताका साथ अघि बढाईएको छ।

### ५.३.२ सम्भावना तथा अवसर

समुदायस्तरमा स्वच्छ खानेपानी र सरसफाइको महत्वबारे बुझाई राम्रो; खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको; समुदायले थप प्रगति हासिल गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको; समुदायमा विभिन्न सामुदायिक संस्थाहरु, क्लब र कार्यलयहरु सक्रिय रहेको; जलवायु परिवर्तन प्रभाव प्रति सचेत रहेको; स्थानीय पानीको मुल तथा पोखरीहरु संरक्षण गर्ने सवालमा समुदायको समान बुझाई रहनु जस्ता सवल पक्षहरु यस गाउँपालिकामा छन्।  संघ तथा प्रदेश सरकारसँग नियमित समन्वयका आधारमा खानेपानी आयोजनाहरु निर्माण चरणमा रहेको कुराहरुलाई अवसरको रुपमा लिन सकिन्छ। निकट भविष्यमा पूर्ण  सरसफाई गाउँपालिका घोषणा गर्ने र विद्यालय, सामाजिक संघ संस्थाहरुमा उपभोक्तामैत्री खानेपानी तथा सरसफाई सुविधा प्रवर्द्धन गर्न पर्याप्त सम्भावनाहरु देखिएको छ। वडा नं १ मा एसियन डेभलपमेन्ट बैंकको सहयोगमा निर्मित खानेपानी आयोजना अन्तर्गत सबै घरमा खानेपानी सुबिधा पुर्याईएको छ। वडा नं. २ मा पनि सबै घरधुरीसम्म पाईप जडित धाराको ब्यवस्था भएको र खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिएको छ। यस गाउँपालिकामा खानेपानीको मुहानहरु प्रसस्त रहेको देखिन्छ। तावाखोला र खरुवाखोला वडा नं ३ का प्रमुख मुहानहरु हुन्। वडा नं. ४ र ५ मा पनि खानेपानीको व्यवस्था भएको र खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको छ। यिनै अवस्थाहरुलाई आत्मसात गर्दै साकेला गाउँपालिकाको खानेपानी तथा सरसफाइ क्षेत्रको विकास गर्नु पर्ने देखिन्छ।

### ५.३.३ समस्या तथा चुनौती

प्राकृतिक प्रकोप तथा सडक सञ्जाल विकासको कारण पानीका स्रोतहरु सुक्न थालेको छ। पुराना आयोजनाहरुको मर्मत संभार गर्ने दायित्व; साना तथा ठूला परियोजनामा जनसहभागिताको क्षमता न्यून रहनु; जलवायु परीवर्तनका प्रभावहरु निरन्तर बढ्दै जानु; आयोजनाको लागत अत्यधिक तर आर्थिक श्रोत कम हुनु; मुहान र श्रोत वितरणमा स्थानीयहरुमा असमझदारी रहनु आदि यस क्षेत्रका समस्या तथा चुनौतिको रुपमा रहेका छन्।

ह्रास हुदै गएका पानीका मुहानहरु जगेर्ना गर्नु; समुदायमा खानेपानी सरसफाइको चाप व्यवस्थापन गर्नु; विकास निर्माणका कामका कारण पानीको मुहानमा पर्ने क्षति कम गर्नु; र खानेपानी तथा सरसफाइ क्षेत्रको दीगो व्यवस्थापन तथा कार्यान्वयन क्षमता विकास गर्नु; खेर गइरहेको पानीको सदुपयोग गरी कृषि तथा सिंचाइको रुपमा प्रयोग प्रविधि विकास गर्नु आदि मुख्य आवश्यकता रहेको देखिन्छ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य र उद्देश्य

**लक्ष्य**

बि.स. २०८५ सम्ममा साकेला गाउँपालिकामा खानेपानी तथा पूर्ण सरसफाईका सूचकहरु हासिल गरी सबैका लागि स्वच्छ खानेपानी उपलव्ध भएको हुने।

**उद्देश्यहरु**

- एक घर एक धारा अभियान मार्फत सबैका लागि शुद्ध खानेपानी सुबिधाको सुनिश्चित गर्नु।
- पूर्ण सरसफाई अभियान मार्फत साकेला गाउँपालिकालाई स्वच्छ र हराभरा बनाउनु।

### ५.३.५ रणनीतिहरु

- खानेपानी आयोजनाहरुको मर्मत सम्भार गर्ने।
- सम्भाव्यता अध्ययनको आधारमा नयाँ खानेपानीका आयोजनाहरु सञ्चालन गर्ने।
- खानेपानीका मुहानहरुको मर्मत तथा संरक्षण गर्ने।
- एक घर एक चर्पी सहित पूर्ण सरसफाइ अभियान सञ्चालन गर्ने।

### ५.३.६ कार्यक्रमहरु

खानेपानी, स्वच्छता तथा सरसफाइ क्षेत्रका प्रमुख कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

- गुणस्तरीय खानेपानीमा पहुच विस्तार कार्यक्रम
- साकेला गाउँपालिका पूर्ण सरसफाई कार्यक्रम
- सार्वजनीक फोहरमैला व्यवस्थापन कार्यक्रम

#### ५.३.६.१ कार्यक्रहरुको विस्तृत विवरण

#### १. गुणस्तरीय खानेपानी सुबिधा विस्तार कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | दीगो विकास लक्ष्य, बुँदा नं. ६ ले निर्देशित गरे अनुसार सबैको लागि सरसफाइ र सबैको लागि शुद्ध खानेपानी अभियानलाई सफल बनाउन यस गाउँपालिकाका सबै घरधुरीहरुमा गुणस्तरीय खानेपानीको सहज पहुँच, शुद्धीकरण विधि, मूहानको सुरक्षा आदि आवश्यकता रहेको कारणले यो कार्यक्रम सञ्चालन गर्न वान्छनीय छ। जलवायू परीवर्तनका कारण सुकिरहेका पानीका मूहानहरुमा नवीकरणीय प्रविधिहरुको प्रयोग गर्ने, विपद जोखिम प्रतिरोधी खानेपानी सेवा र संरचनाहरुको प्रबर्द्धन गर्नु अत्यन्तै महत्वपूर्ण रहेको छ। अर्कोतर्फ पुराना आयोजनाहरुको मर्मत संभार स्तरोन्नतीका लागि पर्याप्त ध्यान दिईनु पर्ने देखिएको छ। |
| उद्देश्य | एक घर एक धारा अभियान मार्फत सबैकालागि शुद्ध खानेपानी सुबिधा सुनिश्चित गर्नु। |
| कार्यान्वयन गरिने स्थान | साकेला गाऊपालिकाका सबै वस्तीहरुमा |
| **रणनीतिहरु** | • खानेपानी आयोजनाहरुको मर्मत सम्भार गर्ने।<br>• सम्भाव्यता अध्ययनको आधारमा नयाँ खानेपानीका आयोजनाहरु सञ्चालन गर्ने।<br>• खानेपानीका मुहानहरुको मर्मत तथा संरक्षण गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | अनुमानित | कैफियत |
|---|---|---|---|---|---|

| सं. | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | लागत रु (हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पानीका मुहानाहरुको पहिचान गरी सुचिकृत गरी डिजीटल नक्सा तयार गर्ने | पटक | | १ | | | | ९०० | |
| २ | पानी सुरक्षा योजना | वडा | १ | १ | १ | १ | १ | १००० | |
| ३ | उपलब्ध खानेपानी आयोजनाहरुको मर्मत संभार | आयोजना | १ | १ | १ | १ | १ | ३००० | |
| ४ | खानेपानी बिस्तरको DPR तयारी | पटक | | १ | | | | १२०० | |
| ५ | रिजर्भ ट्यांकीहरुको निर्माण | संख्या | | ५ | ५ | १० | | ४०००० | |
| ६ | खानेपानी पाईप जडान तथा एक घर एक धारा वितरण | वडा | | १ | ३ | १ | | १०००० | |
| ७ | पानी गुणस्तर परीक्षण | वडा | | ५ | | | | ३०० | |
| ८ | उपभोक्ता समुहहरुमा पानी सुरक्षा तथा शुद्धिकरणबारे जनचेतना | पटक | १ | १ | १ | १ | | ७०० | |
| ९ | आयोजना मर्मत संभार, पानी परिक्षण र पाईपलाईन विस्तार सम्बन्धी महिला पुरुषलाई प्राविधिक तालिम | तालिम | १ | १ | १ | १ | १ | १००० | |
| | जम्मा | | | | | | | १८१०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | खानेपानी आयोजना निर्माण तथा जनसहभागिता कार्यविधि | संख्या | १ | | | | | २०० | |
| २ | टोल स्तरीय जनचेतना कार्यक्रम | टोल | २० | ३० | १० | १० | १० | ४०० | |
| ३ | महिला समुह तथा टोल समुहसँग अन्तरक्रिया | अन्तरक्रिया | ३० | ३० | ३० | ३० | ३० | ४०० | |
| ४ | विद्यालयमा सुरक्षित खानेपानी आपूर्ती | विद्यालय | १० | १० | ८ | | | ८०० | |
| ५ | शुद्ध खानेपानीमा पहुच क्षेत्र घोषणा | वडा | १ | १ | १ | १ | १ | ७०० | |
| | जम्मा | | | | | | | २५०० | |

**कार्यनीतिहरु**

- स्थानीयस्तरमा प्राविधिकहरुको उत्पादन गर्न तालिमको व्यवस्था गरीनेछ।
- टोल सुधार समिति गठन गरी स्थानीय सरसफाईको लागि परिचालन गरीनेछ।
- महिला समुहहरुलाई तालिम दिई मर्मत सभारका कार्यमा सहभागी गराइनेछ।
- निर्माण कार्यमा लक्षित समुहमैत्री अवधारणा अवलम्वन गरीनेछ।
- एकघर एक धारा वितरण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।
- संघ र प्रदेशसँग समन्वय गर्ने
- पालिकास्तरीय खानेपानी तथा सरसफाइ समिति बनाई संस्थागत बनाईनेछ।

**अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध**

- मौलिक हक अधिकारको प्रबर्द्धन हुने।
- जनस्वास्थ्य तथा स्वच्छता प्रबर्द्धन हुने।
- पोषणमा सुधार हुने।

## २. साकेला गाउँपालिका पूर्ण सरसफाई कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|

| | |
|---|---|
| पृष्ठभूमि | खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएर निरन्तर सचेतना मुलक क्रियाकलाप सञ्चालन भईरहेको अवस्थामा थप स्तरोन्नतीको लागि पूर्ण सरसफाइका सूचकहरु हासिल गर्न सरसफाई अभियानलाई अझ परिष्कृत गर्दै लान पर्दछ। यस सन्दर्भमा पूर्ण सरसफाई कार्यविधिका सूचकहरुलाई हासिल गरी दीगो विकास लक्ष्यका बुदा नं ६ लाई प्राथमिकताकासाथ कार्यान्वयन गर्न आवश्यक छ। त्यसैले यस गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका निर्माण गर्न सबैको सामुहिक प्रयासलाई प्राथमिकताकासाथ अघि बढाउन यो कार्यक्रम तय गरिएको छ। |
| **उद्देश्य** | बि.स. २०८५ सम्ममा साकेला गाउँपालिकामा *पूर्ण सरसफाई सूचकहरु* हासिल गरी स्वच्छ र हराभरा साकेलाको आधार तयार गर्नु। |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिकाका सबै वडाहरु |
| **रणनीतिहरु** | • सबै सरोकारवालाहरुसँग समन्वय गर्ने।<br>• सूचक निर्धारण र निरन्तर अनुगमन गर्ने ।<br>• समुदाय परिचालन र प्रोत्साहन विधिको प्रयोग गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| **क्र.सं.** | **क्रियाकलाप** | **एकाइ** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रु (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | पूर्ण सरसफाई समितिलाई कार्ययोजना निर्माण तालिम तथा पुर्नताजगी | तालीम | १ | १ | १ | | | ३०० | |
| २ | पूर्ण सरसफाईका सूचकहरुको अभिमुखीकरण गर्ने | जना | ३९ | ५० | ५० | १५० | ५० | १० | |
| ३ | टोलस्तरीय पूर्ण सरसफाई समिति निर्माण र परिचालन | समिति | ५० | | | | | ४०० | |
| ४ | विद्यालयमा तारा पद्धती र घरायसी स्तरमा स्टिकर टास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५०० | |
| ५ | पूर्ण सरसफाई टोल घोषणा कार्यक्रम | टोल | १० | १० | १० | १० | १० | ५०० | |
| ६ | पूर्ण सरसफाईका सूचकहरुमा मासिक टोल स्तरीय अनुगमन | टोल | २० | २० | २० | २० | २० | १०० | |
| ७ | पूर्ण सरसफाई गाउँपालिका घोषणा, सम्मान तथा पुरस्कार कार्यक्रम | पालिका | | | | | १ | २०० | कम्तीमा २ पटक |
| ८ | विपन्न घरधुरी शौचालय अनुदान | घरधुरी | २० | २० | २० | २० | २० | २५०० | |
| | जम्मा | | | | | | | ४५१० | |

**सहायक क्रियाकलापहरु**

| **क्र.सं.** | **क्रियाकलाप** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रु (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | मिडिया परिचालन | १ | १ | १ | १ | १ | ५०० | |
| २ | विद्यालय र बालक्लबहरु र्‍याली र घरदैलो अभियान | १ | १ | १ | १ | १ | ५०० | |
| | जम्मा | | | | | | १००० | |

| कार्यनीतिहरु | • सरसफाइ अभियानमा राजनीतिक दल, संघसंस्था, बाल समुह, महिला समुह, युवा समुह, टोल सुधार समिति, सञ्चार तथा मिडिया सम्पूर्ण क्षेत्रलाई परिचालन गरीनेछ।<br>• प्रदेश, संघ र जिल्ला समन्वय समितिसँग सहकार्य गरीनेछ।<br>• अभियन्ता तथा बिज्ञहरुसँग समन्वय तथा परामर्श गरीनेछ।<br>• गाउँपालिकास्तरीय फोहरमैला व्यवस्थापन समिति निर्माण गरी परिचालन गरिनेछ।<br>• श्रोतमा नै फोहोर बर्गीकरण गरी व्यवस्थापन गर्ने नीति लागू गरिनेछ।<br>• बजार क्षेत्रमा फोहर व्यवस्थापनको नमूना अभ्यास कायम राखिनेछ।<br>• महिला तथा पुरुष दुवैलाई आयोजना मर्मत संभार प्राविधिकको रुपमा तयार गरी परिचालन गरिनेछ। |
|---|---|
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • जनस्वास्थ्य तथा पोषणमा सुधार।<br>• महिला बालबालिका तथा लैससासको सुनिश्चितता।<br>• शिक्षा तथा जनचेतनामा बृद्धी। |

### ३. सार्वजनीक फोहरमैला व्यवस्थापन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यातायात क्षेत्रमा भैरहेको प्रगतिसँगै साकेला गाउँपकलिकामा वस्ती तथा बजार क्षेत्रक विकास हुन थालेको छ। यस्को साथमा प्लाष्टिक तथा शिसाजन्य पदार्थको आयातमा समेत वृद्धि हुन थालेको छ। हाटबजार क्षेत्रबाट निस्कने फोहरहरुको व्यवस्थापन गर्न दीर्घकालिन योजना शुरुवात गर्न र प्ररम्भिक चरणबाटै ब्यवस्थित रुपमा फोहर संकलन र व्यवस्थापन प्रणलीको विकास गरी सभ्य र सुसँस्कृत गाउँपालिकाको पहिचान कायम गर्न यो कार्यक्रम तय गरिएको छ। घरायसी, संस्थागत र सार्वजनिक आदि सबै क्षेत्रबाट उत्पादन हुने फोहर व्यवस्थापन, विसर्जन र नविकरण बिधिलाई यहा समावेश गरिएको छ। |
| उद्देश्य | बजार क्षेत्रको फोहर व्यवस्थापन बिधि लागू गरी स्वच्छ साकेलाको पहिचान कायम गर्नु। |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिकाको बाजार क्षेत्र |
| **रणनीतिहरु** | • पालिकास्तरीय फोहरमैला व्यवस्थापन समिति निर्माण गर्ने।<br>• फोहरमैला व्यवस्थापन कार्यविधि निर्माण गर्ने।<br>• श्रोतमा नै फोहोर बर्गीकरण गरी व्यवस्थापन प्रविधि लागु गर्ने।<br>• बजार क्षेत्रमा फोहर व्यवस्थापनको नमुना अभ्यास कायम गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र. सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सर्टिङ साईट म्एच्च वातावरणीय प्रभाव मुल्यांकन | संख्या | | १ | | | | ५०० | |
| २ | सर्टिङ साईट जग्गा व्यवस्थापन | साईट | | १ | | | | १५०० | |
| ३ | फोहर व्यवस्थापन केन्द्र सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १००० | |
| ४ | फोहर संकलन व्यवस्थापन साधनको व्यवस्था | सवारी | | १ | १ | | | २००० | |
| ५ | सरसफाई कर्मचारी व्यवस्थापन | कर्मचारी | १ | १ | १ | १ | १ | २००० | |
| ६ | प्लाष्टिक रहित गाउँपालिका अभियान सञ्चालन | अभियान | १ | १ | १ | १ | १ | ५०० | |
| ७ | पुन प्रयोग गर्ने झोला पर्वद्धन | अनुदान | १ | १ | | | | ४०० | |
| ८ | प्लाष्टिक रहित गाउँपालिका घोषणा | घोषणा | | | | | | २०० | |
| ९ | फोहर व्यवस्थापन सवारी मर्मत सभार | मर्मत | १ | १ | १ | १ | १ | ५०० | |
| १० | फोहर व्यवस्थापन सम्बन्धी भित्ते लेखन | स्थान | | १० | १० | १० | | ४०० | |
| | जम्मस | | | | | | | ९००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | **अनुमानित लागत रु (हजारमा)** | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | एक घर एक डस्टवीन व्यवस्थापन | डा संख्या | | ३ | २ | | | १५०० | |
| २ | विद्यालयमा फोहर व्यवस्थापन स्थल | विद्यालय | ५ | | | | | १५०० | |
| ३ | स्वास्थ्य संस्थाको फोहर व्यवस्थापन | संख्या | ७ | | | | | ३५०० | |
| ४ | बजार तथा सार्वजनिक स्थलको फोहर व्यवस्थापन | नियमित | | | | | | १५०० | |
| ५ | वडा कार्यलयहरुको फोहर व्यवस्थापन | सबै वडा | | | | | | ५०० | |
| ६ | नियमित अनुगमन, पुरस्कार र जरिवानाको व्यवस्था | वडा | ५ | ५ | ५ | ५ | ५ | ५०० | |
| | जम्मा | | | | | | | ९००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • पालिकास्तरीय फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्र तथा संस्थागत सहकार्यका लागि कार्यविधि तयार गरी लागु गरिनेछ।<br>• फोहर उत्पन्न हुने श्रोतमा नै फोहोर बर्गीकरण गरी व्यवस्थापन विधिलाई प्रोत्साहन गरिनेछ।<br>• प्लाष्टिकको प्रयोग नियन्त्रण गर्न सरसफाई सचेतना प्रबर्द्धन गरिनेछ।<br>• घरायसी तहमा फोहर व्यवस्थापन गर्न पूर्ण सरसफाईका सूचकहरु अवलम्बन गरिनेछ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • दीगो शहरी विकास कार्यक्रम<br>• सामुदायिक सहभागीता |

## ५.४ युवा तथा खेलकुद विकास

### ५.४.१ पृष्ठभुमि

खेलकुदको माध्यमबाट स्वस्थ्य, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशिल नागरिकहरु तयार गरी गाउँपालिकाको खेल गतिबिधिको माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा पहिचान कायम गर्न सक्ने खेलमैत्री वातावरण तयार गर्ने गाउँपालिकाको उद्देश्य रहेको छ। भौगोलिक परिस्थितिलाई मध्यनजर गर्दै शारीरिक तथा बौद्धिक दुवै खेलहरुको प्रबर्द्धन विकास गर्न सके खेलको माध्यमबाट दीर्घकालमा अलग्गै पहिचान कायम राख्न सकिन्छ भन्ने विश्वास गरिएकोछ।

### ५.४.२ सम्भावना तथा अवसर

पाहाडी भूभाग र डाँडापाखाहरु सहितको मनोरम प्राकृतिक वातावरणले सजिएको यस गाउँपालिकाले खेलको माध्यमबाट दीर्घकालमा व्यवसायिक खेलाडी पहिचान कायम राख्न सकिन्छ भन्ने विश्वास गरिएकोछ। खेलको माध्यमबाट पर्यटन आकर्षण गर्ने सम्भावना पनि उत्तिकै रहेको देखिन्छ। खेल पुर्वाधारको विकास र राष्ट्रिय अन्तराष्ट्रिय खेल प्रतियोगिताहरुमा सहभागिता जनाउने, आयोजना गर्ने र आफ्नो गाउँपालिकाको र देशकै सफलताको पहिचान स्थापित गर्ने अवसर रहेको छ।

### ५.४.३ समस्या तथा चुनौती

पर्याप्त खेल पुर्वाधार, खेलकुद प्रतिको सम्भावना अध्ययनको अभाव आदिका कारण ब्यवसायीक खेल विकास गर्न नसक्नु मुख्य समस्या रहेको छ। जसको पृष्ठभुमिमा पर्याप्त श्रोत र समन्वयको अभाव, खेलकुद प्रशिक्षणको व्यवस्थापन नहुनु, खेलमैदानहरु ब्यवस्थित नहुनु, खेलको माध्यमबाट आत्मनिर्भर जीवनयाँ पन गर्न नसक्नु, महिला सहभागीताको कमि, शारीरिक खेलकुद बाहेक बौद्धिक खेलहरुको प्रबर्द्धन र सहभागीता जनाउन नसक्नु आदि आदि मुख्य रहेका छन्।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः** राष्ट्रियस्तरको व्यवसायिक खेलाडी उत्पादन गर्ने आधार तयार हुने।

**उद्देश्यः** शारिरीक तथा बौद्धिक खेलकुदको पुर्वाधार तयार गरी राष्ट्रियस्तरको व्यवसायिक खेलाडी उत्पादन गर्ने आधार तयार गर्नु।

### ५.४.५ रणनीतिहरु

- एक वडा एक खेल मैदान तयार गर्ने ।
- पालिकास्तरीय पुर्वाधार तयार गरी खेलकुद एकाडेमी सञ्चालन गर्ने ।
- खेलाडीहरुलाई आवश्यक व्यवस्था सहित प्रर्तिस्पर्धामा सहभागी गराउने ।
- विद्यालयहरूमा खेलकुद विकासको राम्रो प्रबन्ध मिलाउने ।

### ५.४.६ कार्यक्रम

साकेला गाउँपालिकाको खेलकूद विकासको लागि ***साकेला युवा खेलकुद विकास कार्यक्रम*** तय गरिएको छ । यसको बिस्तृत विवरण तल दिईएको छ ।

१. साकेला युवा खेलकुद विकास कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | युवाहरुको सर्वांगिण विकासको लागि खेल तथा मनोरन्जनको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ । खेलकुद क्षेत्रको महत्व शारीरिक, मानसिक मात्र नभएर युवाहरुमा सकारात्मक सोच, शारीरिक तन्दुरुस्ती र खेल मार्फत पहिचान, प्रतिष्ठा र किर्तीमानी सग सम्बन्धी त हुन्छ । गाउँपालिकाले युवाहरुलाई विभिन्न शारीरिक तथा बौद्धिक खेल गतिबिधिमा सहभागी हुने अनुकुल पुर्वाधार, तालिम तथा प्रोत्साहन मार्फत तयार गरी खेल क्षेत्रमार्फत गाउँपालिकाको किर्तीमान देश र विदेशमा पनि फैलाउन सक्ने सम्भावना उत्तिकै रहेको हुन्छ । उपर्युक्त विषयबस्तुलाई ख्याल गरी साकेला खेलकुद विकास कार्यक्रम अवधारणा अघि सारीएको छ । |
| उद्देश्य | शारीरीक तथा बौद्धिक खेलकुदको पुर्वाधार तयार गरी राष्ट्रियस्तरको व्यवसायिक खेलाडी उत्पादन गर्ने आधार तयार गर्नु । |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिका सबै क्षेत्र |
| **रणनीतिहरु** | • एक वडा एक खेल मैदान तयार गर्ने ।<br>• पालिकास्तरीय पुर्वाधार तयार गरी खेलकुद एकाडेमी सञ्चालन गर्ने ।<br>• खेलाडीहरुलाई आवश्यक व्यवस्था सहित प्रर्तिस्पर्धामा सहभागी गराउने ।<br>• विद्यालयहरूमा खेलकुद विकासको राम्रो प्रबन्ध मिलाउने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | महिला र पुरुष दुवैका लागि खेल शिविर तथा तालिम सञ्चालन गर्ने | एकाडेमी | १ | १ | १ | १ | १ | १५०० | |
| २ | पालिका स्तरीय महिला तथा पुरुष खेलकुद प्रतियोगिता आयोजना गर्ने | प्रतियोगिता | १ | १ | १ | १ | १ | १५०० | |
| ३ | कवर्ड हल निर्माण | निर्माण | | | १ | १ | | १०००० | |
| ४ | सबै माद्यमिक विद्यालयमा खेल मैदान निर्माण तथा स्तरेन्नती | खेल मैदान | २ | १ | २ | | | १०००० | |
| ५ | पालिकास्तरीय प्यारापिट तयार | निर्माण | | १ | १ | | | ५००० | |
| ६ | बौद्धिक खेल प्रतियोगिताहरु आयोजना | पटक | १ | १ | १ | १ | १ | ५०० | |
| ७ | किर्तिमानी खेलाडी सम्मान तथा प्रोत्साहन | सम्मान | १ | १ | १ | १ | १ | ५०० | |
| ८ | खेलिडि विमा | विमा | १ | १ | १ | १ | १ | ३०० | |
| ९ | जिल्ला प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागिता जनाउने | प्रतियोगिता | ५ | ५ | ५ | ५ | ५ | २५०० | |
| | जम्मा | | | | | | | ३१८०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | खेलकुद विकास कार्यविधी | १ | | | | | ५० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • खेल भौतिक पुर्वाधार, तालिम र प्रशिक्षणमा प्राथमिकता दिइनेछ।<br>• बौद्धिक तथा शारीरिक खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।<br>• खेल पुर्वाधार विपद तथा प्रकोप जोखिम प्रतिरोधी तयार गरिनेछ।<br>• महिला सहभागितालाइ प्रोत्साहन गरिनेछ।<br>• ब्यवसायीक खेलकुद विकासलाई बढावा दिईनेछ।<br>• युवा तथा युवतीहरुलाई खेलकुदमा सहभागीताकोलागि प्रोत्साहन गर्ने। |

## ५५. भाषा तथा सँस्कृति

### ५.५.१ पृष्ठभुमि

प्राकृतिक सम्पदाको जति महत्व छ त्यति नै साँस्कृतिक सम्पदाको पनि हुने गर्दछ। भाषा र सँस्कृति साँस्कृतिक सम्पदा हुन् जुन कुनै पनि समुदायको उत्पति र विकाससँगै जोडिएर आएका हुन्छन्। यिनीहरुको संरक्षण, सम्बर्द्धन् र विकास गर्नु समाज र स्थानीय सरकारको दायित्व भएको हुनाले यो आवधिक योजनामा यसको योजना सामेल भएको छ।

### ५.५.२ सम्भावना तथा अवसर

साकेला किरात राईहरुको सँस्कृति हो जसमा उभौली र उधौली (बैशाख र मंसिर) मा पुजाआजा गरी एक ठाँउमा नाच्ने गरिन्छ। यहि सँस्कृतिको नामबाट यस गाउँपालिकाको नाम साकेला राखिएको छ। यहाँ किरात राई अन्तर्गत चाम्लिङ थरका भाषागर राई समुदायको बाक्लो बसोबास छ। यहाँको ठूलो जनसंख्याले चाम्लिङ (राई) भाषा बोल्ने गर्दछन्। साकेला गाउँपालिकामा अवस्थित तथा प्रचलनमा रहेका मूर्त–अमूर्त प्राकृतिक, सांस्कृतिक सम्पदाहरुको खोज, संरक्षण, सम्बर्द्धन एवं विकास गरी पर्यटकीय दृष्टिले आकर्षक केन्द्रको रुपमा विकास गर्न, स्थानीय समुदायहरुद्वारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा परम्पराहरुको जर्गेना गर्ने। स्थानीयस्तरमा मौलिक आकर्षण भएका सम्भाव्य सम्पदा, संस्कृति, रहनसहन, कलाकृतिहरुको संरक्षण र पर्यटनसँग जोडी सँस्कृतिको विकास तथा आयआर्जनको माध्यम हुन सक्ने सम्भाना प्रचुर रहेको देखिन्छ। गाउँपालिकामा सिपमुलक तालिम, सिप हस्तान्तरण र संग्रहालय, पार्क आदि कार्यक्रम सञ्चालनमा ल्याउन सकेमा अपेक्षाकृत उपलब्धी हासिल हुने देखिएकोले कार्यक्रमहरु तय गरिएका छन्।

### ५.५.३ समस्या तथा चुनौती

किरातकालिन समयमा सामरीक महत्व, किरातकालिन सभ्यता, संस्कृति र रहनसहन सहितको बिशिष्ट पहिचान बोकेको यस साकेला गाउँपालिका सडक सञ्जालमा जोडिने क्रममा रहेको छ। ऐतिहासिक चिनारीमा बिशिष्ट पहिचान स्थापना गर्न सफल भएतापनि भौगोलिक अवस्था, सडक सञ्जाल र पुर्वाधारको अभावकाकारण ओझेलमा परेको छ। सिमित श्रोतसाधनका कारण अत्यावश्यकीय क्षेत्रमा गाउँपालिकाको लगानी प्राथमिकता रहेकोले पर्यटकीय विकासका सम्भावनाहरुलाई मुर्तरुपमा दिनकोलागि संघ र प्रदेश सरकारको सहयोग अपरिहार्य देखिएको छ। जसका लागि बिशिष्ट योजना सहितको पर्यटकीय आकर्षक केन्द्रको रुपमा विकास गर्दै भौतिक तथा सांस्कृतिक अवलोकन स्थलहरुको सुरक्षा, प्रबर्द्धन र अभिलेखीकरण गर्न अत्यन्त आवश्यक रहेको छ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य

**लक्ष्यः** पर्यटन विकासको प्याकेजभित्र भाषा, संस्कृति र ईतिहास प्रबर्द्धन कर्यक्रमहरु सामेल गरी भाषा, संस्कृति र ईतिहासको संरक्षण, प्रबर्द्धन र विकासको आधार तयार भएको हुने।

**उद्देश्यः** आन्तरीक तथा बाहय पर्यटनसँग जोड्दै अध्ययन, अनुसन्धान र विकासको कार्यक्रम मार्फत स्थानीय पहिचान, भाषा, संस्कृति र ईतिहासको संरक्षण, प्रबर्द्धन र विकासको आधार तयार गर्नु।

### ५.५.५ रणनिति

- सांस्कृतिक तथा पुरातात्विक पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी ग्रामीण पर्यटनलाई गरिबी निबारणसँग आवद्ध गर्ने

- किरातकालिन स्थानीय पहिचान, भाषा, संस्कृति र ईतिहासबारे अध्ययन अनुसन्धान गर्ने ।
- स्थानीय भाषामा आधारति पाठ्यक्रम तयार गरी विद्यालयहरुमा पठनपाठनको व्यवस्था गर्ने ।

### ५.५.६ कार्यक्रम

स्थानीय पहिचान, भाषा, सँस्कृति र ईतिहासको प्रबर्द्धन गर्न देहाय बमोजिमका कार्यक्रहरु आवधिक योजनामा सामेल गरिएको छ ।

- लोपोन्मुख संस्कार संस्कृती संवर्दन र संरक्षण कार्यक्रम
- पालिका स्तरीय संग्राहलय निर्माण कार्यक्रम

कार्यक्रमहरुको बिस्तृत विवरण तल दिईएको छ ।

**१. लोपोन्मुख संस्कार संस्कृती संवर्दन र संरक्षण कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | परम्परागत साँस्कृतिक रुपमा प्रचलनमा रहेका रैथाने बाजा, गाजा र संगितका उपकरण, औजार, रहन सहन, भेषभुषा आदिलाई नयाँ पुस्तालाई परिचित गराउदै लोप हुनबाट जोगाउँनको लागि सामाजिक, सांस्कृतिक अभियान मार्फत प्रसार गर्ने र पहिचानको संरक्षण गर्ने उद्देश्यले लोपोन्मुख संस्कार संस्कृती सम्बर्द्धन र संरक्षण कार्यक्रम तयार गरिएको छ । यो अभियानले आन्तरीक तथा बाहय पर्यटनको विकास, शोधकर्ता र अध्ययन विश्लेषणमा सहायता पुग्नेछ भन्ने अपेक्षा राखिएको छ । |
| उद्देश्य | परम्परागत साँस्कृतिक सम्पदाहरुको अध्ययन, अनुसन्धान र विकासको आधार तयार गर्नु । |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउपालिका |
| रणनीतिहरु | • स्थान पहिचान, रैथाने बाजा, गाजा र संगितका उपकरण, औजार, रहन सहन, भेषभुषा आदिको अध्ययन र अभिलेखिकरण गर्ने ।<br>• अन्तरपालिका सहकार्य र समन्वयका माध्यमबाट साझेदारीका अवसर क्षेत्रहरुको पहिचानगरि संयुक्त योजना निर्माण गर्ने ।<br>• स्थानीय पाठ्यक्रम तयार गरी विद्यालयहरुमा कक्षा सञ्चालनको व्यवस्था मिलाउने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | आन्तरीक तथा बाहय पर्यटन तथा सांस्कृतिक आदान प्रदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १००० | |
| २ | स्थानीय भेषभुषा र संस्कृतिक परम्परा सम्बन्धी कला तथा बाद्यवादन खरिद तथा समुह गठन | संख्या | १ | १ | १ | १ | १ | २५०० | |
| ३ | एकीकृत पार्क निर्माण गर्ने | संख्या | | १ | १ | | | १०००० | |
| ४ | परम्परागत वाद्यवादन तथा लोपोन्मुख सामग्री निर्माण सीप हस्तान्तरण तालिम | पटक | १ | | १ | | १ | ९०० | |
| ५ | परम्परागत प्रविधिहरुको शोधकार्य गर्न विद्यावारिधी तहमा स्थानीय विद्यार्थीलाई छात्रवृत्ति | संख्या | १ | | १ | | | ४०० | |
| ६ | पालिकाको अगुवाइमा जिल्ला स्तरीय सास्कृतिक सम्मेलन | पटक | १ | | १ | | | ५०० | |
| ७ | रैथाने तथा लोपोन्मुख वाद्यवादन तालिम | तालिम | | १ | १ | १ | | ९०० | |
| ८ | प्रदेशस्तरीय भाषा तथा साहित्य सम्मेलन | पटक | | | १ | | | ५०० | |
| ९ | स्थान नाम र सँस्कृतिहरुको अध्ययन | पटक | | | १ | | | ७०० | |
| १० | स्थानीय पाठ्यक्रम तयारी | पटक | | | | १ | | १००० | |
| | जम्मा | | | | | | | १८४०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | धार्मिक सांस्कृतिक मेलापर्वहरु संरक्षण | संख्या | १ | १ | १ | १ | १ | २५०० | |
| २ | स्थानीय मठ मन्दिर गुम्बा साकेला थान आदिको संरक्षण तथा पुननिर्माण गर्ने | संख्या | २ | १ | १ | १ | १ | १०००० | |
| ३ | विद्यावारिधी गर्ने स्थानीय विद्यार्थीलाई छात्रवृत्ति प्रदान | जना | | २ | ३ | २ | | १४०० | |
| | जम्मा | | | | | | | १३९०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • विश्वविद्यालयहरुसँग समन्वय गरी शोधकर्ताहरुसँग परामर्श गरी साँस्कृतिक अध्ययन गरिनेछ।<br>• अन्तराष्ट्रिय युनिभर्सिटीहरुसँग समन्वय गरी सांस्कृतिक आदानप्रदान कृयाकलापहरुलाई प्रबर्द्धन गरिनेछ।<br>• प्रदेश र संघको पर्यटन मन्त्रालयसँग समन्वय गरिनेछ।<br>• स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयबस्तुहरुलाई प्रस्तुत गरिनेछ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • होमस्टे तथा पर्यटकीय पुर्वाधार विकासको प्रबर्द्धन हुने। |

## २. गाउँपालिकास्तरीय संग्राहलय निर्माण कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | पुराना तथा परम्परागत संस्कृतिक रुपमा प्रचलनमा रहेका रैथाने बाजा, गाजा र संगितका उपकरण, औजार, रहनसहन, कला सँस्कृति, भाषा, लिपि, लोपोन्मुख, चरा पंक्षी चित्र, जनावर आकृति, भेषभुषा आदिलाई नयाँ पुस्तालाई परिचित गराउदै लोप हुनबाट जोगाउँनकोलागि सामाजिक, सांस्कृतिक अभियान मार्फत प्रसार गर्ने र पहिचानको संरक्षण गर्ने उद्देश्यले लोपोन्मुख संस्कार संस्कृती अभिलेखीकरण, अनुसन्धान, अध्ययन र संरक्षण गर्न  गाउँपालिका स्तरीय संग्राहलय निर्माण कार्यक्रम तयार गरिएको छ। |
| उद्देश्य | स्थानीय भाषा, संस्कृति र एतिहासिक सम्पदाहरुको संरक्षण र सम्बर्द्धनको आधार तयार गर्नु |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिका |
| **रणनीतिहरु** | • स्रोत जुटाउनका लागि चन्दा दाताहरु, संघ, प्रदेश, सांस्कृतिक पुरातात्विक विभाग सग समन्वय गर्ने।<br>• नयाँ  पुस्तालाई परम्परागत ज्ञान सिप र अनुभव प्रसार गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | म्एच्त्तयार गर्ने | दस्तावेज | १ | | | | | १५०० | |
| २ | स्रंगहालय भवन निर्माण | भवन | | १ | | | | १०००० | |
| ३ | संस्कृतिक पुरातात्विक सामग्रीहरु संकलन र शोध गर्ने | सकलन | | | | १ | १ | १००० | कार्यविधि अनुसार |
| ४ | पुरातात्विक सामग्रैीहरु संकलन तथा व्यवस्थापन | पटक | | १ | १ | १ | १ | १००० | कार्यविधि अनुसार |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | अनुमानित | कैफियत |
|---|---|---|---|---|

| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | लागत रु (हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला र स्थानीय राजनीतिक दल, संस्थाहरुकोसँग समन्वय र अन्तरक्रिया गर्ने | १ | १ | | | | १०० | |
| २ | संस्कृति तथा पुरातत्व विद, बिज्ञहरु सग परामर्श गर्ने | | १ | | | | ५०० | |

| | |
|---|---|
| कार्यनीतिहरु | • स्रोत जुटाउनका लागि चन्दा दाताहरु, संघ, प्रदेश, सांस्कृतिक पुरातात्विक विभाग सग समन्वय गरिनेछ।<br>• नयाँ पुस्तालाई परम्परागत ज्ञान सिप र अनुभव प्रसार गरिनेछ।<br>• छिमेकी गाउँ तथा नगर गाउँपालिकाहरुसँग समन्वय गर्ने ।<br>• संग्राहालाय निर्माण तथा सञ्चालन कार्यविधि तयार गरीनेछ । |
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | • संस्कृतिक सम्पदाको संरक्षण<br>• पुरातात्विक सम्पदाको संरक्षण<br>• स्थानीय पहिचानको निरन्तरता र प्रसार |

## ५.६ महिला, वालवालिका तथा सामाजिक समावेशिकरण

### ५.६.१ पृष्ठभुमि

नेपालको संविधान २०७२, मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी प्रावधानहरु महत्वपूर्ण मानिन्छन् । यस संविधानको प्रस्तावनामा नै लैङ्गिक लगायत विभिन्न किसिमका विभेद र जातीय छुवाछुतको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख गरिएको छ। त्यस्तै मौलिक हक र दायित्व खण्डमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सुनिश्चित गर्न विभिन्न मौलिक हकको व्यवस्था गरिएको छ । त्यस्तै वर्तमान संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका ब्यक्ति, गर्भावस्थाका ब्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसाथ गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि लैससास सम्बन्धी व्यवस्था प्रस्तावनामानै उल्लेख गरी यस सम्बन्धी विभिन्न प्रावधानहरुको व्यवस्थाको साथै लोकतन्त्रको लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दीगो विकासको अवधारणामा स्थानीय तहदेखिनै सुद्दढीकरण गर्ने लगायतका उद्देश्य पुर्ति गर्न यो ऐन बनाईएको छ । त्यस्तै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएका वर्गको सहभागितामा जोड, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिंदै लैससास प्रबर्द्धन गर्ने जस्ता व्यवस्था पनि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको छ । यसका अतिरिक्त नेपाले विभिन्न अन्तराष्ट्रिय अभिसन्धिहरुको पक्ष राष्ट्र भई अन्तराष्ट्रिय स्तरमा प्रतिवद्धता ब्यक्त गदै सोहि अनुसारका व्यवस्थाहरु कार्यान्वयन गदै आईरहेको पनि छ ।

यस साकेला गाउँ गाउँपालिकाले लैससासको मुद्दालाइ मध्यनजर गर्दै कार्यक्रमको सवै तहमा महिला तथा वञ्चितिमा परेका वर्गहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै आएको छ । योजना तथा कार्यक्रमको सवै तहमा लैससास मुलप्रवाहिकरण गर्नमा प्रतिवद्द भएको महसुस गर्दै यस आवधिक योजनालाइ पनि लैससास मैत्री वनाउने प्रयास गरिएको छ ।

### ५.६.२ सम्भावना र अवसर

यस साकेला गाउँपालिका लैससास मुलप्रवाहिकरण गर्नको लागि प्रतिवद्द हुनुको साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले लैससास सम्बन्धी व्यवस्था गरे बमोजिम कार्यक्रम तथा योजनालाई लैससासमैत्री बनाउन कटिबद्द छ जस अनुसार गाउँपालिकामा लैससास सम्बन्धी निम्न पहल भइरहेका छनः

आमा समुह तथा महिला समुहहरु सक्रिय रहेको, धुवा रहित घर घोषणा, मासिक बचत नियमित, बाटो खन्ने कार्यमा श्रमदान गर्ने, सबैटोलहरुमा आमासमुह गठन भई कार्यगर्दै गरेको, माद्यमिक विद्यालयमा बालक्लब गठन भई सञ्चालनमा रहेको, जुनियर रेडक्रस सर्कल विद्यालयमा स्थापना भएका, महिला एकता मंच संस्था रहेको, महिला समुह भवन विभिन्न स्थानमा भएको, सिपमुलक सिलाईकटाई तालिम भएका, कहि कतै न्यून मात्रामा बालबिवाह र बहु विवाहको घटना देखिएको छ, ज्येष्ठ नागरिक तथा अपांगता भएका ब्यक्ति

### ५.६.३ समस्या र चुनौती

यस साकेला गाउँपालिको आवधिक योजान तर्जुमा गर्ने प्रकृयामा लक्षित समुहसंग छलफल गर्दा लैससासको समस्या र चुनौती निम्न वमोजिम देखिएका छनः

नेतृत्व क्षमताको पर्याप्त अवसर नभएको, समुह सञ्चालन प्रकृया बारे सिप तथा क्षमता विकास नभएको,बाल अधिकार र महिला अधिकारका कानुनी प्रावधानहरु बारे सबैमा जानकारी नभएको, छोरा छोरीमा भेदभावका अदृश्य अभ्यास रहेको, गरीवीकोकारण बालबालिकाहरु विद्यालयमा नियमित सहभागी हुन नसकेका, ज्येष्ठ नागरिकहरुको स्वास्थ्य उपचारको व्यवस्था नहुनु, अपांगता भएका ब्यक्तिहरुको तथ्यांक र बिस्तृत आवश्यकता सुचि तयार नहुनु, पेशागत सिप विकासको अवसर नभएको, परम्परागत पेशा ब्यवसायको आधुनीकीकरण हुन नसक्नु ,आधुनिक सिप र प्रविधिमा रुपान्तरण हुन नसकेको

### ५.६.४. लक्ष्य तथा उद्देश्य

लक्ष्यः गाउँपालिकाको सहभागिता, विकास र निर्णय प्रकृयामा समान र सक्रिय सामाजिक सहभागिताको आधार तयार भएको हुने ।

उद्देश्यः

- सशक्तिकरण र समान सहभागिताको माध्यमबाट निर्णय प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको अर्थपूर्ण सहभागिताको आधार तयार गर्नु ।

### ५.६.५ रणनीति

- लैङ्गिक हिंसा न्युनीकरण गर्नको लागि नितिगत व्यवस्था गर्ने ।
- लैससास मुलप्रवाहिकरणलाई संस्थागत नियमित कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ५.६.६ प्रमुख कार्यक्रमहरु

माथि उल्लेखित लक्ष्य, उद्देश्य प्राप्त गर्न निम्न प्रमुख कार्यक्रमहरुलाई आवधिक योजनामा सामेल गरिएको छ ।

१। सामाजिक तथा आर्थिक सशक्तिकरण कार्यक्रम

२। लैङ्गिक हिंसा न्यूनिकरण अभियान कार्यक्रम

३. लैससास मुलप्रवाहिकरण लागि संस्थागत संरचनाको सुदृढिकरण कार्यक्रम

कार्यक्रमहरुको बिस्तृत विवरण देहाय अनुसार रहेको छ ।

१. कार्यक्रमको नामः सामाजिक तथा आर्थिक सशक्तिकरण कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस गाउँपालिकामा लैससासको दृष्टिले महिला, लैङ्गिक अल्पसङ्ख्यक अपाङ्ग बालबालिका तथा पिछडिएको वर्गको अवस्थामा सुधार ल्याई उनिहरुको आर्थिक सामाजिक शसक्तिकरण गर्न यस कार्यक्रमले सहयोग पुर्याउनेछ । असमान शक्ति सम्बन्धले गर्दा लैङ्गिक खाडल धैरै देखियको छ तथा लैससास नीति तथा रणनीति पूर्ण रुपमा कार्यान्वयन हुन पनि सकिरहेको छैन । गाउँपालिकामा लक्षित वर्गको सामाजिक आर्थिक अवस्था सुधार गर्नको लागि सेवा ग्रहीको सेवामा पहुच बढाउनको लागि त्यतिकै आवश्यक छ । |
| | |

| कार्यान्वयन गरिने स्थान | गाउँपालिकाको सबै वडाहरुमा |
|---|---|
| **रणनीतिहरु** | • जनप्रतितिधि तथा सेवाग्राहीहरुको लैससास सम्बन्धी क्षमता अभिवृद्धि तथा सशक्त गरेर<br>• संघ प्रदेश तथा स्थानिय साझेदारीसंग समन्वय र सहकार्यमा विस्तार गरेर<br>• लैससास सम्बन्धी अध्ययन अनुसन्धान तथा असल अभ्यासको कार्यान्वयन गरेर<br>• किशोरी तथा वालसमूह गठन तथा परिचालन गरेर |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | इकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | लैससास सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीलाइ तालिम | पटक | | १ | ३ | | | ८०० | |
| २ | नेतृत्व विकास कार्यक्रम | पटक | २ | २ | | | | ३०० | |
| ३ | किशोरी विकास कार्यक्रम | जना | | | | ३० | ३० | ५०० | |
| ४ | कानूनी साक्षरता कार्यक्रम | पटक | | | ५ | | | १००० | |
| ५ | वालसमूहलाइ लैससास तथा वालमैत्री शासन सम्बन्धी कार्यक्रम | जना | | | ५० | ५० | | १००० | |
| ६ | दलित विद्यार्थीको लागि प्राविधिक, स्वरोजगार तथा अनुदानको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | १००० | |
| ७ | जेष्ठ नागरिकहरुको लागि सेवामा पहुँच वृद्धि | जना | २० | २० | २० | २० | २० | १००० | |
| ८ | एकल महिलाको सहभागिता तथा पहुचमा वृद्बिारे सचेतना | पटक | १ | १ | १ | १ | १ | ५०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | नियमित अनुगमन तथा मुल्यङ्घन गर्ने व्यवस्था मिलाउने | | | | | | १००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • सूचना तथा तथ्याङ्क व्यवस्थापन गरी<br>• संविधानले प्रदत्त गरेका मौलिक हकको सुनिश्चत गरी<br>• जनप्रतितिधि तथा सेवाग्राहीहरुको लैससास सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ।<br>• संघ प्रदेश तथा स्थानिय साझेदारीसंग समन्वय र सहकार्यमा विस्तार गरेर<br>• किशोरी तथा वालसमूह गठन गरी परिचालन गरिनेछ। गरेर |

२. लैङ्गिक हिंसा न्यूनिकरण अभियान

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस गाउँपालिकामा बढ्दो लैङ्गिक हिंसाको अवस्थालाई मध्यनजर गर्दै हिंसा न्यूनिकरण गर्नको लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ साथै लैङ्गिक हिंसा केसहरुको संख्यामा पनि वृद्दि भइरहेको छ। हिंसा न्यूनिकरणको लागि भएका संरचनाहरुको पनि सुदृढिकरण गर्नु पर्ने देखिन्छ यस्तै गरी हिंसामा परेका महिला तथा वालिकाहरुलाइ उचित सेवा प्रवाह गर्नको लागि यस कार्यक्रमले मद्दत गर्दछ। |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिकाको सबै वडाहरुमा |

| | |
|---|---|
| **रणनीतिहरु** | • लैङ्गिक हिंसा न्युनिकरण सम्बन्धी क्षमता अभिवृद्धि गर्ने।<br>• लैङ्गिक हिंसा न्युनीकरण सम्बन्धी भएका संरचनाहरुको सुदृढीकतण गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| 1 | लैङ्गिक हिंसा कोष स्थापना | | | | | | २०० | |
| 2 | लैङ्गिक हिंसाको कार्यविधि तयार | | | | | | २०० | |
| 3 | मेलमिलापकर्ताको छनौट तथा तालिम | | | | | | ५०० | |
| 4 | मनोविमर्स परामर्सदाताको छनौट तथा तालिम | | | | | | ५०० | |
| 5 | लैङ्गिक हिंसा सम्बन्धि जनप्रतिनिधि तथा कर्मचारीलाइ अभिमुखिकरण | | | | | | ५०० | |
| 6 | लैङ्गिक हिंसा सहायता कक्ष स्थापना | | | | | | ३०० | |
| 7 | हनिकारक अभ्यासको न्युनिकरण सम्बन्धि सचेतना | | | | | | ५०० | |
| | जम्मा | | | | | | २७०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | लैङ्गिक हिंसा सम्बन्धि केस व्यवस्थापन | | | | | | ५०० | |
| २ | लैङ्गिक हिंसा केस व्यवस्थापनको लागि सुरक्षा आवासको व्यवस्थापन | | | | | | ४०० | |
| | जम्मा | | | | | | ९०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | लैङ्गिक हिंसा न्युनिकरणको लागि स्थानिय सरोकारवालाहरुलाइ परिचालन गरिनेछ। |

### 3। लैससास मुलप्रवाहिकरण लागि संस्थागत संरचनाको सुदृढिकरण कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | लैससासमैत्री समाज स्थापनाको लागि लैससास मूल प्रवाहिकरण गर्नुपर्ने हुन्छ। यसको लागि गाउँपालिकाले भएका संरचनाहरु तथा नीतिगत व्यवस्थामा सुधार गर्नुपर्ने हुन्छ। लैससास नीति तथा रणनितिको कार्यान्वयनमा पनि यस गाउ गाउँपालिकाको ध्यान कम गएको देखिन्छ त्यसकारण लैससास मुलप्रवाहिकरण गर्नु पर्ने देखिन्छ। |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिकाको सबै वडाहरुमा |
| **रणनीतिहरु** | • स्थानीय सरोकारवालाहरुको क्षमता लैससास सम्बन्धि अभिवृद्धि गर्ने।<br>• लैससास नीति तथा रणनीति निर्माण गर्ने।<br>• लैससास सम्बन्धि पैरवी गर्नको लागि सवै सरोकारवालाहरुसंग समन्वय गर्नर। |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | इकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | लैससास नीति तथा रणनीति तयार तथा पुनरावलोकन गर्ने | पटक | १ | | | | | ५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | लैससास नीति सम्बन्धि अभिमुखिकरण (जनप्रतिनिधि) | पटक | १ | १ | | | | ५०० | |
| ३ | लैससास परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ३०० | |
| ४ | लैङ्गिक उत्तरदायी बजेटको अभ्यास गर्ने | संख्या | १ | १ | | | | ३०० | |
| ५ | दलित सशक्तिकरणको लागि ऐनमा परिमार्जन तथा स्थानियकरण | पटक | १ | १ | १ | १ | १ | २०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | इकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | लैससासमैत्री खण्डिकृत तथ्याङ्कको व्यवस्थापन | पटक | | १ | | | | ७०० | |
| २ | लैससास अनुगमन तथा मुल्याङकन खाका वनाउने | संख्या | | १ | | | | ५०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | महिला पुरुष वालवालिका तथा उपेक्षित वर्गको अर्थपूर्ण सहभागिताको लागि सकारात्मक विभेदको नीति लिएर |

## परिच्छेद ६: पूर्वाधार  विकास

### परिचयः

आवधिक योजना तर्जुमाको एक महत्वपूर्ण क्षेत्र पूर्वाधार विकास पनि हो । विकासको सबैक्षेत्रका ढोका पूर्बाधरको विकासबाटै खोलिने हुँदा गाउपालिकाले *सुसँस्कृत तथा सम्बृद्ध साकेला* भन्ने दीर्घकालिन सोँचका साथ दीगो भौतिक पूर्वाधारको विकासमा बिशेष जोड दिने नीति गाउँ गाउँपालिकाले लिएको छ । पूर्वाधार विकासको अवस्था यस साकेला गाउँपालिकामा मध्यम खालको रहेकोले गर्दा अझै जोड दिनु पर्ने देखिन्छ । स्थानीय  सडकहरुको पहुँच मध्य पहाडी लोक मार्ग सग रहेको छ। यस्ले विभिन्न खाले व्यवसायिक कृषि उत्पादन र बजारीकरणको प्रसस्त सम्भावनाको ढोका खोलेको छ । लगायत अन्यक्षेत्र जस्तै उर्जा आवाश र सन्चारको क्षेत्रमा पनि विशेष जोड दिनु पर्ने देखिन्छ । यसको मुख्य उद्देश्य मानव सूचकांक विकास र मानवीय पक्षहरुको संबोधन सहित सेवा सुविधा र विकासको न्यायोचित वितरण र लगानीमा ध्यान दिईएको छ । यहा प्रस्तुत भएका सम्पूर्ण विषयहरु स्थानीय समुदायसँगको छलफल र निश्कर्षहरुमा आधारित रहेका छन् ।

### ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

#### ६.१.१ पृष्ठभूमि

मानवीय विकासको आधार सूचकको रुपमा बस्ती,  आवास,  भवन तथा सार्वजनिक निर्माण क्षेत्रको प्रयोग र सेवा उपभोगको बिशेष महत्व छ । सुरक्षित आवाश्, समुन्नत वस्ती तथा सर्वजनिक पुर्वधारको समान प्रयोग गर्नु नै गाउँपालिकाको मुख्य प्राथमिकता रहेको छ । गाउँपालिकाले एकीकृत वस्ती विकास तथा ग्रामिण सहरीकरण, प्रमुख प्रशासकीय भवन तथा वडा कार्यालय भवन निर्माण, **गाउँपालिका** स्तरिय कवर्ड हल तथा साकेला प्रथामिक अस्पताल निर्माण, ५ वटै वडामा सामुदायिक भवन निर्माण सेवा आदि विषयहरुलाई कार्ययोजनामा समावेश गरिएको छ ।

#### ६.१.२ सम्भावना तथा अवसर

सडक तथा यातायातको विकाससँगै साकेला गाउँपालिका भित्र बजार केन्द्रहरु बिस्तार हुन थालेका छन् । विद्यालय, स्वास्थ्यचौकी र वडा कार्यालय भएको स्थानमा सानातिनो बजारको रुप लिन थालेको छ । गाउँपालिका तथा वडामा सेवा केन्द्रहरु थपिदै गईरहेको छ । वडास्तरीय छलफलहरुबाट वस्ती विकास केन्द्रहरुमा तुरुन्तै भवन संहिता लागू गर्नु पर्ने माग आएको छ । भुकम्पीय जोखिमबारे धेरै सर्वसाधारणलाई सचेतना दिदै भवन संहितालाई अनुसरण गर्नु पर्ने सुझावहरु आएको छ । यातायातको विकास, गुणस्तरीय शिक्षा र भर पर्दो स्वास्थ्य सेवाको बिस्तार हुने हो भने ग्रामिण शहरीकरणको राम्रो सुरुवात हुने प्रवल सम्भावनाहरुको आँकलन गर्न सकिन्छ । गाउँपालिकाको केन्द्रमा प्रशासकीय भवन लगायत कार्यलयका भवनहरु निर्माण हुन थाल्नुलाई प्रगतिको रुपमा लिन सकिन्छ भने निकट भविश्यमा अन्य भवनहरुको समेत  निर्माण कार्य सम्पन्न गरी ब्यवस्थित रुपमा सेवा सुचारु गर्न संघ र प्रदेश सरकार सगको समन्वय अपरीहार्य देखिन्छ ।

#### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिका तथा वडास्तरीय छलफलका क्रममा पुराना माटो तथा ढुङ्गाले बनेका वस्ती तथा भवनहरु बाहेक नयाँ ढलान भवनहरु बन्दै र बनिसकेकाले भवन संहिता लागु गर्न समस्या तथा चुनौती दुबै देखिन्छ । एकीकृत वस्ती विकास अहिलेको आवश्यकता भए पनि जनता सामु यसको सान्दर्भिकता र महत्त्व बुझाउनु जरुरी छ । सामुहिक आर्थिक उन्नति र अन्य सामुहिक काम गर्नको लागि  सहज हुने वस्ती विकास निर्माण गर्न निकै चुनोतिपूर्ण  देखिन्छ । तथापी गाउँपालिकाले माथी उल्लेखित कार्यक्रमहरु अगाडी बढाउने सन्कल्प लिएको छ ।  तसर्थ, भवन संहिता र एकीकृत वस्ती बिकाश  आदि विषयहरुलाई प्राथमिकताका साथ प्रस्तुत गरिएका छन्।

#### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य

**लक्ष्य**: भवन संहिता अनुरुप भवन तथा वस्तीहरुको निर्माण भइ व्यवस्थित र सुरक्षित वस्तीको आधार तयार भएको हुने ।

**उद्देश्य :** निजि तथा सार्वजनिक भवनहरु भवन मापदण्ड अनरुप बनाई वस्ती तथा भवनहरुलाई सुब्यबस्थित र सुरक्षित वस्तिको आधार तयार गर्नु ।

#### ६.१.५ रणनीतिहरु

- भवन संहिता बनाई भवन मापदन्ड तोक्ने ।
- एकीकृत वस्ती अवधारणा अनुरुप बजार केन्द्रहरुलाई व्यवस्थित गर्ने ।
- सडकको अधिकार क्षेत्र तोकी सोहि अनुरुप मात्र घरहरुको निर्माण ईजाजत दिने ।
- घरको नमूना नक्शाहरु तयार गरी सोही अनुसार गाउँबासीहरुको छनौटको आधारमा भवन बनाउने ।

### ६.१.६ कार्यक्रमहरु:

यस क्षेत्रको लक्ष्य र उद्देश्य प्राप्त गर्न देहाए बमोजिमका प्रमुख कार्यक्रमहरुलाई प्रथमिकीकरण गरी आवधिक विकास योजनामा सामेल गरिएको छ।

१. गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालय भवन निर्माण
२. एकीकृत वस्ती विकास तथा ग्रामिण सहरीकरण
३. पालिकास्तरीय कवर्ड हल तथा साकेला प्रथामिक अस्पताल निर्माण
४. ५ वटै वडामा सामुदायिक भवन निर्माण
५. डाँडाखर्क खेलमैदान निर्माण

यी कार्यक्रमहरुको बिस्तृत विवरण तल दिईएको छ।

**१. गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालय भवन निर्माण**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | जनताको सबै भन्दा नजिकको सरकार गाउँपालिका हो र जनतालाई सेवा दिनको लागि सबै भन्दा पहिले गाउँपालिकाको संरचना ठीक हुन आवश्यक रहन्छ। साकेला गाउँपालिकाको प्रशासकीय भवन निर्माण भैरहेको छ। सेवा प्रबाहको मुख्य ढोका वडाकार्यलयहरु हुन र अव गाउँपालिका अन्तर्गतका वडा कार्यलय भवनहरु व्यवस्थित गर्न आवश्यक भएकोले यो कार्यक्रम तयार गरिएको छ। यसका लागि यसै आ.व. मा DPR तयार भइ २०८२/०८३ सम्ममा ५ वटै वडामा वडा कार्यलय भवन निर्माण हुने गरी अगाडि बढाउनु पर्ने देखिन्छ। |
| **उद्देश्य:** | वडा कार्यलयको पूर्वाधार व्यवस्थित गरी कार्यसम्पादन चुस्त दुरुस्त बनाउनु। |
| कार्यान्वयन गरिने स्थान | ५ वटै वडा कार्यलय |
| **रणनीतिहरु** | • पहिलो वर्षमा DPR नभएका वडा कार्यलयहरुको DPR गर्ने।<br>• DPR तयार भैसकेका वडा कार्यालयहरु निर्माण गर्ने।<br>• निर्माण बजेटको लागि संघ र प्रदेश सँग सम्वन्वय र सहकार्य गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | DPR तयार | वटा | १+३ | | | | | १५०० | 3 बाकी |
| २ | भवन निर्माण | वटा | | १+१ | २ | | | ६०००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • निर्माणको गुणस्तर एकदमै ख्याल गरिनेछ।<br>• सम्भब भए सम्म अधिकतम स्थानीय निर्माण सामाग्रीको प्रयोग गरिनेछ।<br>• सके सम्म स्थानीय मानिसलाई निर्माण कार्यमा जोडिनेछ। |

**२. एकीकृत वस्ती विकास तथा ग्रामिण सहरीकरण**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | गाउँपालिका केन्द्र मानेभन्ज्याङ, रतन्छाको साकेला बजार, वाँझे च्यानडाँडा, मात्तिम डाँडाटोलको सविनडाँडा र तावाभन्ज्याङमा केन्द्रित वस्तीको विकास हुन थालेको देखिन्छ। गाउँपालिकाको भूउपयोग योजना तयार भइ लागू भएको अवस्थामा बस्ती तथा भवन निर्माण कार्यहरुलाई एउटा प्रणाली अनुरुप बनाउन सके सुरक्षित र व्यवस्थित बनाउन सकिने हुँदा यो कार्यक्रम तय गरिएको छ। |
| **उद्देश्य:** | बन्दै गरेको भवन तथा बढ्दै गरेको वस्ती केन्द्रहरुलाई सुब्यबस्थित गर्नु। |
| **अन्य विषयगत** | • व्यक्ति तथा सार्वजनिक भवन निर्माण (स्वास्थ्य, शिक्षा, विद्युत, कृषि तथा उद्योग क्षेत्र) |

| क्षेत्रसँगको सम्बन्ध | |
|---|---|
| कार्यान्वयन गरिने स्थान | मानेभन्ज्याङ , रतन्छा बजार , बाँझे च्यान्डाँडा तावा भन्ज्याङ, मात्तिम , डाँडाटोल |
| **रणनीतिहरु** | • भवन संहिता तयार गरी लागू गर्ने तथा सचेतनामुलक कार्यक्रम गर्ने<br>• दोस्रो वर्षमा सडक यातायात गुरुयोजना तयार गरी सडक मापदन्ड लागु गर्ने<br>• भुउपयोग वर्गिकरण योजना तयार गरी ग्रामिण शहरीकरणको लागि मापदण्ड लागू गर्ने ।<br>• विधुत, खानेपानी तथा जिबिकोपार्जन कार्यक्रम सञ्चालन गर्ने |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सचेतनामुलक कार्यक्रम सञ्चालन | वटा | १ | | | | | ३०० | |
| २ | मोडेल डिजाइन नक्सा तयार गर्ने | प्रकार | | ५ | ५ | ५ | | ५०० | |
| ३ | सडक यातायात गुरुयोजना तयार | वटा | | १ | | | | ४५० | |
| ४ | भुउपयोग वर्गिकरण योजना तयार | वटा | | १ | | | | | हुँदै गरेको |
| ५ | व्यक्तिगत घरहरुको लागि नमूना डिजाईनहरुको तयारी | | | | | | | | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | भवन संहिता तयारी तथा लागु | वटा | | १ | | | | २०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • भवन निर्माण तथा शहरी बिकाश विभागसँग सम्वन्वय गरिनेछ ।<br>• संघीय नितिहरुसँग नबाँझिने गरी नीति नियम निर्देसिका निर्माण गरी कडाइका साथ लागु गरिनेछ ।<br>• बनिसकेका घरहरुको ईन्भेन्ट्री र नयाँ घरको नक्शा पास गर्ने प्रणाली लागू गरिनेछ । |

## ३. पालिकास्तरीय कवर्ड हल निर्माण कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला प्रथामिक अस्पताल आ. व. २०८३/०८४ सम्ममा निर्माण सम्पन्न हुने गरी निर्माण कार्य अगाडि बढीरहेको । साकेला गाउँपालिका केन्द्र आसपासको एरियामा गाउँपालिकास्तरिय कवर्ड हल निर्माण गर्न यो कार्यक्रम राखिएको छ । |
| **उद्देश्यः** | व्यवसायिक खेलकुदको आधार तयार गर्नु । |
| कार्यान्वयन गरिने स्थान | मानेभन्ज्याङ |
| **रणनीतिहरु** | • पहिलो आ.व. मा DPR तयार गर्ने<br>• निर्माणको लागि जग्गा ब्यबस्था गर्ने |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | वडास्तरीय खेलमैदान निर्माण | वटा | | १ | २ | १ | १ | १०००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • जग्गा ब्यबस्थापन गर्दा जग्गा दान मार्फत प्रप्त गर्ने कुरालाई प्राथमिकता दिईनेछ ।<br>• निर्माण प्रकृयामा बालमैत्री, अपांगमैत्री र महिलामैत्री बनाउने नीति अवलम्बन गरिनेछ । |

| | |
|---|---|
| | • बिरामीलाई सुबिधाको लागि मोटर बाटोको स्तरोन्नति गरिनेछ।<br>• बजेट साझेदारीको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। |

**४. कार्यक्रमको नामः ५ वटै वडामा सामुदायिक भवन निर्माण**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | समुदायमा विकासका बिभिन्न आयामको विकासलाई व्यस्थित बनाउन र सामुदायिक कृयाकलापहरु गर्न सहजताको लागि सबै ५ वटै वडाहरुमा सामुदायिक भवन निर्माण गर्नुपर्ने देखिन्छ। |
| **उद्देश्यः** | सामुदायिक कृयाकलापहरु सन्चालनमा सहजताको लागि पूर्वाधार तयार गर्नु। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | महिला, बालबालिका, दलित बर्ग र बृद्ध-बृद्धाहरुको सशक्तिकरणमा सहयोग पुग्ने। |
| कार्यान्वयन गरिने स्थान | ५ वटै वडा |
| **रणनीतिहरु** | • **पहिलो आ.व. मा DPR तयार गर्ने**<br>• **निर्माणको लागि जग्गा ब्यबस्था गर्ने** |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | DPR तयार | वटा | ५ | | | | | ७५०० | |
| २ | निर्माण | वटा | | १ | २ | १ | १ | ४०००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • जग्गा प्राप्तिको लागि जग्गा दानलाई प्राथमिकता दिईनेछ।<br>• निर्माण कार्य गर्दा गुणस्तर हदै सम्म कायम गरिनेछ।<br>• सामुदायिक भवन बनाउदा वडाको भौगोलिक केन्द्र हुने गरी छनोट गरिनेछ। |

## ६ २.सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभुमि

विभिन्न चरणको छलफल तथा परामर्शबाट प्राप्त सुझाव अनुसार कच्ची बाटो, ग्रावेल बाटो, झोलुङ्गे पुल, पक्की पुल तथा यातायात ब्यबस्थापनको अहिले सम्मको अवस्था र दीगो विकासको लागि आवश्यक कदमहरुबारे छलफल तथा परामर्श गर्दा सर्व-साधारणको दैनिकी सहज बनाउने, यातायातको गुणस्तर बढाउने, कृषि उत्पादनलाई सहज बजारीकरण गर्ने तथा शिक्षा स्वास्थ्यमा सबैको पहुच स्थापना गर्ने जस्ता विविध विषयबस्तुहरुलाई मध्यनजर गर्दै सडक, पुल तथा यातायात विकास क्षेत्रको कार्यक्रमहरु तय गरिएका छन्।

### ६.२.३ सम्भावना तथा अवसर

मध्य पहाडी लोक मार्गको नजिक रहेको यस साकेला गाउँपालिका अनेकौ सम्भावना बोकेको एक गाउँपालिका हो। ४ वा ५ वटा पक्की पुलहरु (जुन माग भै आएका छन) थप निर्माण गर्ने हो भने कृषि उत्पादनको ब्यबसायिकरण गर्न र अन्य सुविधाहरुको उपभोग गर्न एकदमै सहज हुने देखिन्छ। यो सँग थप गाउँपालिकाका विभिन्न पर्यटकिय केन्द्रको उजागरण र प्रबर्दन गर्न उल्लेखनिय भूमिका सहितको अवसर मुलक भविश्य देखिन्छ।

### ६.२.२ समस्या तथा चुनौती

मोटर बाटो तथा पुलहरु भएता पनि यथेश्ठ मात्रामा तीनका पुर्वाधारहरु नभएको कारणले गर्दा जनजिवन सहज नभएको। एक ठाउमा त पैदल मार्गको पनि माग भई आएको छ। विशेष गरी मोटर बाटो र झोलुङ्गे पुलहरुको मर्मत सम्भार नहुँदा वर्षाको समयमा आवत

जावत प्रभावित हुँदै आएको सन्धर्भमा धेरै ठाउहरुमा पक्की पुलको अभाब भई आएको कुरा विभिन्न सामुदायिक छल फलमा समस्या तथा चुनौतिको रुपमा देखिएकोछ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, यातायात सहज र सुविधा युक्त बनाउने

- सडक नपुगेको वस्तीलाई सडक सन्जालमा जोड्ने
- वैकल्पिक मार्ग स्थापना गर्ने
- आवत-जावत सहज बनाउने

### ६.२.५ रणनीति

### ६.२.६ कार्यक्रम तथा आयोजना

**सडक**

१. साप्सुखोला पाँचधारे सडक कालोपत्र (जिल्ला सडक)
२. वाँझेच्यानडाँडा -मानेभञ्ज्याङ -काल्चिङखोला सडक स्तरोन्नति (२७ कि.मि.)
३. हरेलोडाँडा -डाँडागाउँ -दोवेला सडक स्तरोन्नति (१५ कि. मि.)
४. पिनालाखा -लामोदुवाली -चम्पा -दुम्ली दिक्तेल सडक स्तरोन्नति (२२ कि.मि.)
५. कात्तिके -सोस्तुङ -रतन्छा नैनेपाटी सडक स्तरोन्नति (९ कि.मि.)
६. बोझई-तावादोभान रेग्मीटार सडक
७. छाँगेखोला – आहाले – मानेगाँउ – नौलाखर्क सडक
८. कात्तिके – मपारुङ – नौलाखर्क सडक
९. पान्धारे – तावाभञ्ज्याङ – मखमाले – किवा – काल्छिङ खोला सडक
१०. बाहुनडाँडा – बोझइ – साकेलाथान – धिप्लुनङ छागा सडक
११. भाङ्टार – ३ नं. वडा कार्यालय – सोल्मा सडक
१२. सकड स्तरोन्नति
१३. नयाँ ट्र्याक खोल्ने कार्यक्रम
१४. सोल्मा -तावाखोला -तावाभञ्ज्याङ -पाँचधारे पैदल मार्ग निर्माण

**सडक पुल**

१. वालाखा दोभान साप्सुखोला पुल
२. साप्सुखोला लाम्दुवाली सडक पुल (पिनालाखा-लाम्दुवाली-चम्पा-दुम्ली-दिक्तेल सडक अन्तर्गत)
३. वाँझेच्यानडाँडा -मानेभञ्ज्याङ -काल्चिङखोला सडक अन्तर्गतका पुलहरु
४. साप्सु पान्धारे अन्तर्गतका पुलहरु

कार्यक्रमहरुको बिस्तृत विवरण निम्न बमोजिम छन् ।

**१. साप्सुखोला पाँचधारे सडक कालोपत्र (जिल्ला सडक)**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | खोटाङ भोजपुर जोड्ने सडक (हाल DPRभई प्रदेश सरकारको बजेटबाट ग्राभेल भई रहेको जिल्ला जोड्ने) सडक गाउँपालिकाको गौरवको आयोजना भएकाले उक्त सडक कालोपत्र गर्न अगाडि बढाउनु पर्ने |
| उद्देश्यः | यातायात सहज र सुविधा युक्त बनाउनु |
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | गाउँपाकालिकाको महत्वपूर्ण सडक भएकोले यस सडकको शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सिंचाई आदिसँग सरोकार राख्ने |
| कार्यान्वयन गरिने स्थान | वडा नं. ५, ४ र ३ हुँदै भोजपुर जिल्लाको पाँचधारे |

| रणनीतिहरु | • **पहिलो आ.व. मा DPR तयार गर्ने**<br>• कालोपत्र **गर्ने** |
|---|---|

**प्रमुख क्रियाकलापहरु**

| **क्र.सं.** | **क्रियाकलाप** | **ईकाई** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रु (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | | |
| १ | पुलको DPR तयार गर्ने | वटा | १ | २ | | | | ५००० | बाटोको डिपिआर तयार भैसकेको |
| २ | कालोपत्र | कि.मि. | | १० | १० | १० | १० | ८000000 | ४ वर्षमा पुरा गर्ने |

**सहायक क्रियाकलापहरु**

| **क्र.सं.** | **क्रियाकलाप** | **ईकाई** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रु (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | नियमित सडक मर्मत | | | | | | | ५००० | |

| **कार्यनीतिहरु** | • साकेला गाउँपालिकाको गौरवको आयोजनामा राखि संघ र प्रदेशसँग बजेट माग गरिनेछ।<br>• निर्माणको दौरान हदैसम्मको गुणस्तर कायम गरिनेछ।<br>• स्थानीय श्रमिकको अधिकतम उपयोग गरिनेछ। |
|---|---|

### २. वाँझेच्यानडाँडा -मानेभञ्ज्याङ -काल्चिङखोला सडक स्तरोन्नति (२७ कि.मि.)

| **विषयवस्तु** | **विवरण** |
|---|---|
| पृष्ठभूमि | गाउँपाकालिका केन्द्र अन्तरपालिका र मध्य पहाडि लोकमार्गलाई जोड्ने नजिकको सडक (हालको अवस्था DPRतयार भई चालु आ.व.मा संघ समपुरक योजना अन्तर्गत बजेट प्राप्त भई स्तरोन्नतिको कार्य हुँदै गरेको) |
| **उद्देश्यः** | यातायात सहज र सुविधा युक्त बनाउनु |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | गाउँपालिका वडा नं. १, २, ४ र ३ मा वसोवास गर्ने नागरिक, सरकारी कार्यालय तथा सबै क्षेत्रलाई सेवा पुग्ने सडक |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिका वडा नं. ५,१, २, ४ र ३ |
| **रणनीतिहरु** | • **स्तरोन्नत्ति कार्यक्रमलाई निरन्तरता दिने।** |

**प्रमुख क्रियाकलापहरु**

| **क्र.सं.** | **क्रियाकलाप** | **ईकाई** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रु (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | | |
| १ | मर्मत तथा स्तरोन्नति (ग्राभेल तथा कालो पत्रे) | कि. मि. | 5 | 6 | 9 | 6 | | ११४०००० | पाँच वर्षमा सक्ने |

**सहायक क्रियाकलापहरु**

| **क्र.सं.** | **क्रियाकलाप** | **ईकाई** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | नियमित मर्मत सम्भार गर्ने | वटा | | | | | | ३००० | वर्षै पिच्छे गर्ने |

| **कार्यनीतिहरु** | • संघीय सरकार र प्रदेश सरकारसँग बजेटको लागि माग गरिनेछ।<br>• गाउँपालिकाको प्राथिमिकताको आयोजनामा राखि मर्मत तथा स्तरोन्नतिको कार्य अगाडि बढाईनेछ। |
|---|---|

### ३.  पिनालाखा -लामोदुवाली -चम्पा -दुम्ली दिक्तेल सडक स्तरोन्नति (२२ कि.मि.)

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यो सडकको DPRतयार भईरहेको र ट्र्याक ओपन भई कच्ची बाटोको रुपमा सञ्चालन भईरहेको |
| उद्देश्यः | यातायात सहज र सुविधा युक्त बनाउनु |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • **कृषि उपज दिक्लेत तथा अन्य स्थानमा लान सहज हुने ।** |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिका वडा नं. २ र दिक्तेल रुपाकोट मझुवागढी नपाको ७, ६ २ नं, वडा |
| **रणनीतिहरु** | • बनिरहेको DPR लाई निरन्तरता दिने । <br>• आ.व. २०८२/८३ सम्ममा गर्भेल गरिसक्ने । <br>• आ.व. २०८४/८५ सम्ममा कालोपत्रे गरि सक्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | डिपिआर | वटा | 1 | | | | | | सम्पन्न |
| २ | सडक ग्राभेल | कि.मि. | | १५ | १२ | | | ४८०००० | |
| ३ | सडक कालो पत्रे | कि.मि. | | | | १५ | १२ | १०००००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | नियमित मर्मत | वटा | | | | | | ३००० | हरेक वर्षे |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • निर्माणको गुणस्तर कायम गरिनेछ । <br>• स्थानीय  श्रोत र साधनको अधिकतम प्रयोग गरिनेछ । <br>• संघीय सरकार र प्रदेश सरकारसँग बजेटको लागि माग गर्ने । |

### ४.  हरेलोडाँडा -डाँडागाउँ -दोवेला  सडक स्तरोन्नति (१५ कि. मि.)

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | DPRतयार भई ट्र्याक ओपन भएको यो सडक दिक्तेलबजार जोड्ने छोटो सडक हो । मध्ये पहाडि लोकमार्गको सेखुवाखण्डमा सडक अवरोध हुँदा यो सडकलाई बैकल्पिक मार्गको रुपमा प्रयोग गर्न सकिन्छ । यस सडकको स्तरोन्नती गर्न यो कार्यक्रम तय भएको छ । |
| उद्देश्यः | यातायात सहज र सुविधा युक्त बनाउनु |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • स्वास्थ्य शिक्षा र कृषि बजारीकरण |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिका वडा नं. १ र दिक्तेल रुपाकोट मझुवागढी नपाको ८ नं. वडा |
| **रणनीतिहरु** | • बनिरहेको DPR लाई निरन्तरता दिने । <br>• संघीय सरकार र प्रदेश सरकारसँग बजेटको लागि माग गर्ने |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | डिपिआर | वटा | १ | | | | | | तयार |
| २ | सडक ग्राभेल | कि.मि. | | ५ | १० | | | २४०००० | |
| ३ | सडक कालो पत्रे | कि.मि. | | | | ५ | १० | ८००००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | नियमित मर्मत | वटा | २ | २ | २ | २ | २ | १००० | |

**कार्यनीतिहरु**

- निर्माणको गुणस्तर कायम गरिनेछ
- स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग गरिनेछ

### ५. कात्तिके -सोस्तुङ -रतन्छा नैनेपाटी सडक स्तरोन्नति (९ कि.मि.)

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | DPRतयार भई स्तर उन्नतिको कार्य भईरहेको। |
| **उद्देश्यः** | यातायात सहज र सुविधा युक्त बनाउनु |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिका वडा नं. ५ र २ नं. वडा |
| **रणनीतिहरु** | • संघीय सरकार र प्रदेश सरकारसँग बजेटको लागि माग गर्ने |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सडक कालोपत्रे | कि.मि. | | ३ | ३ | ३ | | ३००००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | नियमित मर्मत | नियमित | | | | | | २००० | |

**कार्यनीतिहरु**

- निर्माणको गुणस्तर कायम गरिनेछ।
- स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग गरिनेछ।
- मर्मत योजना बनाइ लागु गरिनेछ।

### ६. मात्तिम - सकड स्तरोन्नति

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | १. डाँडाटोल -पलङ्का तावाखोला सकड (५ कि.मि.)<br>२. मिनेडाँडाबाट ओख्लीढुङ्गा सडक<br>३. छाँगेखोला -आहाले -मानेगाउँ -आहाले -नौलाखर्क सडक (१० कि.मि.)<br>४. कात्तिके -पारुङ -नौलाखर्क सडक<br>५. भाङटार – २ नं. वडा कार्यालय – सोल्मा – मखमाले सडक<br>६. पुङ्गा – काल्छिङ खोला सडक<br>७. माथिल्लो किवा पत्रुङ्गेटार सडक |
| **उद्देश्यः** | यातायात सहज र सुविधा युक्त बनाउनु |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • स्वास्थ्य, शिक्षा र कृषि बजारीकरणमा सहयोग पुग्ने |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिका वडा नं. २, ४ र ५ वडा |
| **रणनीतिहरु** | • पहिलो आ.व. मा DPR तयार गर्ने ।<br>• सकड स्तरोन्नति कार्य अघि बढाउने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | DPR | वटा | ३ | २ | | | | ४८०० | |
| २ | डाँडाटोल -पलङ्का तावाखोला सकड (५ कि.मि.) | | | | | | | | |
| ३ | मिनेडाँडाबाट ओख्लीढुङ्गा सडक | | | ५ | | | | | |
| ४ | छाँगेखोला -आहाले -मानेगाउँ -आहाले -नौलाखर्क सडक (१० कि.मि.) | | | | | | | | |
| ५ | कात्तिके -पारुङ -नौलाखर्क सडक | | | | | | | | |
| ६ | भाङटार – २ नं. वडा कार्यालय – सोल्मा – मखमाले सडक | | | | | | | | |
| ७ | पुङ्गा – काल्छिङ खोला सडक | | | | | | | | |
| ८ | माथिल्लो किवा पत्रुङ्गेटार सडक | | | | | | | | |
| ९ | पानधारे – तावा भञ्ज्याङ – मखमाले – किवा – काल्छिङ खोला सडक | | | | | | | | |
| १० | बटडाँडा – पलङका तावादोभान | | | | | | | | |
| ११ | जम्मा | कि.मि. | | १० | ५ | १० | १० | २५०००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | नियमित मर्मत | वटा | | | | | | ५५०० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • निर्माणको गुणस्तर कायम गरिनेछ ।<br>• स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग गरिनेछ ।<br>• मर्मत योजना बनाइ लागु गरिनेछ । |

### ७. कार्यक्रमको नाम: नयाँ ट्र्याक निर्माण

| विषयवस्तु | विवरण |
|---|---|

| | |
|---|---|
| पृष्ठभूमि | सडक तथा यातायात पूर्वाधारहरु पुरा हुदै गए पनि केहि क्षेत्र र बस्तीहरु सडक सञ्जालबाट टाडा भएको हुनाले नयाँ ट्र्याक ओपन गर्नु पर्ने देखिन्छ ।<br>१. डाँडागाउँ - मवु - वुतेपा सडक<br>२. ४ नं. वडा कार्यालय -विसौना -सल्लेरी -आहाले -तावाखोला पावर हाउस सडक (७ कि.मि.)<br>३. राधाकृष्ण मावि -लहरे टोल सडक<br>४. लामिडाँडा -दुङ्छेली -हुतावु गुम्वासम्म सडक<br>५. साकेला थान तावाखोला सडक<br>६. वरडाँडा -पलङ्का -सतीडाँडा तावादोभान दोभान सडक<br>७. मवु – डाँडागाउँ – दोबेला – दोर्पा सडक<br>८. वोहोरीडाँडा फुयालगाउँ चण्डेश्वरी सडक वडा नं. १, साकेला थान अमातुङ पारुङ सडक वडा नं. २, चुइमा सडक वादुङ झर्ना वडा नं. १, मुलखर्क ट्र्याम्के सडक वडा नं. २, धुलीमाटी देउजा टोल कुन्तुङ वादुङ सकड वडा नं. १<br>९. पारुङ – रतन्छा सडक<br>१०. सोल्मा – तावा भञ्ज्याङ सडक<br>११. चामिडाँडा – रतन्छा – माझगाउँ सडक<br>१२. ठाडो ठूलो भञ्ज्याङ सडक<br>१३. बिचारीधारा चणडेश्वरी सडक<br>१४. हरेलो छापटोल टुङटुङगे सेखुवा सडक<br>१५. हरेलो लाम्खा सडक<br>१६. मबु – डाँडाटोल – निर्माली सडक |
| **उद्देश्यः** | सडक नपुगेको वस्तीलाई सडक सन्जालमा जोड्नु |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • स्वास्थ्य शिक्षा र कृषि बजारीकरण सहयोग पुग्ने । |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिका वडा नं. १,२,३ र ५ |
| **रणनीतिहरु** | • पहिलो आ.व. मा DPR तयार गर्ने ।<br>• नयाँ ट्र्याक निर्माण कार्य अघि बढाउने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | डिपिआर | **वटा** | 7 | | | | | ३५०० | |
| २ | नयाँ ट्र्याक खोल्ने | **वटा** | २ | ३ | ३ | ३ | ३ | २८५०० | |

| | |
|---|---|
| कार्यनीतिहरु | • **संघ र प्रदेश सरकारमा बजेट माग गरिनेछ**<br>• **नयाँ ट्र्याक खोल्दा सके सम्म कम खर्चिलो छोटो र सबै वस्तीलाई छुएर जाने गरी लगिनेछ** |

**१. सोल्मा -तावाखोला -तावाभञ्ज्याङ -पाँचधारे पैदल मार्ग निर्माण**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | सोल्माबाट पाँचधारे जाने छोटो पैदल मार्ग दीगो पर्यटन विकासको लागि आधारभुत सुरुवात हुने देखिन्छ । |
| **उद्देश्यः** | पुरानो पदमार्गलाई स्थायी पद मार्ग बनाउनु |

| पर्यटन | • पर्यटन |
|---|---|
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिका वडा नं. ३ नं. वडा |
| **रणनीतिहरु** | • पहिलो वर्षमा लम्बाई र alignment तय गर्ने।<br>• अर्को वर्षमा निर्माण सम्पन्न गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सामान्य सर्भे गर्ने | पटक | 1 | | | | | ५० | |
| २ | निर्माण | **वटा** | ०.५ | ०.५ | | | | २०००० | |

| **कार्यनीतिहरु** | • निर्माण कार्य गर्दा जनश्रमदान लाई प्राथमिकता दिइनेछ।<br>• आवश्यक ठाउहरुमा ढुङ्गा छाप्ने काम पनि गरिनेछ। |
|---|---|

## ८. सडक पुल निर्माण कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकाको कार्यक्रममा रहि DPR को लागि अगाडि बढाईएको र मध्यपहाडि सडकको वैकल्पिक मार्गको रुपमा रहेको हरेलो डाँडागाउँ साप्सुखोला दोबेला सडकमा पर्ने उक्त पुललाई प्राथमिकतामा राखी संघ र प्रदेशसँग बजेटको लागि समन्वय भईरहेको।<br>बाँझे च्यानडाँडा रतन्छा मानेभञ्याङ काल्छिङखोला सडक अन्तर्गत पर्ने उक्त पाँच वटा पुल निर्माणपछि मात्र उक्त सडक नियमित रुपमा हिउद वर्षा नै चल्ने हुँदा गाउँपालिकाकाले प्राथमिकतामा राखी संघ र प्रदेश सरकारसंग DPR देखि निर्माणको लागि समन्वय गर्नुपर्ने।<br>पिनालाखा -लाम्दुवाली-चम्पा-दुम्ली-दिक्तेल सडक हाल कच्चि अवस्थामा रहेकोमा बाह्रैमास सञ्चालन गर्ने गरी DPR तयार हुन लागेको दिक्तेल बजारसंग जोडने वैकल्पिक मार्ग भएको। |
| **उद्देश्यः** | मध्य पहाडी लोक मार्गको लागि छोटो पहुच बनाउनु |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • डाँडागाउँलाई मध्यपहाडी लोकमार्ग सडक जोड्ने।<br>• १ नं. वडा कार्यालयलाई गाउँपालिका केन्द्रसंग जोड्ने सडक अन्तर्गतका पुल।<br>• साकेला गाउँपालिकालाई मध्यपहाडि लोकमार्ग जोड्ने मुख्य सडक अन्तर्गतका सडक पुल। |
| कार्यान्वयन गरिने स्थान | साकेला वडा नं. १, सडक पुलले छुने दुई तर्फका गाउँ तथा वडाहरु |
| **रणनीतिहरु** | • पुलहरुको लागि DPR तयार गर्ने<br>• दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकासंग निर्माण बजेटको लागि समन्वय र सहकार्य गर्ने।<br>• स्थानीय स्वयमले DPR तयार गरी वजेट व्यवस्थापनको लागि संघ र प्रदेश सरकारसंग माग गर्ने |

**प्रमुख क्रियाकलापहरु :**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | अनुमानित | कैफियत |
|---|---|---|---|---|---|

| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | लागत रु (हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | DPR तयार | वटा | २ | | | | | २७०० | |
| ३ | वालखा दोभान साप्सु सडक पुल (डाँडागाउँ साप्सु खोला दोबेला सडक) | वटा | | १ | | | | ७०००० | |
| ३ | बाँझे च्यानडाँडा रतन्छा मानेभन्ज्याङ कालिछङ खोला सडक अन्तर्गतका सडक पुल | वटा | | | २ | २ | १ | १००००० | |
| | साप्सुखोला लाम्दुवाली सडक पुल (पिनालाखा-लाम्दुवाली-चम्पा-दुम्ली-दिक्तेल सडकमा) | वटा | | | | १ | | ७०००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • निर्माणको गुणस्तर अनुगमन गरिनेछ।<br>• सार्वजनिक सुनुवाई पारदर्शी रुपले गरिनेछ।<br>• सार्वजनिक सुनुवाई पारदर्शी रुपले गरिनेछ।<br>• निर्माणको गुणस्तर अनुगमन गरिनेछ। |

### ९. झोलुङ्गे पुल निर्माण

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | १ वासेप्से दोभान रुपुवाखोला झोलुङ्गे पुल रुपुवा खोला<br>२ वेलिया खोला झोलुङ्गे पुल<br>३ खोलाखर्क बसेरी झोलुङ्गे पुल<br>४ छितुवा ज्यामिरे झोलुङ्गे पुल तावखोला<br>५ किवा खोला झोलुङ्गे पुल किवा खोला<br>६ डाँडागाउँ सिम्ले झोलुङ्गे पुल साप्सु खोला<br>७ पेलुङ कुन्तुङ झोलुङ्गे पुल साप्सु खोला<br>८ डाँडागाउँ छुल्बु झोलुङ्गे पुल साप्सु खोला<br>९ छावाखोला झोलुङ्गे पुल सौरे<br>१० खोरीया साप्सु खोला झोलुङ्गे पुल<br>११ बेलिया दोभान झोलुङ्गे पुल वेलिया खोला<br>१२. निपिरे देविथान झोलुङ्गे पुल |
| **उद्देश्यः** | आवत जावत सहज बनाउनु |
| कार्यान्वयन गरिने स्थान | ५ वटै वडा |
| **रणनीतिहरु** | • १२० मिटर भन्दा बढिका झोलुङ्गे पुललाई संघ र प्रदेश सरकारसंग कार्यान्वयनको लागि माग गर्ने।<br>• १२० भन्दा साना झोलुङ्गे पुललाई संघ, प्रदेश र स्थानीय तहको संयुक्त साझेदारीमा निर्माणको लागि पहल गर्ने। |

**प्रमुख क्रियाकलापहरु :**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सर्वेक्षण | वटा | १२ | | | | | ४००० | |
| ३ | पुल निर्माण | वटा | | ४ | ४ | ३ | १ | १००००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | -निर्माणको गुणस्तर अनुगमन गरिनेछ।<br>- सार्वजनिक सुनुवाई पारदर्शी रुपले गरिनेछ। |

### ६.३ जलश्रोत, विध्धुत तथा वैकल्पिक उर्जा

#### ६.३.१ पृष्ठभुमि

बढ्दो आधुनिकारणसँगै अगाडी बढ्दै गर्दा उर्जाका विभिन्न श्रोतहरु आवश्यक पर्दछन। त्यस मध्य जलश्रोत, विध्धुत तथा वैकल्पिक उर्जा अत्ती नै महत्त्वपूर्ण श्रोत भएकाले यसको अधिकतम उत्त्पादन प्रयोग र बितरण हुन एकदमै जरुरी छ। डिजेल पेट्रोल लगायत अन्य उर्जाका श्रोतको प्रयोगले वातावरणमा प्रदुषण हुने हुनाले हरित उर्जाको खपतमा ध्यान दिनु र अरुलाई पनि प्रयोग गर्न प्रोत्साहन गर्नु एक्काईसौ शताब्दिको आव्हान हो। त्यस कारण जल विध्धुतको उत्त्पादनमा प्रोत्साहन, सोलार प्यानलको प्रयोगमा अनुदान्, नदी नाला तथा खोलाहरुको सरक्षाण, मुहान संरक्षण आदि विषयबस्तुहरु प्राथमिकताका साथ अघि बढाईएको छ।

#### ६.३.२ सम्भावना तथा अवसर

लगभाग सबै घरधुरीमा विद्युतको पहुच पुगेको अवस्थाआमा साना तथा घरेलु औध्धोगिकारणको सुरुवात सम्भावनाहो भने रोजगारि, विध्धुत आयोजनामा स्थानीयको लगानी र नाफा चाही अवसरहरु हुन। निकट भविष्यमा घरेलु औद्योगीकरण, पानीको अधिकतम प्रयोग र सौर्य उर्जाको जडान/प्रवद्धन गर्न पर्याप्त सम्भावनाहरु देखिएको छ।

#### ६.३.३ समस्या तथा चुनौती

प्राकृतिक तथा मानवजन्य कारणहरुले पानीको स्रोतहरुमा आएको ह्रासका कारण पानीको उपलब्धतामा कमी हुनु, पुराना आयोजनाहरु मर्मत संभारको दायित्व, साना तथा ठूला परियोजनामा जनसहभागिताको क्षमता न्यून रहनु, पर्याप्त आर्थीक क्षमताको कमी हुनु, जलवायु परीवर्तनका प्रभावहरु निरन्तर बढ्दै जानु, आयोजनाको लागत अत्यधिक रहनु, मुहान र श्रोत वितरणमा स्थानीयहरुमा असमझदारी रहनु आदि मुख्य समस्याहरु रहेका छन्। जल विद्युतको सम्भायता अध्ययन सके पश्चात लगानी जुटाउन, समयमै योजना सकाउन, प्रशारण लाईन बनाउन, ठूलो सोलार प्यानलहरु जडान गर्न, हावाबाट चल्ने मिल जडान गर्न विभिन्न खालका मुख्य चुनौतिहरु रहेका छन्।

#### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य

**लक्ष्य**: राष्ट्रिय प्रशारण लाईनमा आबद्द भइ सवै घरधुरीमा विद्युतीकरण भएको हुने।

**उद्देश्य**: सबै घरधुरीमा विद्युतीकरण गर्दै स्थानीयस्तरमा उर्जाको सुनिश्चित गर्नु।

#### ६.३.५ रणनीति

- राष्ट्रिय प्रशारण लाईनमा आबद्द गराई गाउँमा विद्युतीकरण गर्ने।
- स्थानीय लघुजलविद्युत उत्पादनहरुको मर्मत सम्भार गर्ने।
- स्थानीयस्तरमा उत्पादित जलविद्युत राष्ट्रिय प्रसारणलाई बिक्रि गर्ने।

#### ६.३.६ कार्यक्रम तथा आयोजना

यस उपक्षेत्रमा उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न कार्यक्रम तथा आयोजनाहरु तय गरिएका छन्।

१. विद्युत बिस्तार कार्यक्रम
२. लघु जलविद्युत मर्मत सम्भार तथा व्यवस्थापन कार्यक्रम

कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तल दिईएको छ।

**१. विद्युत बिस्तार कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | गाउँपालिकामा राष्ट्रिय प्रशारण लाईन र स्थानीय लघुजलविद्युतबाट उत्पादित बिजुली उपलव्ध रहेको छ। वडा नं १ र ३ का केहि घरधुरीमा बाहेक सबै ठाउँमा विद्युतीय सुबिधा पुगेको छ। विद्युत लाइन बिस्तार भएको सबै स्थानमा काठको पोल लगाईएकोले आइरन पोल सहित विद्युत लाइन जोड्नु पर्ने देखिन्छ। बाँकी स्थानमा थप विद्युतीकरण गर्न र बितरित ठाउँमा सुधार गर्न यो कार्यक्रम तय गरिएको छ। |
| उद्देश्य: | **सबै घर धुरिलाई उज्यालो पार्नु** |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | शिक्षा, स्वास्थय, उद्योग र सन्चार क्षेत्रको सेवा सुबिधामा सुधार आउने। |

| | |
|---|---|
| कार्यान्वयन गरिने स्थान | साकेला गा. पा.को ५ वटै वडाहरु |
| **रणनीतिहरु** | • विद्युत लाईन जोड्न बाँकी घरधुरीहरुमा राष्ट्रिय प्रसारण लाईनबाट विद्युतीकरण गर्ने।<br>• काठको पोललाई Iron Pole ले प्रतिस्थापन गरी सुधार गर्न नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | विद्युत लाईन जोड्न बाँकि घरधुरि पहिचान गर्ने। | वटा | १ | | | | | २०० | |
| २ | काठको पोल हटाई Iron Pole राख्ने | वटा | | २०० | २०० | ५५० | | २०००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • विस्तार गर्ने क्रम मा ध्यान पुर्वक गरिनेछ ।<br>• जनसहभागिता बढाईनेछ ।<br>• नेपाल विद्युत प्राधिकरणलाई Iron Pole राख्नको लागि अनुरोध गरिने छ । |

### २. लघु जलविद्युत मर्मत सम्भार तथा व्यवस्थापन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | तावा खोला लघु जलविद्युत दोस्रो (३० किलोवाट), तावाखोला जलविद्युत तेस्रो (१८ कि.वा.) बोपुङ, र खाबु खोला लघु जलविद्युत, सोल्मा (१० कि.वा.) गरी जम्मा ५८ किलोवाट बाराबरको विद्युत स्थानीयस्तरमा उत्पादन भैरहेको छ । प्रस्तुत ३ वटा लघु जलविद्युत आयोजनाबाट साकेला गाउँपालिपकाको वडा नं. ४ र ३ मा विद्युत सेवा उपलब्ध गराउँदै आएकोले यसलाई निरन्तरता प्रदान गर्नको लागि यसलाई मर्मत तथा सम्भार तथाप्रबर्द्धन गर्न आवश्यक रहेकोले स्थानीय लघु जलविद्युतहरुको मर्मत सम्भार गरी राष्ट्रिय प्रशारण लाईनलाई बिक्रिबितरण सहित थप विद्युतीकरण गर्नको लागि यो कार्यक्रम तय गरिएको छ । |
| उद्देश्य: | • **जल विद्युत उत्पादन लाई प्रोत्साहन गर्नु** |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | शिक्षा, सन्चार तथा ब्यबसायीकरणमा सहयोग पुग्ने । |
| कार्यान्वयन गरिने स्थान | वडा नं. ४ र ३ |
| **रणनीतिहरु** | • पहिलो चरणमा लघुजलविद्युतहरुको मर्मत सम्भार गर्ने ।<br>• आवश्यक कानून बनाई नेपाल विद्युत प्रधिकरणसँग समन्वय गरी स्थानीय उत्पादनको बिक्रिबितरण गर्ने । |

**प्रमुख क्रियाकलापहरु :**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | मर्मत सम्भार योजना | वटा | 3 | | | | | १५०० | |
| २ | विद्युत बितरण गर्ने | | | | | | | | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|

| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | रु (हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय विद्युत बिक्रि कानून तयारी | वटा | | १ | | | | २० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • यकदमै न्यून आय भयकाहरुलाई निशुल्क उपलब्ध गराईनेछ।<br>• नयाँ योजनाहरुको सम्भाब्य अध्ययन गरिनेछ।<br>• विद्युत खपतमा जोड दिईनेछ।<br>• नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिदको लागि अनुरोध गरी सम्झौता गरिने छ |

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभुमि

सूचना, सञ्चार तथा प्रविधिको विकास मार्फत साकेला गाउँपालिकालाई प्रविधिमैत्री सेवा तथा सूचना प्रवाह प्रणालीमा सर्वसाधारण जनताको पहुँच प्रबर्द्धन गरी समयको बचत जस्ता आधुनिक अभ्यासमा अभ्यस्त हुन तयारी गर्ने गाउँपालिकाको लक्ष्य रहेको छ । यद्यपी भौगोलिक अवस्थाको कारण र ईन्टरनेट सञ्जाल कतिपय स्थानमा सहज टिप्ने समस्याहरु यथावत नै छ । सो समस्या समाधानका लागि सेवा प्रदायक कार्यलयसँग समन्वय गरी टावरको निर्माण, स्तरोन्नती, नियमित विद्युत आपूर्तीको सुनिश्चिततालाई गाउँपालिकाले सधै प्राथमिकता दिदै आएको छ । ईन्टरनेट सञ्जाललाई केन्द्र साथै भित्रि वस्ति सम्म जडान गर्ने । सबै विद्यालय, स्वास्थ्यकेन्द्र, वडा कार्यलय, सहकारी आदि क्षेत्रहरुमा ईन्टरनेट सुविधा अनिवार्य जडान गर्न प्रोत्साहन गर्ने विषयमा गाउँपालिकाले ध्यान पुर्याएको छ ।

### ६.४.२ सम्भावना तथा अवसर

आधुनिक युगमा सूचना र सञ्चार प्रविधिको प्रचुर सम्भावना र अवसरलाई सदुपयोग गर्ने सम्भावना साकेला गाउँपालिकाको सन्दर्भमा उच्चतम रहेको छ । पाहाडी भौगोलिक अवस्था र यातायातको साधानको अभाव भएका कारण टाढाबाट सूचनाकै लागि गाउँपालिका केन्द्र वा वडा कार्यलय सम्म आउनै पर्ने वाध्यतालाई गाउँपालिकाले छुट्टै एप्लीकेसन मार्फत सूचना, जानकारी, आवेदन, सिफारीस आदिको अभ्यास गर्न सक्छ । हरेक घरमा कम्तिमा एक जनाले मोवाईल प्रयोग गरिरहेको कुरालाई आधार मान्दै प्रथम चरणमा प्रविधिको प्रयोग सम्बन्धी अनुशिक्षण गर्दै क्रमश सेवा विस्तारको दायरा फराकिलो पार्दैजाने सम्भावना रहेको छ । वैदेशिक रोजगारीमा रहेका स्थानीय वासिन्दाको अत्यावश्यक सेवाहरुलाई प्रविधि मार्फत पहुँच कायम गर्ने अभ्यास सञ्चालन गर्न प्रचुर सम्भावना देखिन्छ । आधुनिक समयमा विद्यार्थी तथा बालबालिकाको चासो प्रविधिको प्रयोगमा भएको हुदा शिक्षण प्रणालीलाई सूचना प्रविधिसँग जोडेर लैजानु पर्ने विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ ।

### ६.४.३ समस्या तथा चुनौती

भौगोलिक अवस्थाको कारण र ईन्टरनेट सञ्जाल कतिपय स्थानमा सहज नटिप्ने समस्या छ । नयाँ टावर जडान गर्न सरोकारवालाहरु उदासिन रहनु, ईन्टरनेटको क्षमता र गति अत्यन्त कमजोर हुनु । जनताहरुले सूचना र सञ्चारको माध्यमको रुपमा सामाजिक सञ्जालमा मात्र आधारित भएर गलत सूचनाको प्रभावमा रहनु, सामाजिक सञ्जाल र ईन्टरनेटको दुरुपयोगले नयाँ प्रकारका सामाजिक चुनौतिहरुको रुपमा विकास भएको छ ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य

**उद्देश्यः**

कार्य सम्पादन प्रविधि मैत्री सहित चुस्त दुरुस्त बनाउनु

### ६.४.५ रणनीति

१. पालिकाको सेवाहरुलाई प्रविधिमैत्री बनाउने ।
२. E-Procurement लाई प्राथमिकतामा राख्ने

### ६.४.६ कार्यक्रम तथा आयोजना

**१. मोबाईल र इन्टरनेट पूर्वाधार विस्तार/ डिजिटल गाउँपालिका कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकालाई डिजिटल गाउँपालिका बनाई सम्पूर्ण नागरिकस्तरमा पुग्नुपर्ने सेवा सुविधालाई विस्तार गर्ने, गाउँपालिकाको नीति अनुसार नै डिजिटल प्रोफाईल तयार लगायतका कार्यक्रमहरु अगाडि बढाईएको र नागरिकस्तरमा सूचना तथा सञ्चारको क्षेत्रमा पनि सरल पहुँचको लागि बढ्नुपर्ने देखिन्छ । |
| **उद्देश्यः** | कार्य सम्पादन प्रविधिमैत्री सहित चुस्त दुरुस्त बनाउनु |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | शिक्षा र सुशासनका क्षेत्रलाई प्रभावकारी बनाउन सकिने । |
| कार्यान्वयन गरिने स्थान | सबै वडा |

| | |
|---|---|
| **रणनीतिहरु** | • गाउँपालिकाबाट प्रबाह हुने सेवाहरुलाई एप्लिकेसन मार्फत सहज बनाउने।<br>• BFT लागु गर्ने<br>• राजश्वको Online Payment प्रणालीको विकास गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | ईकाई | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | MTEF योजना लागु | वटा | | 1 | | | | १००० | |
| २ | EFT लागु | वटा | | 1 | | | | | |
| ३ | राजश्व Online Paymentको Software | | | | 1 | | | १००० | |

| | |
|---|---|
| **कार्यनीतिहरु** | • प्रविधि उन्मुख तालिमहरु सन्चालन गरिनेछ।<br>• डिगिटल गाउँपालिका बन्नलाई आवश्यक पर्ने प्रविधिका सामानहरु थपिनेछ। |

## परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवास्थापन

**परिचय:**

खोटाङ जिल्लास्थित साकेला गाउँपालिका समुद्र सतह बाट ६२० देखि २९९० मिटरको उचाइमा अवस्थित रहेको हुँदा हावापानी, वातावरण, जीव-जन्तु, बनस्पति तथा भूगोलमा यथेस्ट विविधताले पूर्ण छ । ७९.९९ वर्ग किलोमिटरमा विस्तार रहेको यस गाउँपालिकामा ५ वटा वडा छन् भने वडा नम्बर ४को मानेभञ्ज्याङमा गाउँ कार्यपालिकाको कार्यालय रहेको छ। यस गाउँपालिकाको पूर्वमा भोजपुर जिल्ला, पश्चिममा दिक्तेल रुपाकोट मझुवागढी र दक्षिणतर्फ दिप्रुङ चुइचुमा रहेको छ।

साकेला गाउँपालिका क्षेत्रभित्र उष्ण, उपोष्ण, सम-शितोष्ण तथा शितोष्ण प्रकृतिको वातावरण एवं भौगोलिक अवस्थिति रहेको हुनाले प्राकृतिक एवं भौगोलिक विविधताले भरिपूर्ण रहेको छ। पर्यटकीय क्षेत्र विकासको दृष्टिकोणले यस गाउँपालिकालाई हेर्दा वडा नम्बर १ र ३ मा रहेको ट्यामुके डाँडा (टेम्के डाँडा) र वडा नम्बर ३ मा रहेको सेल्मे डाँडा निकै आकर्षक छन् भने प्रयटन विकासको अत्यन्तै सम्भावना बोकेको देखिन्छ। त्यति मात्र नभई, गाउँको उत्तरमा रहेको चखेवा भञ्ज्याङ र पूर्वमा रहेको तावा भञ्ज्याङ पनि सुन्दरताले भरिपूर्ण छन्।

यस क्षेत्रमा विभिन्न खोंच, बेंसी तथा अग्ला पहाडी क्षेत्रमा विभिन्न जातका बोट बिरूवाहरू, जडिबुटी, गैरकाष्ठ वन पैदावार, चराचुरूङ्गी, स्तनधारी तथा सरिसृप जीव लगायत अन्य जलचर थलचर प्राणीका साथै वस्पतिले पनि आश्रय पाएका छन्। यहाँ उष्ण (Tropical) र उपोष्ण (Sub-Tropical) प्रदेशीय रुख बिरुवा लगायतको वन रहेको छ भने लालिगुराँस, चुत्रो, चिराइतो, सल्लो, अल्लो, बाँस, निगालो, सिमल, बर, आदि यथेस्ट पाइन्छ । यस गाउँपालिको महाभारत पर्वत श्रृङ्खलामा समशीतोष्ण वन रहेको छ। समशीतोष्ण वनमा मुख्य गरी सल्ला, गुराँसका प्रजाति एवं फाटफुट रूपमा उत्तीस, चिलाउने, निगालो प्रजातिहरू रहेका छन्। यहाँका बासिन्दाको आर्थिक अवस्थामा योगदान पुर्याउने उद्देश्य राखी सामुदायिक वनहरू सञ्चालनमा छन । तथापि ,यसबाट दैनिक आवश्यकता भन्दा व्यवसायतर्फ हालसम्म खासै योगदान पुग्न सकेको छैन। यसका अलावा बिस्तृत अध्ययन तथा जोखिम विश्लेषण नगरी निर्माण गरिएका र ट्र्याक खोलिएका सडकका कारण बिशेषगरी बर्षा याममा पहिरोको कारण धनजनको क्षति हुने गरेको छ। वन तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र वातावरणीय सुधार गर्ने र स्थानीय मानिसहरूलाई वनबाट प्राप्त हुने आर्थिक लाभ बढाउन र बिपद प्रतिकार्यमा समुदायमा सचेतनता र संलग्नता बढाउन यस योजनाको रणनीतिक लक्ष्य रहेको छ।

### ७.१ वन विकास तथा वातावरण संरक्षण

#### ७.१.१ पृष्ठभुमि

साकेला गाउँपालिकामा कृषि, वन, नदी, अग्ला डाँडा, गुफा, पोखरी तथा आवासीय क्षेत्र समेत विविध प्रकारको भूउपभोग पाइन्छ। – त्यसमध्ये वनजङ्गल रहरियाली भूभागले अधिकांश भाग ओगटेको छ। महाभारत पर्वत श्रृङ्खलामा फैलिएको यो गाउँपालिका वन, वन्यजन्तु तथा जैविक विविधताको दृष्टिकोणले निकै धनी रहेको छ । यहाँको पारिस्थितिक प्रणाली, वन जंगलहरुको प्रकार, वन्यजन्तुका चरा चुरुंगीका बिशेष आश्रय स्थल आदिको बृहद अध्ययन गरी त्यसै अनुसारले संरक्षण, प्रबर्धन तथा आर्थिक विकासको लागि उपयोग सम्बन्धी योजनाहरु बनाउनु जरुरि छ। गैरकाष्ठ वन पैदावरहरूमा दालचिनी, टिमुर, खोटो, चिउरी, चिराइतो, अमला, बहुमुल्य लेकाली जडिबुटी, चुत्रो, निगालो, आदि समेत पाइन्छन्।

#### ७.१.२ सम्भावना तथा अवसर

वन तथा वातावरण क्षेत्रमा सकेला गाउँपालिकामा निम्न बमोजिमको सम्भावना तथा अवसरहरु रहेको छ।

- गाउँ गाउँपालिकाको कूल क्षेत्रफलमध्ये अधिकाशं वन क्षेत्रले ओगटेको,
- वन क्षेत्रलाई पर्यटन र आर्थिक गतिबिधिसंग जोडि समग्र अर्थतन्त्रमा टेवा पुर्याउन सकिने,
- कूल वनको अधिकाधिक वनक्षेत्र सामुदायिक वनको रूपमा व्यवस्थापन भइरहेको,
- महत्वपूर्ण जडिवुटी प्रजातीको वनस्पति रहेको र संरक्षण तथा व्यवस्थापन र निजी जग्गामा खेती विस्तार गर्न सकिने,
- प्राकृतिक स्रोत साधन सम्बन्धी वन्ने र वनेका नीति नियमहरूमा जनताका पक्षमा थप पैरवी,
- महत्वपूर्ण गैरकाष्ठ वन पैदावारहरूको प्रशोधन तथा मूल्य शृंखलामा टेवा पुर्याउने सम्भावना,
- राष्ट्रिय तथा सामुदायिक वनहरुमा उत्पादनमुलक तथा फलफूल वृक्षारोपण,
- नदी क्षेत्रमा वन स्थापनाका साथै पर्यटकीय पूर्वाधारको विकास।

### ७.१.३ समस्या तथा चुनौती

- रैथाने तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु
- वन डढेलो आगलागि
- वनजंगल सम्बन्धी उत्पादनको चोरी निकासी
- जडीवुटीको पहिचान, संरक्षण
- विपद् तथा प्रकोपको प्रभाव, वन्यजन्तुको लागि प्राकृतिक आहारको कमिको कारण वस्ती-वस्ती प्रवेश
- वन्यजन्तु बिशेषगरी बाँदरबाट अधिकतम मात्रामा फलफूल र खेतीबालीको क्षति
- बजार क्षेत्र तथा घना वस्ती क्षेत्रमा फोहोर व्यवथापन
- जडिबुटीको चोरी निकासी
- तिब्र गतिमा वन विनाश र वन क्षेत्रको अतिक्रमण

### ७.१.४ लक्ष्य तथा उद्देश्य

समुदायको सहभागितामा वृद्धि गर्दै दीगो वन व्यवस्थापन, जैविक विविधताको संरक्षण, पर्यटकीय प्रवर्धन तथा रोजगारीमा वृद्धि गर्ने।

### ७.१.५ रणनिति

- वन क्षेत्रलाई आर्थिक क्रियाकलापसँग जोड्ने।
- सामुदायिक वनमा साहिक खेती प्रबर्द्धन गर्ने।
- जडिबुटी तथा ओखर र कफी जस्ता नगदे बिरुवाको वनमा बृक्षरोपन गर्ने।

### ७.१.६ प्रमुख कार्यक्रमहरू

माथि उल्लेखित लक्ष्य र उद्देश्य प्राप्तिको लागि निम्न प्रमुख कार्यक्रमहरु सञ्चालन गरिने छ।

- साकेला एकीकृत वन व्यवस्थापन कार्यक्रम
- साकेला जलवायु परिवर्तन अनुकुलन कार्यक्रम
- साकेला जडिबुटी संरक्षण, प्रबर्धन, प्रशोधन तथा व्यवस्थापन कार्यक्रम

प्रमुख कार्यक्रमहरूको विस्तृत विवरण तल दिईएको छ।

**१. साकेला एकीकृत वन व्यवस्थापन कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँ गाउँपालिका क्षेत्रभित्र उष्ण, उपोष्ण, सम-शितोष्ण तथा शितोष्ण प्रकृतिको वातावरण एवं भौगोलिक अवस्थिति रहेको हुनाले प्राकृतिक एवं भौगोलिक विविधताले भरिपूर्ण रहेको छ। यस क्षेत्रका बासिन्दाको जिबिकोपार्जन पनि वन पैदावारसंग प्रत्यक्ष जोडिएको हुनाले एकीकृत, दीगो र उत्थान्शील वन व्यावास्थापन गर्न यस कार्यपालिकाले यो बहु-बर्षीय नियमित कार्यक्रमको अवधारणा अगाडी ल्याएको हो। वन पैदावारलाई व्यवस्थित गर्दै बैज्ञानिक तवरले अध्ययन तथा अनुसन्धानको प्रतिवेदनमा आधार रही यस साकेला गाउँ गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक एवं संथागत विकास क्षेत्रमा पनि यो योजनाले प्रत्यक्ष योगदान दिने लक्षका साथ यो योजना निर्माण गरिएको छ। |
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | • वन पैदावार बेच-बिखन, कास्ट व्यवशाय, फर्निचर स्थापना गरी आर्थिक उपार्जन गर्न सकिने।<br>• कला संस्कृतीसंग सामन्जस्यता गर्न सकिने।<br>• सडक पूर्वाधारको आसपासमा बृक्षरोपन गर्न सकिने। |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँपालिका सम्पूर्ण क्षेत्रभित्र रहेको वन, सामुदायिक वन क्षेत्र, धार्मिक वन क्षेत्र |

| | |
|---|---|
| रणनीतिहरु | • क्षमता अभिवृद्धि गर्दै वन व्यवस्थापन तथा उपभोक्ता समिति, सञ्जाल, सुरक्षा कर्मी परिचालन गर्ने ।<br>• वन नजिकका या जोडिएको बस्तीहरुको बिशेष सक्रियतामा संरक्षण कार्य सञ्चालन गर्ने र उक्त वस्ती हरुलाई बिशेष सहुलियतका प्रेरणा कार्यक्रम सञ्चालन गर्ने ।<br>• वन सुरक्षाको निम्ति यस गाउँपालिकाबाटै वन सुरक्षा-गार्डको सञ्चालन व्वस्थापन गर्ने र तत् सम्बन्धी त् निकायहरु संग समन्वय तथा सहकार्य गर्दै दीगो व्यवस्था गर्न अन्य सहयोगी योजना सञ्चालन गर्ने ।<br>• सम्बन्धी त मन्त्रालय तथा बिभाग हरुसंग समन्यव तथा सहकार्य गर्ने ।<br>• नर्सरी स्थापना गरी नियमित वृक्षारोपण कार्य सञ्चालन गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने ( २०८०-२०८५) | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| १. | एकीकृत वन व्वस्थापन गर्न DPR | | | | | | ६०,०० | |
| २. | वनको बर्गिकरण गरी प्रोफाइल सहितको सम्भाव्यता अध्ययन | | | | | | २०,०० | |
| ३. | खुल्ला तथा बन क्षेत्रमा आयमुलक दाँते ओखर वृक्षारोपण कार्य | | | | | | १,००,०० | |
| ४. | फर्निचर व्यवसाय सञ्चालन गर्न कार्यविधि तयार गर्ने | | | | | | ५,०० | |
| ५. | बन पैदावारको चोरी निकासी नियन्त्रण गर्न तारबारको व्यवस्थापन गर्ने | | | | | | ४०,०० | |
| ६. | सुरक्षा गार्डको परिचालन एवं व्यवास्थापन | | | | | | २५,०० | |
| ७. | पन्छी तथा बन्यजन्तु संरक्षण परियोजना (रातो हाब्रे, पाहा, कालिज, मुनाल, घोरल, थार, राज पंखी, चितुवा, भालु तथा अन्य लोपुन्मुख बन्यजन्तु) | | | | | | ४०,०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने (२०८०-२०८५) | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| ८. | वन पैदावारको बर्गिकरण गरी निकास तथा राजस्व संकलन वृद्धि गर्ने बिशेष कार्यक्रम | | | | | | १५,०० | |
| ९. | मनोरंजन स्थल स्थापना गरी श्रमदान मार्फत मनोरंजन कर्ताले आहाल-पोखरी खन्न प्रेरणा कार्य सञ्चालन | | | | | | २०,०० | |
| १०. | बृहद कृषि वनमा आधारित नर्सरीको स्थापना गरी स्थानीय आपूर्ति पुरा गर्ने परियोजना | | | | | | २०,०० | |
| ११. | बन्यजन्तु अवलोकन तथा अध्ययन केन्द्र (Bird/ Wildlife Watching Centers) | | | | | | ३०,०० | |
| १२. | टिमुरको तेल उत्पादनलाई व्यवशायिक एवं व्यवस्थापन परियोजना | | | | | | २०,०० | |

| | |
|---|---|
| कार्यनीतिहरु | • उत्पादन, प्रशोधन तथा बजारीकरण गर्ने कार्यमा स्थानीयलाई प्रार्थमिकता दिने नीति अवलम्बन गरिनेछ ।<br>• वन पैदावारलाई बजारसंग जोडि स्थानीय जनताको आयआर्जनमा प्रत्यक्ष टेवा पुर्याउने कार्यनीति अवलम्बन गरिनेछ ।<br>• वन पैदावारलाई जीविकोपार्जन संग प्रत्यक्ष जोडिने र परिपुरक हुने अवधारणालाई प्रार्थमिकता दिईने कार्यनीति अवलम्बन गरिनेछ ।<br>• वन डँढेलो तथा वन अतिक्रमण नियन्त्रणका लागि वडा कार्यालय मार्फत स्थानीय संघ, संस्था, जनप्रतिनिधि, प्रहरी लगायतसँग आवश्यक समन्वय तथा परिचालन गरी डँढेलो नियन्त्रण अभियान निरन्तर चलाइनेछ ।<br>• नर्सरी स्थापना तथा विरुवा उत्पादनको कार्य स्थानीय समूह तथा किसानहरुको सहभागितामा सञ्चालन गर्न |

| | |
|---|---|
| | प्रोत्साहन गरिनेछ<br>• एक घर १ फलफूल विरुवा अभियान लागू गरिनेछ पाँच वर्षको अवधिमा एक घर ५ फलफूलको बिरुवा पुर्याउने लक्ष लिईने छ ।<br>• नदी किनारमा बाँस, अम्रिसो र निगालो वृक्षारोपण गरिनेछ र सार्वजनिक जग्गाहरुमा फलफूल तथा वहुउपयोगी प्रजातीको वृक्षारोपण गरी हुर्काउने व्यवस्था मिलाइनेछ ।<br>• वनजन्य उद्योग लगायत सीप विकास तालिममा स्थानीय सामुदायिक वन समूहका उपभोक्ताहरुलाई नै सहभागिता र परिचालन गर्ने नीति लिइनेछ ।<br>• वन क्षेत्रमा जथाभावी सडक खन्ने कार्यलाई निरुत्साहित गरिनेछ । योजनावद्ध रुपमा सडक तथा पूर्वाधार बनाउँदा क्षति भएका रुख विरुवाको अनुपातमा वृक्षारोपण गर्नुपर्ने गरी सम्बन्धी त उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।<br>• कृषि वनको अवधारणालाई विकास गर्दै वनजन्य, फलफूल र जडिबुटि नर्सरी निजी क्षेत्रसँगको साझेदारीमा स्थापना गरी विरुवा वितरणको व्यवस्था मिलाईनेछ । |

### २. साकेला जलवायु परिवर्तन अनुकुलन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपाल जलवायु परिवर्तनको प्रभावको आधारमा विश्वभरिका देशहरुमा चौथो स्थानमा रहेको सबैलाई अवगतै छ । साकेला गाउँपालिकाको प्राकृतिक वातावरण एवं भौगोलिक अवस्थिति, स्थानीय हावापानी आदिको आधारमा यस गाउँपालिका पनि उत्तिकै सम्बेदनशील रहेको कुरा वडा स्तरीय छलफलबाट जानकारी प्राप्त भएको देखिन्छ । यस क्षेत्रको सम्पतिनै साँकृतिक, सामाजिक, प्राकृतिक, जैविक एवं भौगोलिक विविधताले भरिपूर्ण रहेको सम्पदाहरु भएको हुनाले यसको समग्र एवं एकीकृत व्यवस्थापन, संरक्षण, सम्बर्द्धन, एवं यसबाट हुने लाभको बैज्ञानिक व्यवस्थापन अपरिहार्य देखिन्छ ।<br>यस साकेला गाउँपालिकाकाका बासिन्दाको जिविकोपार्जन प्रणाली यहाँको प्राकृतिक एवं भौगोलिक अवस्थितिसंग प्रत्यक्ष जोडिएको र जीविकोपार्जनका प्रमुख आधार-कार्यक्रम जलवायु परिवर्तनसंग जोडिएको हुनाले अध्ययन, अनुसन्धानको आधारमा समग्र जलवायु उत्थान्शीलता हासिल गर्ने लक्ष अनुरुप यस साकेला जलवायु परिवर्तन अनुकुलन कार्यक्रमको परिकल्पना गरी मुख्य परियोजनाहरु कार्यान्वायनमा ल्याईने छ । यो कार्यक्रम बहुआयामिक, बहुबर्षीय एवं बहु-सरोकारवाला रहने र बैज्ञानिक अवधारणामा रही स्थानीय अनुकुलन अभ्यासहरूलाई अग्र पंक्तिमा राखी कार्यान्वयनमा ल्याईने छ । |
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | • कृषिमा आधारित जीविकोपार्जनको संरक्षण, अनुकुलन सहित नयाँ अवधारणाले आर्थिक विकासमा टेवा पुर्याउने छ ।<br>• स्थानीय शिप, कृषिमा बिगतका राम्रा अभ्यासहरुको संरक्षण, सम्बर्द्धन आदिले सामाजिक विकास अन्तर्गत क्षमता विकासकार्यक्रम संग सहकार्य तथा समन्वय गर्नुपर्ने हुन्छ ।<br>• अनुकुलन सम्बन्धी संरचनाहरुको निर्माण गर्दा कृषिमा आधारित कृषि-पूर्वाधार परियोजनासंग सामन्जस्यता कायम गर्नु पर्दछ ।<br>• अध्ययन, अनुसन्धान, संथागत समन्यव, सञ्जाल-समितिको विकास एवं विस्तार कार्य हरु संथागत विकास क्षेत्र अन्तर्गतका तालिम, अध्ययन तथा अनुसन्धान संग नबाझिने र नदोहोरिने गरी सामन्जस्य कायम गरी कार्यान्वयनमा ल्याइने छ । |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँ गाउँपालिका सम्पूर्ण वन क्षेत्रभित्र |
| रणनीतिहरु | • जलवायु परिवर्तन अनुकुलनको बिस्तृत अध्ययन गरी प्रतिबेदनको आधारमा जलवायु जोखिम व्यवस्थापन तथा अनुकुलनका क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्ने ।<br>• जलवायु सम्बेदनशील विकासको अवधारणालाई सबै क्षेत्रमा मुलप्रवाही गर्ने ।<br>• क्षमता अभिवृद्धि गर्न किसानहरुकै अग्रतामा समिति गठन गर्दै स्थानीय अनुकुलनका अभ्यासमा प्रत्यक्ष |

| | |
|---|---|
| | सामेल गर्ने ।<br>• सम्बन्धित निकायहरुसंग समन्वय तथा सहकार्य गर्दै अध्ययन, अनुसन्धानमा सरिक भई ज्ञान, शिप, नमुना अभ्यासहरु संकलन एवं अनुशरण गर्दै कार्यान्वयन गर्ने ।<br>• सम्बन्धित मन्त्रालय तथा बिभागहरुसंग समन्यव तथा सहकार्य गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने (२०८०-२०८५) | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| १. | जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनको बिस्तृत अध्ययन कार्य | | | | | | १८,०० | |
| २. | जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनको अध्ययन प्रतिवेदनको आधारमा कार्य सञ्चालन कार्यविधि तयार गरी सञ्चालनमा ल्याउने कार्य | | | | | | १०,०० | |
| ३. | जलवायु परिवर्तन अनुकुलनको विषयमा प्रत्यक समुदायमा जनचेतनामूलक परियोजना | | | | | | ५०,०० | |
| ४. | जलवायु परिवर्तन अनुकुलनको विषयमा प्रत्यक विद्यालयहरुमा जनचेतनामूलक परियोजना | | | | | | २५,०० | |
| ५. | जलवायु परिवर्तन अध्ययन तथा मौसम पूर्व-सूचना केन्द्र स्थापना एवं सञ्चालन परियोजना | | | | | | २,५०,०० | |
| ६. | स्थानीय प्रजातिका लोपोन्मुख बालि तथा महत्वका कृषि प्रणालीआदिलाई संरक्षण तथा सम्बर्द्धन परियोजना | | | | | | १५,०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने (२०८०-२०८५) | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| ७. | कृषकलाई जलवायु अनुकुलन कार्यमा टेवा पुर्याउने उद्देस्यले स्थानीय प्रांगारिक मल बनाउने शिप विकासको कार्यक्रम | | | | | | १५,०० | |
| ८. | जलवायु उत्थान्शील बालिको पहिचान, संरक्षण एवं प्रवर्धन कार्यक्रम | | | | | | ३०,०० | |
| ९. | रैथाने तथा पुर्ख्यौली बालीको बिउ संकलन, संरक्षण एवं भण्डारण गृह निर्माण एवं सञ्चालन | | | | | | ७५,०० | |
| १०. | जलवायु उत्थान्शील कृषि प्रविधि , रैथाने तथा पुर्ख्यौली बालीको बिउ संकलन, संरक्षण एवं भण्डारण गृह निर्माण एवं सञ्चालन सम्बन्धी कृषक तथा जन-प्रतिनिधिलाई ३-३ दिने तालिम कार्यक्रम | | | | | | २५,०० | |

| | |
|---|---|
| कार्यनीतिहरु | • जलवायु उत्थान्शील कृषि प्रविधिलाई प्राथमिकता दिने र कृषकलाई हौशला दिने किसिमको कार्यनीति अपनाइनेछ ।<br>• रैथाने तथा स्थानीय पहिचान बोकेका बालीनालीको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनात्मक कार्यलाई अगडी सारिनेछ ।<br>• बैज्ञानिक खोज, अनुसन्धान एवं सुझावलाई कार्यक्रममा मुलप्रवाहीकरण गरिनेछ ।<br>• उत्कृस्ट अनुकुलन कार्य प्रदर्शन गर्ने कृषकहरुलाई सम्मान एवं बिशेष अनुदान दिने कार्यनीति अवलम्वन गरिनेछ ।<br>• अन्य विषयगत योजनाहरु संगको सम्भावित सामन्जस्यतालाई अध्ययन गरी परिपुरक कार्यक्रमको विकास गरिछ । |

### ३. साकेला जडिबुटी संरक्षण, प्रबर्धन, प्रशोधन तथा व्यवस्थापन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकाको मनोरम पहाडी भूगोल, हरियाली भिराला पाखाहरु, यहाँको जैविक विविधता यस गाउँपालिकाको आर्थिक श्रोतको आधार रहेको छ भन्ने कुरामा दुविधा छैन । बढ्दै गरेको सडक सञ्जाल तथा |

| | |
|---|---|
| | यातायातको पहुँच एवं महत्वपूर्ण जडिबुटीको सहज जानकारी भएको हुनाले यस क्षेत्रमा अनधिकृत तवरले जडिबुटी संकलन, चोरी तथा निकाशी गर्ने व्यक्ति तथा गिरोहको सक्रियता रहेको पाइन्छ । साकेला गाउँपालिकाको प्राकृतिक वातावरण एवं भौगोलिक अवस्थिति, स्थानीय हावापानी आदिको आधारमा यस गाउँपालिका अत्यन्तै सम्पन्न हुने देखिन्छ भने अर्को तर्फ अबैज्ञानिक उत्खनन् तथा चोरी निकासीको कारण यहाको महत्व बोकेका जडिबुटीको नाश हुने देखिन्छ। प्राकृतिक, जैविक एवं भौगोलिक विविधताले भरिपूर्ण रहेको यस साकेला गाउँपालिकामा यहाँको आर्थिक एवं पर्यटनको आधार यस भेगको जडिबुटी संरक्षण, प्रबर्धन, प्रसोधन तथा व्यवास्थापन गर्न यो कार्यक्रम तयार गरिएको छ। |
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | • जडिबुटी प्रशोधन तथा बेच-बिखनबाट अर्थतन्त्रमा टेवा पुर्याउछ साथै आर्थिक विकास क्षेत्रमा समान प्रकृतिका उधोग हरुसंग सामन्जस्य कायम गर्नु पर्ने हुन्छ।<br>• परापुर्व कालदेखि चलिआएको जडिबुटी उपयोग तथा साँस्कृतिक मान्यतासंग मिलन गरी सामाजिक गतिविधिलाई यस कार्यक्रम संग तालमेल बनाउनु पर्ने हुन्छ।<br>• प्रशोधन तथा भण्डारण केन्द्र, उद्योग स्थापना, र बजार व्यवस्थापन गर्दा पूर्वाधारका कार्यक्रमहरु हेरिनु पर्दछ। |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँ गाउँपालिका सबै वडामा, बिशेष गरी उच्च पहाडी क्षेत्रमा, वन क्षेत्र आदि रहेका वडाहरु |
| रणनीतिहरु | • बिस्तृत अध्ययन गरी प्रतिबेदनको आधारमा सबै जडिबुटी हरुको जानकारी सहित संरक्षण तथा प्रबर्धन गर्न कार्यविधि तयार गरी सञ्चालन गर्ने।<br>• राष्ट्रिय ऐन, कानूनको मर्म अनुसार र यस साकेला गाउँपालिकाका निर्यणमा रही कार्यक्रम सञ्चालन गर्ने।<br>• जडिबुटी चोरी निकाशी नियन्त्रण गर्न दण्ड तथा जरिवानाको रणनीति अवलम्वन गर्ने।<br>• बहुमुल्य जडिबुटीको व्यवसायीक उत्पादन तथा व्यवस्थापन गर्ने।<br>• यहाका सबै जडिबुटीलाई 'साकेला ब्रान्ड' तय गरी बिक्रि वितरण गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने (२०८०-२०८५) | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| १. | जडिबुटी सम्बन्धी बिस्तृत अध्ययन/अनुसन्धान | ■ (dark blue) | ■ (dark blue) | | | | २०,०० | |
| २. | Micro-Climate र watershed मा आधारित बहुमुल्य जडिबुटीको खोज तथा अध्ययन गरी सुचिकृत गर्ने, श्रोत नक्शांकन तयार गर्ने | | ■ (green) | | | | १८,०० | |
| ३. | चुत्रो, लोठ सल्लो, पांच औंले आदिको भैरहेको अत्यधिक उत्खनन्, चोरी तथा निकासीको दीगो नियन्त्रण | ■ (green) | ■ (green) | ■ (green) | ■ (green) | ■ (green) | १०,०० | |
| ४. | चिराइतो, चुत्रो, लोठ सल्लो, पांच औंले, बुढी ओखती, टिमुर, पाषण-भेद आदिको वैज्ञानिक तवरले व्यवसायीक उत्पादन, प्रशोधन, बिक्रि व्यवसाय गर्ने परियोजना | ■ (orange) | ■ (orange) | ■ (orange) | ■ (orange) | ■ (orange) | १०,००० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने (२०८०-२०८५) | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| ५. | चुत्रो र चिराईतोको पकेट क्षेत्र पहिचान गरी संरक्षण तथा बृहद वृक्षारोपण कार्य सञ्चालन | ■ (green) | ■ (green) | ■ (green) | ■ (green) | ■ (green) | १०,०० | |
| ६. | पर्यटन प्रबर्धन कार्यमा सहयोगी हुने जडिबुटी Green Teeको उत्पादन तथा व्यवशायीकरण परियोजना (तुलशी, चिराइतो, पाषण-भेद, ठूलो-ओखती | | | ■ (blue) | ■ (blue) | ■ (blue) | १०,०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आदि) | | | | | | | |

| | |
|---|---|
| कार्यनीतिहरु | • स्थानीय शिप तथा मानव संशाधनको उपयोग गरिने ।<br>• व्यवशायिक तालिम सञ्चालन गरी सक्रिय कृषक/व्यवशायि पहिचान गरी बिशेष अनुदान कार्यक्रम सञ्चालन गर्ने ।<br>• छिमेकि स्थानीय तहहरु संगको समन्यवमा सहकार्यको  नीति अपनाउने ।<br>• वनजन्य उद्योग लगायत सीप विकास तालिममा स्थानीय सामुदायिक वन समूहका उपभोक्ताहरुलाई नै सहभागिता र परिचालन गर्ने नीति लिइनेछ ।<br>• दीगो वन व्यवस्थापन गरी वनको समुचित सदुपयोग र सोबाट आर्थिक उपार्जन गरी समूहको जिविकोपार्जन सुधारमा लगानी गर्ने नीति लिइनेछ ।<br>• वनजन्य उद्योग लगायत सीप विकास तालिममा स्थानीय सामुदायिक वन समूहका उपभोक्ताहरुलाई नै सहभागिता र परिचालन गर्ने नीति लिइनेछ । |

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७पृष्ठभुमि १.२.

साकेला गाउँपालिकाको प्राकृतिक वातावरण एवं भौगोलिक अवस्थिति, स्थानीय हावापानी आदिको आधारमा यस गाउँपालिका अत्यन्तै सम्बेदनशील रहेको देखिन्छ ।  प्राकृतिक, जैविक एवं भौगोलिक विविधताले भरिपूर्ण रहेको यस साकेला गाउँपालिकामा भू-क्षय, भू-स्खलन, पहिरो, खोल्सा तथा खहरेको आकारमा वृद्धि, बन-फडानी आदि तिब्र गतिमा रहेको सर्वबिदितै छ । यहाँको जटिल पहाडी भूगोल, भिराला पाखाहरु, बढ्दै गरेको भौतिक पूर्वाधार विकास एवं  जलवायु परिवर्तनको प्रभाव आदिको कारणले यहाँ स्थित भूगोल एवं जलाधार क्षेत्रको संरक्षणमा योजनाबद्द कार्य गर्न अपरिहार्य देखिन्छ । स्वस्थ एवं समृद्ध जलाधार क्षेत्रले पानीको श्रोतलाई बचाउँदछ, वनजंगल, रुखविरुवा, जीवजन्तु, जनावरहरूलाई जोगाउँदछ भने माटोलाई मलिलो बनाउन मद्दत पुर्याउँदछ र आफैंमा समृद्ध समुदायको स्थापना गराउँदछ । प्राकृतिक भू-बनोट तथा विपद् जोखिमको सम्बेदनशीलता लाई ध्यान नदिईकन गरिएका विकास निर्माणका कार्यले जलाधार क्षेत्रमा क्षति पुगेकोछ र यसले पानीको स्रोतलाई पनि क्षति गरेकोछ । यसले गर्दा जमिनको अन्य सम्भावनाहरू जस्तै कृषिको उत्पादन, स्वस्थ समुदायको स्थापना, अन्य विभिन्न स्वास्थ्य समस्याहरू, भोकमरी तथा बसाई–सराई जस्ता समस्याहरू निम्त्याई रहेको छ । यहाँका नदी तथा खोलाहरूका आधारमा जलाधार क्षेत्रहरूमा उचित जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी भू-क्षय, बाढी, पहिरो जस्ता समस्याहरूको समाधान गर्नुका साथै जलाधार क्षेत्रको जग्गाको उत्पादकत्व संरक्षण तथा भौतिक पूर्वाधारहरूको संरक्षण र वातावरणीय सेवामा सुधार ल्याउनु पर्ने आवश्यकता रहेको छ ।

### २.२ सम्भावना तथा अवसर

- यस साकेला गाउँपालिका जैविक विविधताको दृष्टिकोणले अत्यन्तै धनी क्षेत्र रहेको हुँदा पर्यापर्यटनको (Eco Tourism, Wildlife Tourism, Environmental Tourism) प्रबर्द्धन गरी स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ,
- वृहत जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्दै पर्यापर्यटनको आधारमा आर्थिक क्रियाकलाप,
- नदी संरक्षणका साथ छिमेको स्थानीय तह संगको सहकार्यमा नदीमा आश्रित पर्यटकीय पूर्वाधार सहितको आर्थिक विकास,
- जलाधार व्यवस्थापनका लागि गाउँपालिकाको उच्च प्राथमिकता रहेको,
- परम्पतागत पोखरी, ताल तलैयाहरूको संरक्षण गर्दै पर्यटनको माध्यमबाट आर्थिक विकास गर्न यस गाउँपालिकाको उच्च प्राथमिकता रहेको,

### ७.२.३ समस्या तथा चुनौती

यस गाउँपालिकाको छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम रहेको छैन र जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षण सुनिश्चित हुन सकेको छैन । भूसंरक्षणका लागि ठूलो परिमाणमा बजेट आवश्यक पर्ने र सोअनुसार स्रोत उपलब्ध नभएको हुँदा आवश्यक सबै ठाउँमा भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न सकिने अवस्था रहेको छैन । जलाधार क्षेत्रको माथिल्लो क्षेत्रका गतिविधिबाट तल्लो तटीय क्षेत्रका गतिविधिमा असर पुग्न सक्ने अवस्था रहन्छ । यसर्थ माथिल्लो तथा तल्लो क्षेत्रका गतिविधिमा

सामञ्जस्यता ल्याउनुपर्ने तथा यस्ता विषयसमेत मध्यनजर गरी जलाधार क्षेत्रको संरक्षणलाई उच्चतम महत्व प्रदान गरिएको भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने खाँचो रहेको छ। यसका अलावा केहि मुख्य समस्याहरूलाई तल दिईएकोछ।

- भिरालो क्षेत्र र सडक निर्माण कार्यले ढुंगा माटोको उचित व्यवस्थापन नहुँदा खोल्सा र पहिरोको प्रकोपमा वृद्धि
- डढेलो र अनियन्त्रित बन क्षेत्रको आगलागि
- खोल्सा तथा पोखरीहरु पुरिनु, भूमिगत जल भण्डारको दरमा कमि
- बनजंगलको कटानीमा वृद्धि,
- बन्यजन्तुको आहार र आश्रयस्थलको कमि/क्षती,
- जलाधार क्षेत्र संरक्षणका लागि भौगोलिक सूचना प्रणाली) GIS) नक्साकंन हुन नसक्नु र सो अनुसार कार्यक्रमहरू नबनाईनु

### ७.२.४ लक्ष्य तथा उद्देश्य

बैज्ञानिक भू संरक्षण तथा जलाधार व्यवस्थापन मार्फत भू क्षयको न्यूनीकरण, जलाधारको व्यवस्थापन, पानीका श्रोतहरुको संरक्षण तथा पर्यापर्यटनको सम्बन्ध विकास गरी जनताको आर्थिकस्तरमा टेवा पुर्याउनु।

### ७.२.५ रणनिति

### ७.२.६ प्रमुख कार्यक्रमहरु

- साकेला एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम

प्रमुख कार्यक्रमहरुको विस्तृत विवरण तल दिईएको छ ।

**१. साकेला एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकाको जटिल पहाडी भूगोल, भिराला पाखाहरु, बढ्दै गरेको भौतिक पूर्वाधार विकास एवं जलवायु परिवर्तनको प्रभाव आदिको कारणले यहाँ स्थित भूगोल एवं जलाधार क्षेत्रको संरक्षणमा योजनाबद्द कार्य गर्न अपरिहार्य देखिन्छ । साकेला गाउँपालिकाको प्राकृतिक वातावरण एवं भौगोलिक अवस्थिति, स्थानीय हावापानी आदिको आधारमा यस गाउँपालिका अत्यन्तै सम्बेदनशील रहेको देखिन्छ । प्राकृतिक, जैविक एवं भौगोलिक विविधताले भरिपूर्ण रहेको यस साकेला गाउँपालिकामा भू-क्षय, भू-स्खलन, पहिरो, खोल्सा तथा खहरेको आकारमा वृद्धि, बन-फडानी आदि तिब्र गतिमा रहेको सर्वबिदितै छ । यी यावत समस्याको समयमै समाधान गर्न सकेमा यहाँका सबै सम्पदाको संरक्षण एवं सम्बर्द्धन गर्न सकिने छ र एकीकृत भूसंरक्षण कार्यक्रम मार्फत आर्थिक र पर्यटन विकासमा टेवा पुग्ने छ भन्ने उद्देस्य सहित यो एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम तयार गरिएको छ। |
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | • भू-क्षय नियन्त्रण, जमिनको चिस्यान कायम गरी खडेरी नियन्त्रणद्वारा कृषिमा टेवा पुर्याउने गरी आर्थिक विकास क्षेत्रमा टेवा पुग्ने छ।<br>• जलाधार क्षेत्रजको संरक्षण, सम्बर्द्धन, सामुहिक कार्य, एकताको प्रतिक कार्य द्वारा सामाजिक विकास क्षेत्रमा प्रत्यक्ष सम्बन्ध हुने छ।<br>• भू-क्षय नियन्त्रण तथा व्यवास्थापन संरचनाहरुको निर्माण कार्यमा सामन्जस्य मिलाउनुपर्ने देखिन्छ जस अन्तर्गत भौतिक विकास क्षेत्रका मिल्दा-जुल्दा क्रियाकलापहरु एक साथ गर्न सकिने छ।<br>• अध्ययन, अनुसन्धान, संथागत समन्यव, सञ्जाल-समितिको विकास एवं विस्तार गर्ने कार्य गर्दा यस्तै प्रकृतिका कार्यहरुसंग तालमेल मिलाएर गरिनेछ। |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँ गाउँपालिका सम्पूर्ण क्षेत्रभित्र; बिशेष गरी जोखिम तथा सम्बेदनशील वन क्षेत्र क्षेत्रमा |
| | • जोखिम सम्बेदनशील भू-उपयोग नीति अवलम्बन गर्ने।<br>• बिस्तृत अध्ययन गरी प्रतिबेदनको आधारमा भिर, पहिरो एवं भू-क्षय जोखिम व्यवस्थापन कार्य नियमित |

| | |
|---|---|
| रणनीतिहरु | रुपमा सञ्चालन गर्ने।<br>• भौतिक पूर्वाधार विकास कार्य गर्दा भू-क्षय तथा प्रकोप न्यूनीकरण गर्न सम्वन्धित आयोजनामा न्यूनीकरणका योजना तथा कार्यक्रम समावेश गरी कार्यान्वयन गर्ने।<br>• भू-क्षय नियन्त्रण तथा जलाधार संरक्षणको अवधारणालाई सबै क्षेत्रमा मुलप्रबाही गर्ने।<br>• ग्रामिण तथा कृषि सडक निर्माण गर्दा Bio engineering पद्धतिबाट कार्य सञ्चालन गर्ने गरी स्थानीय आवश्यकता र भू–क्षयको प्रकोपलाई न्यूनीकरण गर्ने।<br>• भू-क्षय नियन्त्रण तथा जलाधार संरक्षणको लागि उत्पादन र व्यवशायमुखी रुख-बिरुवाको बृहद वृक्षरोपन गर्ने ।<br>• प्रदेश तथा संघिय निकायहरुसंग समन्वय तथा सहकार्य गर्दै अध्ययन, अनुसन्धानमा सरिक भई ज्ञान, शिप, नमुना अभ्यासहरु संकलन एवं अनुशरण गर्दै।<br>• सम्बन्धी त मन्त्रालय तथा बिभागहरुसंग समन्यव तथा सहकार्य गरी आर्थिक तथा प्राबिधिक सहायताको लागि पहल गर्ने। |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| १. | भू-संरक्षण तथा जलाधार क्षेत्रको जोखिम तथा सम्भाव्यताको बिस्तृत अध्ययन गरी प्रतिबेदन तयार गर्ने कार्य | | | | | | १५,०० | |
| २. | संघ-प्रदेशबाट माग गरी भिरालो तथा पहिरो सम्बेदनशील भूभागमा एक-करोड वृक्षारोपण सह-कार्य | | | | | | २५,०० | |
| ३. | पानीको मुहान पहिचान तथा भू-संरक्षण/ विस्तार कार्य | | | | | | १५,०० | |
| ४. | मुहान संरक्षण, भू-क्षय नियन्त्रण तथा जलाधार व्यवास्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम | | | | | | १०,०० | |
| ५. | नदी कटानका स्थानहरु पहिचान गरी कटानी नियन्त्रण परियोजना | | | | | | २०,०० | |
| ६. | माथिल्ला भेगमा खुल्ला तथा सार्वजनिक स्थानमा ३०० वटा भूमिगत जल भण्डारण गर्न टेवा पुर्याउने आकाशे पानी संकलन "प्राकृतिक पोखरीको" निर्माण | | | | | | २,००,०० | जनश्रमदान, प्रदेश तथा संघको साझेदारी कार्यक्रम |
| ७. | सबै खहरे तथा खोल्साहरुमा स्थायित्व तथा व्यवस्थापनको लागि जैविक बाँधको निर्माण गर्ने जलाधार व्यवास्थापन परियोजना | | | | | | १,५०,०० | अध्ययन प्रतिबेदनको आधारमा |
| ८. | आवस्यक बोट-बिरुवाको आपूर्तिको लागि प्रत्यक वडामा १-१ वटा बन-नर्सरी स्थापना तथा सञ्चालन परियोजना | | | | | | १८,०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| ९. | जलाधार व्यवस्थापनको कार्यमा सक्रिय समुदायलाई प्रोत्साहनको निम्ति बिशेष प्याकेजको संरक्षण अनुदान (कृषि, पेशागत) कार्य | | | | | | १०,०० | |
| १०. | जोखिम सम्बेदनशील भू-उपयोग नक्सांकन तयार गरी प्रमुख १० स्थानमा | | | | | | ५,०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Display Board राख्ने | | | | | | | |
| ११. | सबै खोल्साहरुमा निगालो तथा बाँसको वृक्षारोपण गरी निगालो-बाँसमा आधारित जीविकोपार्जन कार्य सञ्चालन परियोजना सञ्चालन | | | | | | १०,०० | |
| १२. | खुल्ला पोखरी तथा धार्मिक-संस्कृतिक महत्वका जल भण्डारलाई प्राकृतिक तवरले संरक्षण तथा सम्बर्द्धन गर्ने परियोजना सञ्चालन | | | | | | १५,०० | |

| | |
|---|---|
| कार्यनीतिहरु | • सिमानाजोडिएका स्थानीय तहहरुसंग समन्वय तथा सहकार्य गर्ने कार्यनीति लिईने छ।<br>• बोट-बिरुवाको नियमित आपूर्तिको लागि प्रत्यक वडामा कम्तिमा १ वोटाको दरले नर्सरी स्थापना गरिने कार्यनीति लिईएको छ।<br>• आर्थिक विकासका कार्यक्रमसंग सामन्जस्यता कायम गर्ने नीति अवलम्बन गरिनेछ।<br>• उत्कृस्ट भू-संरक्षण कार्य प्रदर्शन गर्ने कृषक/समुदाय/वडा हरुलाई सम्मान एवं बिशेष अनुदान दिने कार्यनीति अवलम्वन गरिने छ।<br>• अध्ययन प्रतिबेदनको आधारमा सबै क्रियाकलापहरु सञ्चालन गरिनेछ।<br>• जनश्रमदान तथा उपभोक्ता समितिको अग्रतामा सार्वजनिक कार्य गरिने बिशेष जोड रहने कार्यनीति अवलम्वन गरिनेछ।<br>• सिमसार तथा पानीको मुहान संरक्षणको लागि वोटविरुवाको संरक्षण, रोपण र व्यवस्थापन कार्य सञ्चालन गर्दा यस्तै प्रकृतिका अन्य कार्यक्रमसंग तालमेल मिलाईने छ।<br>• प्रदेश तथा संघको साझेदारी कार्यक्रमहरु सञ्चालन गर्न आर्थिक सहायताको लागि तथ्य परक, अनुसन्धानमा आधारित कार्ययोजना तयार गरी प्रस्तावना पेश गरिने नीति लिईने छ।<br>• पहिरो तथा गल्छी नियन्त्रण कार्य गर्दा Bio engineering पद्धति अनुसार गरिनेछ।<br>• वातावरणमा असर पार्ने उद्योग स्थापना गर्दा स्थानीय तहको सहमति लिइने र EIA/IEE गरी वातावरणीय प्रभाव न्यूनीकरणका कार्यहरु सञ्चालन गर्नुपर्ने नीति अवलम्वन गरिनेछ। |

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभुमि

फोहोरमैला व्यवास्थापन स्थानीय वासिको स्वास्थ र सरसफाइसंग प्रत्यक्ष रुपमा जोडिएको विषय भयकाले पूर्ण सरसफाइ अभियान सम्बन्धी प्रतिवेदनमा आधार रही यस साकेला गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक एवं संथागत विकास क्षेत्रमा पनि प्रत्यक्ष योगदान दिने लक्ष अनुसार यो कार्यक्रमको आवस्यकता महसुस गरिएको छ। तीव्र रुपमा बढिरहेको जनसंख्या तथा अव्यवस्थित शहरीकरणका कारण बिस्तारित शहरी क्षेत्रको फोहर व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको र निकट भविष्यमा समस्याको रुपमा बिकसित हुने देखिन्छ। परिणामस्वरुप पर्यावरणीय क्षयीकरणका कारण प्रदुषण तथा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु समेत विनाशको जोखिममा रहेका छन। सार्वजनिक स्थानहरु जस्तै नदी किनारहरु, सडक किनारा, धार्मिक स्थानहरु, शिक्षण संस्थाहरु, व्याापारिक तथा मेला-पर्वका स्थानहरु तथा निजी घर परिसरहरुमा खुल्ला फोहर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर पार्ने खतरा बढ्दै गएको हुदा फाहोर मैलालाई स्रोतमा नै न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी व्यवस्थित गर्न वान्छनीय भएको तथा सरसफाई एवं फोहरमैला व्यवस्थापन गर्ने विषय नेपाल सरकारले प्रतिबद्धता ब्यक्त गरेका दीगो विकासको लक्ष्य समेत भएको सन्दर्भमा यो कार्यक्रम अपरिहार्य देखिएको छ। साकेला गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरको दीगो व्यवास्थापन गर्न यस कार्यपालिकाले यो बहु-बर्षीय नियमित कार्यक्रमको अवधारणा अगाडी ल्याएको हो।

### ७.३.२ सम्भावना तथा अवसर

फोहोरमैला व्यवस्थापन र वातावरणप्रति स्थानीय नागरिकमा जिम्मेवारीबोध तथा जवाफदेहिता रहेको देखिन्छ। फोहोरको उचित बिसर्जन, बढ्दो फोहोरबाट हुने नकारात्मक प्रभाव, जलवायुजन्य अनिश्चितता आदि लाई सम्बोधन गर्न गाउँपालिका तथा स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको देखिन्छसिमित स्रोत र साधनका बाबजुद पनि यो विषयहरूलाई ,तथापि , व्यवस्थापन गर्नगाउँपालिका दत्तचित्त भएको देखिन्छ। अव्यवस्थित भू उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार–विकासमा वृद्धि र

फोहोर व्यवस्थापन सम्बन्धी एकीकृत योजना, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले यसको समयोचित व्यवस्थापनका लागि गाउँपालिकाले फोहोरमैला व्यवस्थापन गर्न यो कार्यक्रम अगाडी सरेको छ।

### ७.३.३ समस्या तथा चुनौती

नगर क्षेत्रमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरुको विसर्जन व्यवस्थित हुन नसक्दा र बजारीकरण हुँदै गएका क्षेत्रहरुमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरु लगायत संस्थागत रुपमा स्वास्थ्य संस्था), विद्यालय, कार्यालयहरु, हाटबजार आदिबाट दैनिक उत्सर्जन हुने ( फोहोरको उचित व्यवस्थापन हुन सकेको छैन र कतिपय अवस्थामाखुल्ला ठाउँ, नदी तथा खोलामा लगेर फाल्ने प्रवृत्ति रहेको छ। छरिएर रहेको वस्ती रहेको हुनाले वस्तिबाट आउने फाहोरलाई बस्तीस्तरमा नै व्यवास्थापन गर्ने, कुहिने फोहोरलाई कम्पोष्ट मल र नकुहिनेलाई जलाउने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई ईन्सुलेटरका माध्यमबाट जलाउने व्यवस्था गर्न सकिएको छैन। बजार एवं घनाबस्तीबाट निस्कने फोहोर मैलालाई पनि उपयुक्त विसर्जनको माध्यमबाट व्यवस्थापन गर्न सकिएको छैन जुन अहिले सामान्य देखिएतापनि निकट भविस्यमा ठूलो समस्याको रुपमा देखिन सक्छ । फोहोर बिसर्जन गर्नका लागि उपयुक्त स्थानको कमि हुनाले प्रत्यक वडा कार्यालयले यहि समयमै स्थान तोकी तारबार गरी बिशेष कार्यक्रम हरु सञ्चालन गर्दै लग्नुपर्ने देखिन्छ।

### ७.३.४ लक्ष्य तथा उद्देश्य

फोहोरमैलाको दीगो र प्रभावकारी व्यवस्थापन गरी स्वच्छ वातावरणको निर्माण गर्ने।

### ७.३.५ रणनिति

### ७.३.६ प्रमुख कार्यक्रमहरु

- साकेला फोहोर व्यवास्थापन कार्यक्रम

प्रमुख कार्यक्रमहरुको विस्तृत विवरण तल दिईएको छ

**१. साकेला फोहोर व्यवास्थापन कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरको दीगो व्यवास्थापन गर्न यस कार्यपालिकाले यो बहु-बर्षीय नियमित कार्यक्रमको अवधारणा अगाडी ल्याएको हो। फोहोरमैला व्यवास्थापन स्थानीय वासिको स्वास्थ र सरसफाइ संग प्रत्यक्ष रुपमा जोडिएको विषय भयकाले पूर्ण सरसफाइ अभियान सम्बन्धी प्रतिवेदनमा आधार रही यस साकेला गाउँ गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक एवं संथागत विकास क्षेत्रमा पनि यो योजनाले प्रत्यक्ष योगदान दिने लक्ष सहित यो कार्यक्रम तयार गरिएको छ। |
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | फोहोर व्यवस्थापन प्रत्यक्षरुपमा संस्कृति, सामाजिक रिति-रिवाज, सौन्दर्य तथा पर्यावरण संग सम्बन्ध राख्दछ तसर्थ आर्थिक तथा सामाजिक, विपद जोखिम व्यवस्थापन र पर्यटन पूर्वाधार विकास संग सामन्जस्यता कायम हुने गरी योजना कार्यान्वयनको खाका तयार गरिनु पर्दछ। |
| कार्यान्वयन गरिने स्थान | साकेला गाउँ गाउँपालिका सम्पूर्ण क्षेत्रभित्र |
| रणनीतिहरु | • क्षमता अभिवृद्धि गर्दै फोहोर व्यवास्थापन समिति, सञ्जाल निर्माण गर्ने।<br>• फोहोर वर्गिकरण, संकलन, प्रशोधनका लागि नीति निर्माण गर्ने।<br>• एक वडा एक सार्वजनिक सामुहिक फोहोर व्यवस्थापन क्षेत्र निर्धारण गर्ने।<br>• फोहोरलाई व्यवस्थित गर्दै प्रांगारिक मलको रुपमा विकास गर्ने<br>• सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा पुन: प्रयोग जस्ता विधिहरु अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गर्ने। |

| | |
|---|---|
| | • वजार क्षेत्रहरुमा ढलहरु निर्माण र नगरवस्तीका घर आँगनवाट निस्कने फोहोरपानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास व्यवस्था गर्ने।<br>• सम्बन्धी त मन्त्रालय तथा बिभाग हरुसंग समन्वव तथा सहकार्य गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने (२०८०-२०८५) | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| १. | फोहोर व्यावस्थापन निर्देशिका तयार कार्य | ■ | | | | | १,०० | |
| २. | सार्वजानिक स्थलहरुमा डस्टविनको व्यवास्थापन (कुहिने र नकुहिने वर्गिकरण सहितको) | ■ | ■ | ■ | ■ | ■ | ६०,०० | |
| ३. | फोहोर व्यावस्थापनको ढल निर्माण गर्ने | | | | | ■ | १०,०० | |
| ४. | उपयुक्त सार्वजानिक स्थानहरुमा सार्वजानिक शौचालयको निर्माण कार्य (लक्ष्य २०) | | ■ | ■ | ■ | ■ | १,००,०० | |
| ५. | सर्टिङ साइटको लागि प्रत्यक वडामा जग्गा प्राप्ती कार्य | ■ | | | | | ५०,०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने (२०८०-२०८५) | | | | | अनुमानित लागत (रु. हजार मा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| १. | फोहोर संकलन कार्यका लागि ट्याक्टर खरीद गरी व्यवस्थापन गर्ने | ■ | ■ | | | | ५०,०० | |
| २. | वायु प्रदुषण, ध्वनी प्रदुषण र जमिन प्रदुषण सम्बन्धी  जनचेतना मुलक कार्य गर्ने | ■ | ■ | ■ | ■ | ■ | २०,०० | |

| | |
|---|---|
| कार्यनीतिहरु | • फोहोर मैला व्यबस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र अनुगमन तथा नियमन गरिनेछ।<br>• वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिनेछ।<br>• ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीय अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरी सचेतना विकास गरिनेछ।<br>• वातावरण सरसफाइ समूह  समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम राखिनेछ। यसका लागि आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरिनेछ।<br>• सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा पुनप्रयोग जस्ता विधिहरु  : अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरिनेछ। |

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभुमि

खोटांग जिल्लाको यस साकेला गाउँपालिका पनि अन्य स्थानीय तहहरु सरह पहिरो, भूक्षय, भूकम्प, जलवायु परिवर्तन, बाढी र सुक्खा खडेरीबाट प्रभावित भएको र हुन सक्ने देखिन्छ। विश्वव्यापी तापक्रम वृद्धि प्रभाव, खडेरी र अनाबृष्टिका कारण डढेलोको प्रकोप वर्षेनी बढ्दै गईरहेको छ। डढेलोको प्रकोपबाट राष्ट्रिय वन जंगल र सामुदायिक वनहरु दुवै प्रभावित भएका छन्। समग्र गाउँ गाउँपालिका नै भिरालो भूभाग मा अवस्थित भएको हुँदा विभिन्न किसिमका विपद्को दृष्टिकोणले यहाँको ठूलो हिस्सा पहिरो, खडेरी-सुक्खा, भू-स्खलन र चट्याङ्ग आदिको उच्च जोखिममा रहेको छ।

नेपाल सरकारबाट स्वीकृत विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति“, २०६६मा व्यवस्था भए बमोजिम विपद् जोखिम ” व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिइएको छ । विपद् जोखिम व्यवस्थापनको सवाललाईविकासका योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्ने क्रममा जिम्मेवार निकायले पहलकदमी

लिन आवश्यक भइसकेको छ । यस परिस्थितिमा विपद् जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गर्दै दीगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग समुदाय एवं क्षेत्रको पहुँच र स्वामीत्व स्थापित हुनेगरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम परिचालन गर्दै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन आवश्यक छ।

यसका अलावा ,जलवायु परिवर्तनका कारणले तापक्रममा वृद्धिको असरले स्थानीय कृषि उत्पादनजनस्वास्थ्य लगायत , हिमाली शृङ्खलाहरुमा हिउँ पग्लिँदै गएको र त्यसले नदीहरुमा सुक्खापनको वृद्धि भएकाले जनजीवनमा गम्भीर असर पारेको देखिन्छ । जलवायु परिवर्तनका कारण उत्पन्न परिस्थितिहरूसँग अब अनुकूलनले मात्र नथेग्ने स्तरका क्षतिहरू हुन थालेका र तिनको निराकरण गर्ने क्षमता र स्रोत आफ्नो पहुँचमा मात्र नभएको अवस्थामा स्पस्ट नीति, कार्यक्रमहरु सहित साझेदारहरूसंग समन्वय तथा सहकार्य गर्न जरूरी देखिन्छ।

### ७.४.२ सम्भावना तथा अवसर

- जोखीम न्यूनीकरण, दीगो संरक्षण प्रणाली स्थापित।
- विपद् व्यवस्थापन शाखाको स्थापना गरी आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना तथा सञ्चालन गर्न सकिने।
- विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशील योजना निर्माण र कार्यान्वायन।
- विपद् जोखिम न्यूनीकरणका लागि बार्षिक कार्यक्रमबजेट र नीतिको तर्जुमा गरिएको। ,
- क्षेत्रगत योजनाहरूमा जोखिम विश्लेषण गर्ने गरी कार्यान्वायन योजना बनाउने।
- सामुदायिक उत्थानशिलतामा योगदान गर्ने परियोजनाहरूलाई विशेष प्राथमिकता।

### ७.४.३ समस्या तथा चुनौती

- मानव वस्तीको विस्तार, प्राकृतिक स्रोत दोहनमा तिब्रता का साथै जोखिम सम्बेदनशीलताको विश्लेषण नहुनु,
- आपतकालीन परिस्थितिको लागि तयारी योजना र सामग्री नहुनु
- विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकताको क्षेत्र मान्न नसक्नु
- गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐनको कार्यान्वयनको अभाव
- सम्पूर्ण क्षेत्र भूकम्पको जोखिममा रहेको
- आपतकालीन कार्यसञ्चालन केन्द्र नहुनु

### ७.४.४ लक्ष्य तथा उद्देश्य

- समुदायको संलग्नतामा थप वृद्धि गर्दै विपद् जोखिममा न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन कार्य गर्ने।

### ७.४.५ रणनिति

### ७.४.६ प्रमुख कार्यक्रमहरु

- विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन कार्यक्रम

प्रमुख कार्यक्रमहरुको बिस्तृत विवरण तल दिईएको छ।

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | खोटांग जिल्लाको यस साकेला गाउँपालिका पनि अन्य स्थानीय तहहरु सरह पहिरो, भूक्षय, भूकम्प, जलवायु परिवर्तन, बाढी र सुक्खा खडेरीबाट प्रभावित भएको र हुन सक्ने देखिन्छ। विश्वव्यापी तापक्रम वृद्धि प्रभाव, खडेरी र अनाबृष्टिका कारण डढेलोको प्रकोप वर्षेनी बढ्दै गईरहेको छ । डढेलोको प्रकोपबाट राष्ट्रिय वन जंगल र |

| | |
|---|---|
| | सामुदायिक वनहरु दुवै प्रभावित भएका छन् । समग्र गाउँ गाउँपालिका नै भिरालो भूभाग मा अवस्थित भएको हुँदा विभिन्न किसिमका विपद्को दृष्टिकोणले यहाँको ठूलो हिस्सा पहिरो, खडेरी-सुक्खा, भू-स्खलन र चट्याङ्ग आदिको उच्च जोखिममा रहेको छ ।<br><br>साकेला गाउँ गाउँपालिका भित्रका सबै विकासका उपलब्धी, यहाँका जनता र समग्र प्राकृतिक वातावरणलाई संरक्षण, सम्बर्द्धन तथा परिचालन गर्न यस विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रमको अत्यन्तै सान्दर्भिकता देखिन्छ । जलवायु परिवर्तनको चपेटामा परेका पहाडी तथा हिमाली भेग का वस्तीहरुमा कृषि पेशा बिशेष प्रभावित हुने भएकोले यस साकेला गाउँपालिकाको यस आवधिक योजना मार्फत सबैलाई सचेत गर्ने, चेतना मूलक कार्य सञ्चालन गर्ने, प्रभाव तथा जोखिम न्यूनीकरण गर्न समुदायहरुलाई प्रत्यक्ष संलग्न गर्ने र अनुकुलनका अभ्यासहरु गराई समुदायको उत्थानशिलता विकासमा टेवा पुर्याउन प्रसस्त अवसर र सम्भावनाहरु देखिन्छन् । |
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध<br>सबै क्षेत्रगत विकासका उपलब्धी हरुलाई संरक्षण गर्ने हुनाले सबैतिर यस विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु अनुकुलन कार्यलाई मूलप्रवाहीकरण गरिनेछ जस कारण सबै परियोजना हरु संग सामन्जस्यता कायम हुने दखिन्छ |
| कार्यान्वयन गरिने स्थान | कार्यान्वयन गरिने स्थान : साकेला गाउँ गाउँपालिका सम्पूर्ण क्षेत्रभित्र |
| रणनीतिहरु | रणनीतिहरु<br>• गाउँ गाउँपालिका स्तरीय विपद् व्यवस्थापनसँग सम्बन्धी त नियमावली तथा विपद् कोष सञ्चालन कार्यविधि लगायतको नीतिगत तथा कानूनी व्यवस्था गरिने,<br>• धार्मिक स्थलहरु विपद्ब व्यावस्थापनका लागि प्रयोग गर्ने<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई सबै विषयगत कार्यक्रमहरुमा मूलप्रवाहीकरण गर्ने<br>• जलवायु परिवर्तन अनुकुलन अभ्यासहरु कृषक माझ पुर्याउने<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन लाई विद्यालयको अतिरिक्त क्रियाकलापमा सामेल गरी जनचेतना अभिवृद्धि गर्ने<br>• वन डँढेलो तथा वन अतिक्रमण नियन्त्रणका लागि जिल्ला बन कार्यालय, जिल्ला प्रशासन कार्यालय, नेपाल आर्मी, जिल्ला प्रहरी, स्थानीय संघ, संस्था, जनप्रतिनिधि, प्रहरी लगायतसँग आवश्यक समन्वय तथा परिचालन गरी डढेलो नियन्त्रण अभियानलाई निरन्तर चलाउने<br>• सम्बन्धीत मन्त्रालय तथा बिभागहरुसंग समन्यव तथा सहकार्य गर्ने । |

**प्रमुख क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने (२०८०-२०८५) | | | | | अनुमानित लागत रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| १. | नगर विपद् तथा जलवायु त्थानशील योजना निर्माण गर्ने | | | | | | १६,०० | |
| २. | समुदाय स्तरमा सामुहिक स्थानमा अर्थिङ जडान कार्य | | | | | | २०,०० | |
| ३. | विपद् जोखिम न्युनिकरणलाई सबैखाले पूर्वाधार विकासका कार्यक्रमहरुमा अनिवार्य मुल प्रवाहिकरण गर्न तालिम सञ्चालन गर्ने | | | | | | १८,०० | |
| ४. | विपद् जोखिम न्युनिकरणका लागि सामुहिक वसोवास गर्न मिल्ने भवन निर्माण कार्य | | | | | | ५,००,०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | पहिरो जोखिम न्युनिकरण (जटाबु, बाझेच्यानडाँडा, भोटेरुम्टा बुल्लासे लगायत अन्य स्थानमा पहिरो नियन्त्रण गर्ने) | | | | | | १,००,०० | |
| ६. | सम्वन्धीत निकाय संग समन्वय गरी बाँदर आतङ्क न्युनिकरण कार्य | | | | | | १,००,०० | |
| ७. | गाउँ गाउँपालिकामा एक वटा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना तथा सञ्चालन | | | | | | १,००,०० | |
| ८. | पहिरोको बिस्तृत GIS नक्सांकन गरी पहिरो नियन्त्रण योजना निर्माण | | | | | | ३५,०० | |
| ९. | विपद व्यवस्थापन समितिहरुको क्षमता विकास कार्यक्रम | | | | | | १५,०० | |
| १०. | प्रत्यक वडामा एक एक वटा आपतकालीन हेली प्याड निर्माण गर्ने | | | | | | २५,०० | |
| ११. | विपद पूर्वतयारी सूचना तथा पूर्व सूचना प्रणाली स्थापना गर्ने कार्य | | | | | | ४५,०० | |
| १२. | जंगली जनावर आतंक व्यवस्थापन कार्यक्रम (सञ्जाल गठन, परिचालन, जंगलमा फलफूल बिरुवा रोपन) | | | | | | ३०,०० | |

**सहायक क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | कहिले गर्ने | | | | | अनुमानित लागत रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | | |
| १. | बारुण यन्त्र खरिद तथा परिचालन व्यवस्थापन | | | | | | १,००,०० | |
| २. | गाउँ गाउँपालिकाको जोखिम तथा क्षमता विश्लेषण तथा प्रतिवेदन तयार | | | | | | २०,०० | |
| ३. | गाउँ कार्यपालिकाका सबै पदाधिकारीलाई ३ दिने विपद जोखिम न्यूनीकरण, व्यवस्थापन, र नीतिगत व्यवस्थाको तालिम | | | | | | १८,०० | तीन चरणमा सञ्चालन गरिने गरी |
| ४. | आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन तथा उद्धारकर्मी क्षमता विकास कार्यक्रम | | | | | | २०,०० | |
| ५. | चट्याङ्ग तथा अल्पीकरणका क्रियाकलाप सम्बन्धी सचेतना तथा चट्याङ्ग नियन्त्र नमुना कर्यक्रम | | | | | | १८,०० | |

कार्यनीतिहरु

- स्थानीय युवा जनशक्तिलाइ परिचालन गरिनेछ।
- स्थानीय धार्मिक तथा सार्वजनिक स्थानहरुको बिष्तृत क्षमता अध्ययन गरी उक्त स्थानहरुलाई आपतकालीन अवस्थामा बहु-उपयोग गर्ने नीति अवलम्वन गरिनेछ,
- सम्भावित विपद् व्यवस्थापनका लागि खोज तथा उद्धार,राहत सामग्रीको पूर्व भण्डारण गरी आवश्यकता अनुसार परिचालन गरिनेछ,
- गाउँपालिका तथा वडा स्तरीय विपद व्यवस्थापन समितिलाई परिचालन गरिने छ,
- अत्याधिक वन डढेलोको समस्या रहने स्थानहरुमा डढेलो नियन्त्रण गर्न अग्नि रेखा कार्यक्रम सञ्चालन गरिनेछ,
- वन क्षेत्रमा जथाभावी सडक खन्ने कार्यलाई निरुत्साहित गरिनेछ। योजनावद्ध रुपमा सडक तथा पूर्वाधार बनाउँदा क्षति भएका रुख विरुवाको अनुपातमा वृक्षारोपण गर्नुपर्ने गरी सम्बन्धी त उपभोक्ता समितिलाई जिम्मेवार बनाइने
- जल तथा मौसमको सूचना नियमित रुपमा विश्लेषण तथा प्रबाह गरिने,

## परिच्छेद ८: संस्थागत विकास तथा सुशासन

**परिचयः**

नेपालको संविधानले गाउँपालिकालाई जनताको नजिकको स्थानीय सरकारका रूपमा व्यवस्था गरेको छ । संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले माध्यमिक तहसम्मको शिक्षा, प्राथमिक स्वास्थ्य सेवा र स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयनका साथै प्रमाणित, सिफारिस, न्यायिक, अनुगमन मुल्याङ्न जस्ता जनतासँग प्रत्यक्ष रूपमा सरोकार राख्ने कामका जिम्मेवारीहरू स्थानीय तहलाई दिएको छ । गाउँपालिकाको उत्तरदायित्व र जिम्मेवारी वहनसँगै सुशासन र पारदर्शिता जोडिएर आएको छ । यस योजनामा जिम्मेवारी वहन र सुशासनलाई योजनाबद्ध ढंगले आगामी ५ वर्षको सोच, उद्देश्य र कार्यक्रमहरू राखिएको छ । यहाँ प्रस्तुत भएका समपूर्ण विषयहरू स्थानीय समुदायसँगको छलफल र निष्कर्षहरूमा आधारित छन् ।

### ८.१ स्थानीय नीति, कानून र सुशासन

#### ८.१.१ पृष्ठभूमि

स्थानीय तहहरू, जस्तै गाउँपालिका, नगरपालिकालगायत उपमहानगरपालिका एवं महानगरपालिकाले स्वतन्त्र रूपमा कानून बनाउन सक्छन् । त्यस्तै कानून व्यवस्था र सुशासन गर्ने अधिकार प्राप्त गर्दछन् । नेपालको संविधानले स्थानीय तहहरूलाई स्वतन्त्र रूपमा व्यवस्था गर्ने अधिकार प्रदान गर्दछ । संविधानले संघ, प्रदेश र स्थानीय तहहरूको नेपाल सरकारले बनाएको कानून र नीति अनुपालन गर्ने अधिकार दिएको छ । स्थानीय नीति, कानून र सुशासनले स्थानीय तहको पृष्ठभूमि निर्धारण गर्दछ । नेपालमा कानून व्यवस्थापन नेपाल सरकारको अधिकारमा छ, जसमा संघीय, प्रदेश र स्थानीय तहहरूले स्वतन्त्र रूपमा कानून निर्माण गर्न सक्छन्, तर स्थानीय तहले बनाएको कानून प्रदेश वा संघको कानूनसँग बाझिनु हुँदैन ।

गाउँपालिकाको समग्र विकासको क्षेत्रलाई राष्ट्रिय योजना आयोगबाट प्रकाशित योजना तर्जुमा निर्देशिका (नमुना) लाई स्थानीय स्तरमा अनुमोदन गरी तयार गरिएको निर्देशिकाका आधारमा साकेला गाउँपालिकाको संस्थागत विकास तथा सुशासन विषयगत क्षेत्रको विकासको अवधारणा देहायअनुसार प्रस्तुत गरिएको छ ।

#### ८.१.२ सम्भावना तथा अवसर

जनप्रतिनिधिहरू निकै सक्रिय र जिम्मेवार भई काम गरेको, जनमुखी सेवाको गुणस्तर अभिवद्धि गर्न विशेष चासो भएको र कर्मचारीहरूले निकै लगनशील भई सेवाग्राहीहरूको हितमा काम गरेका छन् । बिकट भौगोलिक अवस्था हुँदाहुँदै अति आवश्यक सेवाको पहुँच हुनेगरी गाउँपालिकाले विभिन्न सेवासुविधाहरूमा जन्ताको पहुँच बढाएको छ । शाखा र सेवाकेन्द्रहरूबाट व्यवस्थित रूपमा जनतालाई सेवा दिने उल्लेख्य गतिविधिहरू सञ्चालन गरेको छ । अझ प्रभावकारी सेवा बढाउनका लागि निकट भविष्यमा आवश्यक सेवा प्रदान गर्न चाहिने नीति, नियम र कानूनका साथै व्यवस्थित र जनमैत्री भौतिक पूर्वाधार निर्माण अपरिहार्य देखिन्छ ।

#### ८.१.३ समस्या तथा चुनौती

गाउँपालिका तथा वडास्तरीय छलफलका क्रममा मुख्य समस्याहरू विशेष गरी ऐन, कानून, नीति, कार्यविधि व्यवस्थापनको अभाव, कर्मचारीको विभिन्न तहमा तालिमको अभाव, नतिजामुखी योजना तर्जुमा तथा कार्यान्वयन अभ्यासको कमी रहेको, सेवा प्रवाह केन्द्र (वडा कार्यालय, स्वास्थ्य चौकी, प्रशासकीय भवन)को अभाव, नियमित समीक्षाको अभाव रहेको, योजना तर्जुमा र अनुगमन प्रक्रियामा क्षमताको कमी रहेको, अनुगमनको कमी आदि विषयहरू प्राथमिकताका साथ प्रस्तुत गरिएका छन् ।

#### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य

यस गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रका लक्ष्य देहायअनुसार छन् -

**लक्ष्यः** स्थानीय कानूनहरुको तर्जुमा भई सेवा प्रवाह, कार्यसम्पादन, योजना व्यवस्थापन र जवाफदेहिताको स्तरमा अभिवृद्धि भएको हुने ।

**उद्देश्य :** गाउँपालिकाको कार्यसम्पादन क्षमताको स्तर, नागरिक सन्तुष्टि र प्रभावकारी विकास व्यवस्थापनमा वृद्धि गर्नु ।

#### ८.१.५ रणनीतिहरू

- आवश्यक पूर्वाधार र मानवस्रोतको विकास गरी कार्यालयबाट प्रवाह हुने सेवा सुविधालाई सहज र प्रभावकारी बनाउने ।
- निर्णय र कार्यान्वयनमा जवाफदेहिता कायम गरी सुशासित गाउँपालिकाको आधार तयार गर्ने ।

- आगी ५ वर्षभित्र २२ वटा कानून र आवश्यक कार्यविधि बनाई कार्यान्वयन गर्ने ।
- विज्ञ र परामर्शदाताहरूको छनोट गरी गाउँपालिकामा आवश्यक  नीति, कानून, नियम बनाउने  ।
- लिजा र फ्राको मापदण्डअनुसार कार्य सम्पादन गर्ने ।
- आवश्यकताअनुसार सूचना सम्प्रेषण गर्ने ।
- ऐन कानूनको एकीकृत अभिलेख प्रणाली व्यवस्थापन गर्ने ।

### ८.१.६ कार्यक्रम तथा आयोजनाहरू:

माथि उल्लेखित लक्ष्य र उद्देश्य प्राप्तिको लागि निम्न कार्यक्रहरु तय भएका छन् ।

- स्थानीय नीति, कानून, नियम  निर्माण तथा  व्यवस्थापन कार्यक्रम ।
- मुस्कानसहितको सेवा प्रवाह कार्यक्रम ।

कार्यक्रमहरुको बिस्तृत विवरण तल दिईएको छ ।

**१. स्थानीय नीति, कानून, नियम  निर्माण तथा  व्यवस्थापन कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकामा सुशासन कायम गर्न र सेवाग्राहीलाई उत्कृष्ट सेवा प्रदान गर्न विभिन्न समयमा संघीय सरकार, प्रदेश सरकारसँग नबाझिने गरी कानून निर्माण गरी हालसम्म बनिसकेका र कार्यान्वयनमा आइसकेका दस्ताबेजहरूको तथ्यांक छ ।  संस्थागत विकासका लागि नीति निर्माणले गाउँपालिकाभित्र काम गर्न दिशा निर्देश गर्ने, कानुनी दायरामा रहेर विभिन्न काम तथा क्रियाकलाप गर्नका लागि सहज हुने र सुशासन कायम रहने तथा सामाजिक सेवामा नागरिकको पहुँच हुने आवश्यकता भएकाले साथै लिजा र फ्राको मापदण्डअनुसार कार्यसम्पादन गर्न अनिवार्य भएकाले थप कानून र नयाँ दस्ताबेजहरूको आवश्यता हुन्छ । |
| उद्देश्यः | गा.पा.को कार्यसम्पादन क्षमताको स्तर, नागरिक सन्तुष्टि र प्रभावकारी विकास व्यवस्थापनमा वृद्धि गर्नु । |
| कार्यान्वयन स्थान | गाउँपालिका |
| रणनीतिहरू | • विज्ञ र परामर्शदाताहरूको छनौट गरी गाउँपालिकामा नीति, कानून, नियम बनाउने  ।<br>• लिजा र फ्राको मापदण्डअनुसार कार्य सम्पादन गर्ने ।<br>• आवश्यकताअनुसार सूचना सम्प्रेषण गर्ने ।<br>• निर्माण भएका निति, कानून, नियमलाई पूर्ण रुपमा कार्यविधि बनाई लागू गर्ने । |

**प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | ऐन निर्माण | वटा | ५ | ५ | ५ | ५ | २ | ५०० | |
| २ | कार्यविधि  निर्माण । | वटा | | २० | १० | १० | १० | ५०० | |
| ३ | O&M गर्ने | पटक | | १ | | | | ७०० | |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | ६७०० | |

**सहायक क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले र कति गर्ने ? | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | बैठकमा छलफल र प्रमाणीकरण | पटक | १ | २ | २ | २ | २ | १०० | |
| २ | गाउँपालिकाबाट तयार कानूनबारे सचेतना | पटक | १ | २ | २ | २ | २ | ५०० | |
| ३ | गाउँसभाबाट पारित नीति तथा | पटक | १ | २ | ५ | ३ | ३ | ५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नियमहरूलाई अद्यावधिक गर्ने । | | | | | | | | |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | ११०० | |

| | |
|---|---|
| **कार्यनीतिहरू** | • गाउँपालिका, वडा कार्यालय तथा गापाअन्तर्गतका कार्यालयहरूको भवन तथा कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्था मिलाइने छ ।<br>• गाँउपालिका सेवाको व्यवस्थापनसम्बन्धी नीति र कानूनबमोजिम निर्धारण गरिएको स्थानीय तहको संगठन संरचना तथा दरबन्दी क्रमशः कार्यान्वयन गरिनेछ ।<br>• गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्ने जिम्मेवारी वहन गर्न आवश्यक तथा बाँकी ऐन कानूनहरू यथाशक्य चाँडो निर्माण गरिनेछ ।<br>• जनप्रतिनिधि र कर्मचारीहरूले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउने कार्यलाई निरन्तरता दिइने छ ।<br>• कर्मचारी तथा पदाधिकारीहरूको कार्यक्षमतामा सुधार ल्याउन अध्ययन भ्रमण तथा क्षमता विकास तालिमहरू समयानुकूल आयोजना गरिनेछ । |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | सबै शाखाहरू, बैङ्क तथा वित्तीय संस्था, निर्माण तथा खरिद, सुशासन, संघसंस्था र सेवा प्रदायकहरू । |

## २. मुस्कानसहितको सेवा प्रवाह कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाँउपालिकाको शैक्षिक क्षेत्र र गाउँपालिकामा छिटो छरितो, गुणस्तरीय सेवा प्रदान गरी जनतामुखी काम गर्दै मुस्कानसहितको सेवा र मुस्कान लिएर जाने सेवा प्रवाह गर्न यो कार्यक्रम तय भएको छ । यसका लागि दक्ष जनशक्ति निर्माण गर्ने र सेवाबारे जानकारी गर्न समेत आवश्यक रहेको देखिन्छ । |
| **उद्देश्यः** | गा.पा.को कार्यसम्पादन क्षमताको स्तर, नागरिक सन्तुष्टि र प्रभावकारी विकास व्यवस्थापनमा वृद्धि गर्नु । |
| कार्यान्वयन स्थान | गाउँपालिका |
| **रणनीतिहरू** | • सु-सूचित गर्ने ।<br>• जनपरिचालन गर्ने ।<br>• उत्तरदायी बनाउने ।<br>• दक्ष कर्मचारी तथा जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाह गर्ने ।<br>• उत्कृष्ट काम गर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने । |

**प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | कार्यालय व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | २५०० | |
| २ | कर्मचारी तथा एम.डी. मेडिकल डक्टर व्यवस्थापन । | जना | १ | १ | १ | १ | १ | ७५०० | |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | १०००० | |

**सहायक क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | विद्यालय व्यवस्थापन | पटक | १ | | १ | | १ | १०००० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | इन्टरनेट व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५००० | |
| ३ | कम्प्युटर व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ८००० | |
| ४ | उत्कृष्ट कर्मचारीलाई प्रोत्साहन | जना | १ | १ | १ | १ | १ | ५०० | |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | २३५०० | |

| | |
|---|---|
| **कार्यनीतिहरू** | • जहाँ काम त्यहाँ प्रशासन, जसको प्रशासन उसकै जवाफ भन्ने मान्यतामा आधारित प्रत्यक्ष उत्तरदायित्व सुनिश्चित गर्न दक्ष जनशक्ति परिचालन र व्यवस्थापन गरिनेछ।<br>• दक्षजनशक्तिको व्यवस्थापन गरी कार्यक्रम गर्ने। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | सेवाग्राही, परामर्शदाता, करदाता, व्यवसायी, बैंक, वित्तीय संस्था, संघ र प्रदेश सरकार। |

### ३. संगठित संस्थाहरूलाई दर्ता कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाँउपालिकाभित्र संगठित संस्थाको पहिचान गरी संस्थागत भवन संरचना, अपाङ्गमैत्री, जेष्ठ नागरिकमैत्री, बालमैत्री तथा महिलामैत्री बनाउन आवश्यक देखिन्छ, जुनचाहिँ सेवाप्रवाह जनमुखी र जनताको आर्थिक अवस्थामा सुधार गर्नु स्थानीय तहको मुख्य उतरदायित्व र जिम्मेवारी हो। |
| **उद्देश्यः** | नियमित कार्यप्रणाली विकास गर्ने र उचित समन्वयको विकास गर्नु। |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिका |
| **रणनीतिहरू** | • संगठनको पहिचान गर्ने।<br>• संस्थाको जग्गा यकिन गर्ने।<br>• संस्थाका भवनहरू निर्माण गर्ने। |

**प्रमुख क्रियाकलापहरू**

| **क्र.सं.** | **क्रियाकलाप** | **एकाइ** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रू (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | प्रस्ताव आह्वान तथा परिचालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | १००० | |
| २ | तथ्याङ्क संकलन गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५०० | |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | १५०० | |

**सहायक क्रियाकलापहरू**

| **क्र.सं.** | **क्रियाकलाप** | **एकाइ** | **कहिले गर्ने** | | | | | **अनुमानित लागत रू (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सूचना प्रकाशन। | पटक | १ | १ | १ | १ | १ | २५० | |
| २ | सूचीकृत गर्ने। | पटक | १ | १ | १ | १ | १ | २५० | |
| ३ | दर्ता गराउने। | पटक | १ | १ | १ | १ | १ | ५० | |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | ५५० | |

| | |
|---|---|
| **कार्यनीतिहरू** | राजस्व परिचालन समितिमार्फत गाँउपालिकाभित्रको प्राकृतिक स्रोतसाधन र व्यवसाय, पूर्वाधार सेवा र सबै आर्थिक क्रियापकलापलाई करको दायरामा ल्याई राजस्वको दायरा फराकिलो पारी राजस्व नियन्त्रण, संकलन र बाँडफाँट गरिनेछ। |
| **अन्य विषयगत** | गाउँपालिका, प्रदेश, संघ र सेवा प्रदायक संघसंस्थाहरू |

| क्षेत्रसँगको सम्बन्ध | |
|---|---|

## ८.२ संगठन तथा क्षमता विकास

### ८.२.१ पृष्ठभूमि

विभिन्न चरणको छलफल तथा परामर्शबाट प्राप्त सुझाव अनुसार साकेला गाउँपालिकामा संगठन तथा क्षमता विकास, जनप्रतिनिधिहरूको क्षमता विकास, व्यवस्थापन, कर्मचारीहरूको क्षमता विकास, तथा कार्यक्रम निर्माण र व्यवस्थापन गर्न आवश्यक छ । हाल गाउँपालिकामा विभिन्न क्षमता भएका प्राविधिक र दक्षता एवं सीप भएका मानव संसाधनहरू भए तापनि उनीहरूमा पुनर्ताजगी तालिमको अभाव रहेको छ । पुनर्ताजगी तालिमबाट गाउँपालिकामा विभिन्न कार्यक्रमहरू सफलतापूर्वक व्यवस्थापन गर्न मद्दत गर्छ, जुन गाउँपालिका र जनताको सेवाको पहुँच र भलाइका लागि अति आवश्यक छ । क्षमता विकास तथा सांगठनिक विकासले नयाँ कार्यक्रम निर्माण, सम्पर्क तथा सञ्चार विकास, तथा संसाधन व्यवस्थापन जस्ता क्षेत्रहरूमा गाउँपालिकालाई सक्षम बनाउन सहयोग पुर्याउँदछ। संगठन तथा क्षमता विकासले एक उदाहरणीय गाउँपालिकाको विकास गर्न महत्वपूर्ण भूमिका खेल्छ।

### ८. २.२ सम्भावना तथा अवसर

विभिन्न समस्या र चुनौतीका बाबजुद संगठन तथा क्षमता विकासप्रति निकै सम्भावना र अवसरको पर्याप्त पूर्वानुमान गरिएको छ। गाउँपालिकाले प्रदेश, संघसँग क्षमता विकासका लागि समन्वय गरेर विभिन्न क्षेत्रहरूमा गाउँपालिकाका जनशक्तिहरूको क्षमता विकास गर्न सकिन्छ। यसले योजना तथा नीति गठन, कार्यक्रम व्यवस्थापन तथा संगठनमा सुधार गर्न मद्दत गर्दछ।

### ८.२.३ समस्या तथा चुनौती

गाउँपालिकाको संगठन तथा क्षमता विकासका लागि गाउँपालिकाले विभिन्न समस्या तथा चुनौतीहरू सामना गर्नुपर्छ, जसमध्ये केही महत्वपूर्ण समस्या तथा चुनौतीहरू निम्न रूपमा रहेका छन्। सबै तहमा तालिमको अभाव, सेवाग्राहीहरूको कार्यमा ढिलासुस्ती रहेको , समयसापेक्ष उपकरण र दक्ष कर्मचारीको कमी सडकमा विद्युत् नपुगेको , कर्मचारीमा क्षमताको कमी रहेको। कार्यक्रम व्यवस्थापन तथा सम्पर्क तथा सञ्चार, वार्षिक कार्यक्रम व्यवस्थापन र सम्पर्क तथा सञ्चारमा समस्या भएको छ।

### ८.२.४ उपक्षेत्रगत लक्ष्य र उद्देश्य

संगठन तथा क्षमता विकासका प्रमुख लक्ष्यहरू निम्न छन् -

**लक्ष्य:**गाउँपालिका भित्र कार्यरत कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकास भइ छिटो र छरितो सेवा प्रबाहको आधार तयार भएको हुने।

**उद्देश्य:** नियमित कार्यप्रणाली विकास गरी उचित समन्वयको विकास गर्नु।

### ८.२.५ रणनीतिहरु

- संगठनको कम्जोरी र क्षमता पहिचान गर्ने।
- निर्णय र कार्यान्वयनमा जवाफदेहिता कायम गरी सुशासित गाउँपालिकाका रूपमा स्थापित गर्ने।
- संस्थाहरुको भौतिक पूँजीको लेखाजोखा गरी भौतिक संरचनाहरुको निर्माण गर्ने।

### ८.२.६ कार्यक्रम तथा आयोजनाहरू

- संगठित संस्थाहरू दर्ता तथा नवीकरण कार्यक्रम।
- अन्तरनिकाय समन्वय तथा दातृ निकाय, गैसससँग समन्वय साझेदारी र सहकार्य कार्यक्रम।
- संगठति संस्थाको क्षमता विकास कार्यक्रम।
- जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज जस्ता संगठित संस्थाको क्षमता विकास कार्यक्रम।
- डिजिटलमैत्री गाउँपालिका कार्यक्रम ।

कार्यक्रमहरुको बिस्तृत विवरण तल दिईएको छ।

## १. अन्तरनिकाय समन्वय तथा दातृ निकाय, गैसससँग समन्वय साझेदारी र सहकार्य कार्यक्रम।

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकासँग सीमित स्रोतसाधन तर असीमित आवश्यकता भएकाले विकासका काममा अन्तरनिकाय समन्वय र उद्देश्य मिल्ने गैसस तथा दातृ निकायसँग सहकार्य गरी विकासका कामहरूलाई अगाडि बढाउने। |
| **उद्देश्यः** | नियमित कार्यप्रणाली विकास गरी उचित समन्वयको विकास गर्नु। |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिका। |
| **रणनीतिहरू** | • अन्तरनिकायका अन्तरसम्बन्धी त कार्यक्षेत्रको पहिचान गर्ने।<br>• विषयक्षेत्रगत योजना तर्जुमा गर्ने।<br>• अन्तरनिकायबीच कार्यान्वयन गर्न पारस्परिक अन्तरक्रिया, छलफलगर्ने।<br>• प्रदेश, दातृनिकाय, गै.स.स. र गाउँपालिकाबीचमा कार्यशाला गोष्ठी आयोजना गर्ने। |

**प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | नियमित भेटघाट। | पटक | ३ | ३ | ३ | ३ | ३ | ५०० | |
| २ | नीति तथा समस्या माथि छलफल। | पटक | १ | २ | २ | २ | २ | २०० | |
| | | | जम्मा प्रक्षेपित लागत | | | | | ७०० | |

**सहायक क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सहकार्य। | नियमित | | | | | | | |
| २ | पालिकाभित्र काम गर्ने सबै संघ संस्थाको अभिलेख राख्ने तथा नवीकरण गर्ने | मासिक | १ | १ | १ | १ | १ | ५० | |
| ३ | संघ, प्रदेश र स्थानीय सरकारसँग छलफल, भेटघाट निरन्तर गरिरहने। | पटक | १ | १ | १ | १ | १ | १०० | |
| | जम्मा प्रक्षेपित लागत | | | | | | | १५० | |

| | |
|---|---|
| **कार्यनीतिहरू** | |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • समाजकल्याण परिषद्, जिल्ला समन्वय समिति, प्रदेश सरकार।<br>• गैरसरकारी संस्था, सरकारी सामाजिक संघसंस्थाहरू।<br>• उपभोक्ता समिति, आमासमूह, युवासञ्जाल, बालसञ्जाल, बालक्लब। |

## २. संगठित संस्थाहरूको क्षमता विकास कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकामा विभिन्न रूपमा दर्ता भएका र नभएका संघसंस्था, आमा समूह, टोल विकास समिति, कृषि सहकारी, सहकारी, बालक्लब, उपभोक्ता समिति, महिला विकास, आदिवासी, जनजाति, उद्यम विकास, युवा सञ्जालहरूको क्षमता विकास गर्ने। |
| **उद्देश्यः** | गाउँपालिकाभित्रका संस्थाहरूले स्थानीय स्तरमा प्रशासनिक क्षमता विकास गर्ने। |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिका। |

| रणनीतिहरू | • गाउँपालिकाभित्रका संस्थाहरूलाई नियमअनुसार दर्ता, नवीकरण गर्ने ।<br>• पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने ।<br>• संस्थागत सुशासन सुनिश्चित गर्ने ।<br>• संस्थाहरूको सबलीकरणका लागि विषयगत क्षेत्रमा सशक्तीकरण तालिकाको व्यवस्था गर्ने । |
|---|---|

**प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | तालिम तथा अभिमुखीकरण । | पटक | १ | १ | १ | १ | १ | ५००० | |
| २ | दर्ता अभियान तथा तथ्यांक संकलन | पटक | १ | १ | १ | १ | १ | २००० | |
| | जम्मा प्रक्षेपित लागत | | | | | | | ७००० | |

**सहायक क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | अवलोकन भ्रमण तथा अनुभव साटासाट । | पटक | १ | १ | १ | १ | १ | १०००० | |
| | जम्मा प्रक्षेपित लागत | | | | | | | १०००० | |

| कार्यनीतिहरू | ● उद्योग वाणिज्य संघ घोडेटारसँग सहकार्य गरिनेछ ।<br>● विकास साझेदारी संस्थासँग सहयोग तथा समन्वय गरिनेछ ।<br>● संघीय सरकार र प्रदेश सरकारका सम्बद्ध निकायसँग क्षमता अभिवृद्धिका लागि सहकार्य गरिनेछ । |
|---|---|
| अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध | व्यवसाय, संस्था, सहकारी, बैङ्क, वित्तीय संस्था, कृषक तथा अन्य जानकार व्यक्तिहरू । |

### ३. जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज जस्ता संगठित संस्थाको क्षमता विकास कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपलिकाका कार्यपालिका सदस्य, गाउँसभा सदस्यलाई तालिम र कर्मचारीलाई सेवाकालीन तालिम, नागरिक समाजलाई काम, कर्तव्य र अधिकारका विषयमा तालिम दिने, नेतृत्व क्षमताको विकास गर्ने नीति अवलम्बन गरेको छ । जसले गर्दा काममा दक्षता आउने, क्षमता बढने तथा कार्यसम्पादनमा सरलता आउने भएकाले यी नीति अवलम्बन गरिएको छ । |
| उद्देश्यः | गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाजस्तरमा प्रशासनिक क्षमता विकास गर्ने । |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिका । |
| रणनीतिहरू | • आवश्यकता पहिचान गरी क्षमता विकास गर्ने ।<br>• तालिम र सशक्तीकरणबाट प्रशिक्षित गरी कार्यसम्पादनमा सुधार गर्ने ।<br>• जनप्रनिधिहरूको क्षमता विकास गर्ने । |

**प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | अनुमानित | कैफियत |
|---|---|---|---|---|---|

| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | लागत रू (हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनप्रतिनिधिलाई तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | २५०० | |
| २ | कर्मचारीलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५००० | |
| ३ | संगठित संस्था र नागरिक समाजलाई तालिम। | पटक | १ | १ | १ | १ | १ | १००० | |
| | जम्मा प्रक्षेपित लागत | | | | | | | ८५०० | |

**सहायक क्रियाकलापहरू (अप्रत्क्ष रूपमा गर्नु पर्ने)**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले र कति गर्ने ? | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | विषयवस्तुसँग सम्बन्धी त पुस्तक खरिद। | पटक | १ | १ | १ | १ | १ | १०० | |
| २ | ल्यापटप तथा कम्प्युटर खरिद तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ३००० | |
| | जम्मा प्रक्षेपित लागत | | | | | | | ३१०० | |

| | |
|---|---|
| **कार्यनीतिहरू** | • स्रोत व्यवस्थापनका लागि प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य गरिनेछ।<br>• तालिम प्रदायक निकायहरूसँग समन्वय गरिनेछ ।<br>• विभिन्न संघसंस्थाहरूको अवलोकनमार्फत अनुभव आदानप्रदान गरिनेछ।<br>• राष्ट्रिय आविष्कार केन्द्रसँग प्राविधिक विषयमा सहायता लिईनेछ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • जनप्रतिनिधि, कर्मचारी।<br>• शिक्षक, शिक्षिका, संघसंस्थाका पदाधिकारीहरू, कर्मचारीहरू । |

### ४. कार्यक्रमको नामः डिजिटलमैत्री गाउँपालिका कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकालाई कागजरहित बनाउन सुलभ, छिटो, छरितो सेवा प्रवाह गर्न डिजिटल प्रविधिसहितको सेवा प्रदान गर्ने, जसले गर्दा सेवामा पहुँच बढ्ने र जनतालाई गाउँपालिकाको काम र सेवाप्रति विश्वास बढ्ने र सुशासन कायम हुने। |
| **उद्देश्यः** | |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिका। |
| **रणनीतिहरू** | • सेवाको पहिचान गरी सोहीअनुसार कार्ययोजना बनाउने।<br>• परीक्षणस्वरूप सेवा सञ्चालन गरी सोहीअनुसार सुधार गर्ने।<br>• वडाबाट सेवा प्रदान गर्ने ।<br>• सेवाग्राहीहरूको प्रतिक्रिया तथा पृष्ठपोषणअनुसार सेवामा सुधार गर्ने । |

**प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | एसएमएस, कर, मालपोतसम्बन्धी ई सेवा प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ११०० | |
| २ | पालिका दस्ताबेज डिजिटाइज गर्ने र अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५०० | |
| | जम्मा प्रक्षेपित लागत | | | | | | | १६०० | |

**सहायक क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सफ्टवेयर खरिद । | पटक | १ | १ | १ | १ | १ | १००० | |
| २ | तालिम प्रदान । | पटक | १ | १ | १ | १ | १ | २०० | |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | १२०० | |

| | |
|---|---|
| **कार्यनीतिहरू** | • राजस्व कार्यालय, करदाता सेवा कार्यालय, भूमि सुधार तथा मालपोल कार्यालय, घरेलु तथा साना उद्योग कार्यालयसँग समन्वय गरिनेछ ।<br>• विकास साझेदार संस्थासँग सहयोग तथा समन्वय गरिनेछ ।<br>• संघीय सरकार र प्रदेश सरकारसम्बद्ध निकायसँग क्षमता अभिवृद्धि सम्बन्धमा सहकार्य गरिनेछ । |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | I.T. विज्ञ, शाखाहरू, व्यवसाय, संस्था, सहकारी, बैङ्क, वित्तीय संस्था, कृषक तथा अन्य जानकार व्यक्तिहरू । |

### ८.३ राजस्व तथा स्रोत परिचालन

#### ८.३.१ पृष्ठभूमि

गाउँपालिकाको राजस्व तथा स्रोत परिचालन भन्नाले त्यसको आम्दानी र खर्चको व्यवस्था तथा राजस्व स्रोतहरूको प्रबन्ध गर्नु हो । यसले गाउँपालिकाको आर्थिक स्थितिलाई विवरणीय रूपमा व्यक्त गर्दछ । गाउँपालिकाले संघ, प्रदेश र आफ्नो आन्तरिक स्रोतबाट पाएका आर्थिक रकमले समग्र विकासको कार्यक्रम सञ्चालन गर्छ । आन्तरिक आयको दायरा बढाएको खण्डमा मात्र विकासका क्रियाकलापलाई दीगो पना दिन सकिन्छ । स्थानीय तहले यी विभिन्न शीर्षकमा आय प्राप्त गर्ने गर्दछ । नेपालको संविधानमा तहगत सरकारको राजस्व अधिकारजस्तै : सम्पत्ति कर, घरजग्गा बहाल कर, मालपोत, व्यवसाय कर , मनोरञ्जन कर, सवारी साधन कर, विज्ञापन कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, बहाल बिटौरी शुल्क, नक्सापास शुल्क, पार्किङ शुल्क र अन्य शुल्क तथा दस्तुर, बिक्री (प्राकृतिक स्रोत / माटो, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर) गाउँपालिकाले सङ्कलन गर्ने गरेको छ ।

#### ८.३.२ सम्भावना तथा अवसर

पालिकामा साना तथा मझौला उद्योग खोल्ने , पर्यटनको प्रबल सम्भावनालगायत कृषि उपजलाई बजारीकरण गर्न सकेको खण्डमा धेरैले रोजगारीलगायत उद्यमी भई कर तिर्न सक्ने सम्भावना छ । बन्द भएका व्यवसाय, उद्योग नवीकरण गरी गाउँहरूमा उद्योग नवीकरण हुन सक्छ जसले राजस्व आयलाई बढाउन सहयोग गर्छ ।

#### ८.३.३ समस्या तथा चुनौती

गाउँपालिकाको राजस्व तथा स्रोत परिचालनमा धेरै समस्याहरू देखिन्छन् । गाउँपालिकाको आन्तरिक आयको दायरा बढाउनुपर्ने देखिन्छ । स्रोत र साधनको समुचित उपयोगमा ध्यान दिनुपर्ने प्रमुख चुनौती छ । कोरोना जस्ता माहामारीका कारणले व्यापार व्यवसायमा सुस्तता आएको छ, जसले गर्दा आर्थिक कारोबार निकै कम भएको छ । राजस्व अध्ययन प्रतिवेदनका आधारमा गाउँपालिकाको आय सङ्कलन गरेको खण्डमा आन्तरिक आय बढ्ने छ । विगतको आर्थिक आयव्ययको तथ्याङ्कका आधारमा गाउँपालिकामा बेरुजु भएको देखिन्छ ।

#### ८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य

**लक्ष्यः**

गाउँपालिकाको आन्तरिक तथा बाह्य स्रोतमा वृद्धिभएको हुने ।

**उद्देश्यः** आवश्यक नीति तथा कानूनको तयारी र प्रविधिमा सुधार गरी गाउँपालिकाको आन्तरिक आयमा बृद्दि गर्नु ।

#### ८.३.५ रणनीतिहरुः

- राजस्व सुधारको लागि आवश्यक ऐन कानूनको तर्जुमा गर्ने ।
- राजस्वको स्रोतको परिचालन गर्ने ।
- राजस्व सम्बन्धी अध्ययनको आधारमा करको दर निर्धारण तथा करको दायरा बढाउने ।
- संस्था तथा व्यवसायहरूलाई करको दायरामा ल्याउने ।

#### ८.३.५ कार्यक्रम तथा आयोजनाहरू

- स्थानीय राजस्व सुधार कार्यक्रम ।

कार्यक्रमको बिस्तृत विवरण निम्न बमोजिम रहेको छ।

**१. स्थानीय राजस्व सुधार कार्यक्रम ।**

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकाको एकल अधिकार प्रयोग गरी राजस्वको एकल अधिकारभित्र रहेर आन्तरिक स्रोत सम्भावनाको अध्ययनबाट दायरा बढाई दर घटाउने र राजस्व वृद्धि गर्ने। |
| **उद्देश्यः** | |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिका। |
| **रणनीतिहरू** | • राजस्वको स्रोत परिचालन गर्ने।<br>• वैज्ञानिक करको दर निर्धारण गर्ने।<br>• करको दायरा बढाउने।<br>• संस्था तथा व्यवसायहरूलाई करको दायरामा ल्याउने। |

**प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | स्रोत तथा समिति परिचालन। | पटक | १ | १ | १ | १ | १ | १००० | |
| २ | | | | | | | | | |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | १००० | |

**सहायक क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | राजश्व सुधार कार्ययोजना तयार तथा अद्यावधि | संख्या | १ | | | | | ७०० | |
| २ | खनिजजन्य उत्पादनको पहिचान। | पटक | १ | १ | १ | १ | १ | १००० | |
| ३ | नदीजन्य ढुंगा, गिट्टी, बालुवाको पहिचान र परिचालन। | पटक | १ | १ | १ | १ | १ | ५०० | |
| ४ | सचेतनामूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १००० | |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | ३२०० | |

| | |
|---|---|
| **कार्यनीतिहरू** | ● बनजन्य खनिजको खोजीनिती र पहिचान गरिनेछ।<br>● गाउँपालिकाभित्र रहेको नदीजन्य ढुंगा, गिट्टी, बालुवाको पहिचान र परिचालनको व्यवस्था गरिनेछ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय, वन कार्यालय , भूमि सुधार तथा मालपोल कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय। |

## ८.४ विकास व्यवस्थापन (योजना तर्जुमा तथा अनुगमन)

### ८.४.१ पृष्ठभूमि

गाउँपालिका एक प्रशासनिक अंग हो जसले नागरिकहरूको आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य आवश्यकताहरूको समुचित व्यवस्था गर्ने काम गर्दछ। गाउँपालिकाले स्थानीय विकासका लागि विभिन्न प्रकारका योजनाहरू बनाउँदछ जसले विभिन्न समस्याहरू समाधान गर्न मद्दत गर्छ। सही समयमा सही तरिकाले योजनाहरू सञ्चालन गर्न गाउँपालिकाको विकास योजना तथा वित्त विवरण तथा वार्षिक कार्यक्रम जस्ता विभिन्न दस्ताबेजहरू चुस्त दुरुस्त राख्नुपर्ने हुन्छ। गाउँपालिकाले आफ्नो सञ्चालन र विकासका लागि

आवश्यकताअनुसार विभिन्न योजनाहरू बनाउँदछ । योजनाहरू गाउँको विकास र आर्थिक स्थिति, सामाजिक स्थिति, पर्यटन, कृषि, वन, जलवायु परिवर्तन, स्वास्थ्य, शिक्षा, निर्माण, सड़क र विद्युत् जस्ता क्षेत्रहरूमा केन्द्रित हुन्छन । विकास व्यवस्थापनले योजना समयमा जसका लागि जुन समयमा र जति लगानीमा हुनुपर्ने हो त्यसको सुनिश्चितता गर्छ ।

### ८.४.२ सम्भावना तथा अवसर

गाउँपालिकाका विकासका लागि योजना तथा नीति बनाउने एक महत्वपूर्ण कार्य हो । योजना तथा नीति गाउँको विकास र समृद्धिका लागि आवश्यक छन् । किनभने यसले गाउँ गाउँपालिकालाई तत्काल सुधार गर्नुपर्ने पक्षको जानकारी गराउँछ र पछि हुन सक्ने गल्तीबाट जोगाउँछ । समयसमयमा गाउँपालिका योजना बनाउने प्रक्रिया सुरु गर्दा, स्थानीय व्यक्ति, सामुदायिक संस्था र अन्य स्थानीय व्यक्तिहरूसँग छलफल, विवेचनामा सहभागिता बढाउँछ । गाउँपालिकाको जनताका लागि आधारभूत आवश्यकता योजनाअन्तगर्त सामेल हुने विषयहरू जस्तै स्वास्थ्य सेवा, शिक्षा, पानी , बिजुली, सडक निर्माण, कृषि , उद्योग, वाणिज्य आदि विषयहरूलाई ध्यानमा राखिनुपर्छ । योजना बनाउने समयमा गाउँपालिकाहले स्थानीय व्यक्तिहरूको राय र सुझावलाई समावेश गर्नुपर्छ । यसले स्थानीय जनताको सहभागिताको अभावलाई कम गर्दछ र समाजका आवश्यकताहरू थाहा पाउन अवसर पनि प्रदान गर्छ ।

### ८.४.३ समस्या तथा चुनौती

गाउँपालिकाको काम र सेवाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्न गाउँपालिकामा पर्याप्त जनशक्तिको अभावलगायत भएका जनशक्ति र मानव संसाधनको क्षमता विकासको आवश्यता रहेको छ । गाउँपालिकाबाट हुने काम र सेवा प्रवाहको व्यवस्थापन समयमा भौतिक पूर्वाधारका आयोजनाहरू सम्पन्न नहुनु ठूलो चुनौतीका रूपमा रहेको छ । योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दा स्थनीय सहभागिता तथा अपनत्वमा वृद्धि गर्ने चुनौती थपिएको छ ।

### ८.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य

**लक्ष्यः** योजना तर्जुमा, कार्यान्वियन, अनुगमन र सार्बजनीकरण प्रक्रियाको पद्दति स्थापित भई योजना व्यवस्थापनको आधार तयार भएको हुने ।

**उद्देश्यः** सहभागितामूलक योजना व्यवस्थापन (योजना तर्जुमा तथा कार्यान्वयन) प्रक्रियालाई सरल, सेवाग्राहीमैत्री र पारदर्शी बनाई प्रभावाकारी रुपमा योजना व्यवस्थापनग गर्नु ।

### ८.४.५ रणनीतिहरू

- सहभागितामूलक योजना व्यवस्थापन (योजना तर्जुमा तथा कार्यान्वयन) प्रक्रियालाई सरल, सेवाग्राहीमैत्री र पारदर्शी बनाउने ।
- अनुगमन समिति क्रियाशील बनाई विषयअनुसार समूह बनाई परिचालन गर्ने ।
- स्थानीयवासीलाई सहभागी गराउने र स्रोत परिचालनको जानकारी गराउने
- अनुगमन समितिलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउने ।

### ८.४.६ कार्यक्रम तथा आयोजनाहरू

- अनुगमन मूल्याङ्कनमा कार्यक्रम ।
- सार्वजनिक लेखा परीक्षण कार्यक्रम ।
- वित्तीय व्यवस्थापन र वित्तीय जोखिम न्यूनीकरण कार्यक्रम ।
- आन्तरिक, अन्तिम लेखापरीक्षण र बेरुजु फछर्यौट कार्यक्रम ।

कार्यक्रमहरुको बिस्तृत विवरण तल दिईएको छ ।

**१. अनुगमन मूल्याङ्कन व्यवस्थापन कार्यक्रम**

| विषयवस्तु | विवरण |
|---|---|

| | |
|---|---|
| पृष्ठभूमि | साकेला गाँउपालिकाभित्र हुने  विकासका सबै कामहरूको प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्ने जसले गर्दा कामको प्रभाव बढ्ने र जनता लाभान्वित हुने। |
| **उद्देश्यः** | सहभागितामूलक योजना व्यवस्थापन (योजना तर्जुमा तथा कार्यान्वयन)  प्रक्रियालाई सरल, सेवाग्राहीमैत्री र पारदर्शी बनाउने। |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिका। |
| **रणनीतिहरू** | • अनुगमन समिति क्रियाशील बनाई विषयअनुसार समूह बनाई परिचालन गर्ने।<br>• अनुगमन समितिलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउने।<br>• अनुगमन तथा मूल्याङ्कनसम्बन्धी मापदण्ड निर्धारण गर्ने।<br>• प्रविधिमा आधारित अनुगमन गर्ने ।<br>• क्षमता विकासका गतिविधिहरूलाई निरन्तरता दिने।<br>• तेस्रो पक्ष मूल्यांकन प्रक्रिया अपनाउने। |

**प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | अनुगमन समिति पुनर्गठन गरी परिचालन | पटक | १ | १ | १ | १ | १ | ५०० | |
| २ | अनुगमन तथा सार्वजनिक सुनुवाई कार्यबिधि तयारी | संख्या | | १ | १ | | | ५० | |
| ३ | सार्वजनिक लेखा परीक्षण | | | | | | | २५०० | |
| | जम्मा प्रक्षेपित लागत | | | | | | | २५००० | |

**सहायक क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले र कति गर्ने ? | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | सामग्री उपलब्ध गराउने। | पटक | १ | १ | १ | १ | १ | ५००० | |
| | जम्मा प्रक्षेपित लागत | | | | | | | ५००० | |

| | |
|---|---|
| **कार्यनीतिहरू** | • अनुगमन प्रणालीलाई निरन्तरता दिई मूल्याङ्कनलाई मापनयोग्य बनाईनेछ।<br>• मापदण्डलाई पूर्णतया पालन गर्ने, समयानुकूल परिमार्जन गरिनेछ।<br>• विषय क्षेत्रगत अनुगमन प्रणालीलाई चुस्त दुरुस्त राखिनेछ।<br>• इमेल, इन्टरनेट तथा सामाजिक सञ्जालको अधिकतम प्रयोग गरिनेछ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | स्वास्थ्य संस्था, विद्यालय, वडा कार्यालयहरू, टोल विकास संस्था, निर्माण व्यवसायी, साझेदार संस्था, उपभोक्ता समिति, सहकारी। |

### २. वित्तीय व्यवस्थापन र वित्तीय जोखिम न्यूनीकरण  कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकाको विकास निर्माण गर्न मानवीय व्यवस्थापन गर्न, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार, गैसस, गाउँपालिकाभित्र भएका निजी लगानीकर्तासँग समन्वय र सहकार्य गेरर वित्तीय व्यवस्थापन गरिनेछ। |
| **उद्देश्यः** | आधुनिक वित्त व्यवस्थापन गरी वित्तीय जोखिम न्यूनीकरण   गर्ने। |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिका। |
| **रणनीतिहरू** | •अन्तर निकायका अन्तरसम्बन्धी त कार्यक्षेत्र पहिचान गर्ने।<br>•विषय क्षेत्रगत योजना तर्जुमा गर्ने।<br>•अन्तर निकायबीच कार्यान्वयन गर्न पारस्परिक अन्तरक्रिया, छलफल गर्ने। |

| | |
|---|---|
| | •प्रदेश, दातृ निकाय, गै.स.स. र गाउँपालिकाका बीचमा कार्यशाला गोष्ठी आयोजना गर्ने। |

**प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | संघ, प्रदेश, जिसस, गैसस सँग साक्षात्कार, सम्बन्ध स्थापित गर्ने। | पटक | ३ | ३ | ३ | ३ | ३ | ५००० | निरन्तर |
| २ | साझेदारी र सहकार्य बढाउने। | पटक | ३ | ३ | ३ | ३ | ३ | ५०० | निरन्तर |
| ३ | वित्तिय जोखिम अध्ययन | पटक | | १ | | | | ५०० | |
| | जम्मा प्रक्षेपित लागत | | | | | | | ६००० | |

**सहायक क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | | | | | अनुमानित लागत रू (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | छलफल, नियमित भेटघाट, नीति तथा कार्यक्रमसम्बन्धी सिकाइ आदानप्रदान गर्ने। | पटक | २ | २ | २ | २ | २ | १५० | नियमित |
| | जम्मा प्रक्षेपित लागत | | | | | | | १५० | |

| | |
|---|---|
| **कार्यनीतिहरू** | • संघ, प्रदेश, गै.स.स, दातृ निकायसँग भेटघाट तथा छलफल गरिनेछ।<br>• पालिकाको आवधिक योजना दस्ताबेज सेयर गरिनेछ।<br>• दक्ष जनशक्तिको व्यवस्थापन गरी कार्यक्रम गरिनेछ ।<br>• अन्तरनिकायबीच नियमित बैठकको व्यवस्थापन, समन्वय सञ्जाल समिति निर्माण गरिनेछ । |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • समाज कल्याण परिषद्, जिल्ला समन्वय समिति, प्रदेश सरकार।<br>• गैरसरकारी संस्था, सरकारी सामाजिक संघ संस्थाहरू।<br>• उपभोक्ता समिति, आमासमूह, युवासञ्जाल, बालसञ्जाल, बालक्लब। |

### ३. कार्यक्रमको नामः आन्तरिक, अन्तिम लेखापरीक्षण र बेरुजु फछर्यौट कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | साकेला गाउँपालिकाको आम्दानी खर्च चुस्त र दुरुस्त बनाई आयव्ययको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता, औचित्यको परीक्षण गर्न नियमित रूपमा आन्तरिक र अन्तिम लेखा परीक्षण गराई बेरुजु घटाउने। |
| **उद्देश्यः** | अन्तिम लेखा परीक्षण गराई बेरुजु घटाउने। |
| कार्यान्वयन गरिने स्थान | गाउँपालिका। |
| **रणनीतिहरू** | • भुक्तानी औचित्यका आधारमा गर्ने।<br>• नियमित लेखापरीक्षण गराउने।<br>• अन्तिम लेखा परीक्षण गराउने।<br>• लेखा समिति गठन गरी संपरीक्षण गर्ने।<br>• सम्झौताका आधार पुष्टि हुने गरी अन्तिम भुक्तानी गर्ने। |

**प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप | एकाइ | कहिले गर्ने | अनुमानित | कैफियत |
|---|---|---|---|---|---|

| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | **लागत रू (हजारमा)** | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लेखा समितिको गठन। | पटक | १ | २ | २ | २ | २ | २०० | |
| २ | स्रेस्ता संकलन | पटक | १ | २ | २ | २ | २ | २०० | निरन्तर |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | ६०० | |

**सहायक क्रियाकलापहरू**

| **क्र.सं.** | **क्रियाकलाप** | **एकाइ** | **कहिले र कति गर्ने ?** | | | | | **अनुमानित लागत रू (हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | असुलउपर गर्ने। | पटक | १ | १० | १० | १० | १० | २०० | नियमित |
| २ | नियमित छलफल, भेटघाट , पत्राचार गर्ने । | पटक | ५ | १० | १० | १० | १० | ५०० | नियमित |
| ३ | पुष्ट्याइँ गर्ने। | पटक | १ | ५ | ५ | ५ | ५ | २०० | नियमित |
| जम्मा प्रक्षेपित लागत | | | | | | | | ९०० | |

| | |
|---|---|
| **कार्यनीतिहरू** | • अन्तरनिकायबीच नियमित बैठकको व्यवस्थापन, समन्वय निर्माण गरिनेछ। |
| **अन्य विषयगत क्षेत्रसँगको सम्बन्ध** | • उपभोक्ता समिति, आमासमूह, युवासञ्जाल, बालसञ्जाल, बालक्लब।<br>• सेवा प्रदायक, निर्माण व्यवसायी, कर्मचारी, जनप्रतिनिधि ।<br>• मलेप, कोलेनिका, प्रदेश सरकार, संघ, जिसस। |

## परिच्छेद ९: बित्तीय श्रोत विश्लेषण तथा व्यवस्थापन

लामो समयपश्चात जननिर्वाचित प्रतिनिधिको नेतृत्वमा गाउँपालिका सञ्चालनमा आउनु आफैमा महत्वपूर्ण विषय हो । गाउँपालिका संस्थागत हुने क्रममा आर्थिक सकृयता र सम्पन्नता स्थानीय तहको लागि महत्वपूर्ण विषय बन्दै गएको छ । जनताको चाहना र आवश्यकता पुरा गर्ने दायित्व स्थानीय सरकारको छ भने त्यस्को लागि पालिकाहरुको समृद्धि र स्थायित्व अपरिर्हाय छ । साकेला गाउँपालिकाले आवधिक योजना तर्जुमा गरिरहेको सन्दर्भमा यसको वित्तीय क्षमता के छ भनेर बिश्लेषण गर्नु अनिवार्य हुन्छ । यस खण्डमा गाउँपालिकाको वित्तीय क्षमताको विश्लेषण गरिएको छ । संघ, प्रदेश, विकास साझेदार र अन्य श्रोतबाट प्राप्त हुने आम्दानी र आन्तरिक श्रोतलाई आधार मानी यो विश्लेषण गरिएको छ ।

### ९.१ बिगतमा प्राप्त स्रोतको अवस्था

गाउँपालिकाको आन्तरिक आय थोरै भए पनि हरेक वर्ष बृद्दि हुदै गएको छ जुन सकरात्मक संकेत हो । आ. व. २०७९/८० मा साकेला गाउँपालिकाले ३३ करोड ७८ लाख ४३ हजार बराबरको बजेट परिचालन गरेको देखिन्छ । आ. व. २०७९/८० मा साकेला गाउँपालिकाले प्राप्त गरेको बित्तीय श्रोत तालिका ९.१ मा दिईएको छ ।

तालिका नं. ९.१ आ. व. २०७९/८० मा प्राप्त गाउँपालिकाको आम्दानी (रु)

| बजेटका स्रोतहरु | २०७९/८० को संशोधित |
|---|---|
| **१. आन्तरिक आय** | ५०००००० |
| **२. राजस्व बाँडफाँडबाट प्राप्त आय** | ६४००४७३० |
| *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | ६१३१३००० |
| *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्टेशन, मनोरञ्जन कर आदि)* | २६९१७३० |
| **३. नेपाल सरकार वित्तीय हस्तान्तरण** | २२०६००००० |
| *वित्तीय समानीकरण अनुदान* | ७९९००००० |
| *सशर्त अनुदान* | १३०७००००० |
| *विशेष अनुदान* | १००००००० |
| **४. प्रदेश सरकार वित्तीय हस्तान्तरण** | २०४१०००० |
| *वित्तीय समानीकरण अनुदान* | ४०८६००० |
| *सशर्त अनुदान* | ४५७९००० |
| *समपुरक अनुदान* | १०००००० |
| *विशेष अनुदान* | १७४५००० |
| **५. अन्य अनुदान** | १२५००००० |
| **६. नगद मौज्दात** | १५३२८५८० |
| **जम्मा** | ३३,२८,४३,३१० |

श्रोत: साकेला गाउँपालिका २०७९

### ९.२ स्रोत अनुमान तथा प्रक्षेपण

साकेला गाउँपालिकाको यस प्रथम आवधिक विकास योजना गाउँपालिका लगायत स्थानीयस्तरका सबै सरोकारवालाहरुको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लेखित लक्ष्य प्राप्त गर्न तर्जूमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाको आन्तरिक र वाह्य श्रोत तथा सरोकारवालाको लगानी स्रोतहरुको प्रक्षेपण गरी योजनाको लागि उपलब्ध हुन सक्ने कूल स्रोतको प्रक्षेपण गरिएको छ ।

नेपालमा अहिले विद्यमान राष्ट्रिय मन्दीलाई समेत ध्यानमा राखी आगामी ५ वर्षको श्रोतको प्रक्षेपण गर्दा आन्तरिक आय २० प्रतिसतले बृद्दि हुने अनुमान गरिएको छ भने प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त हुने अनुदानहरु १५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । यसरी हेर्दा आगामी आ. व. २०८४/८५ सम्ममा गाउँपालिकामा २ अर्ब ४७ करोड ६९ लाख रुपैया बराबरको श्रोत

परिचालन हुने देखिन्छ । तर यो विश्लेषणमा संघ, प्रदेश र विकास साझेदारहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको बजेट सामेल छैन जुन साकेला गाउँपालिकको भूगोलमा कार्यान्वयन हुन्छन् ।

तालिका ९.३ प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजे६ (रु. हजारमा)

| बजेटका स्रोतहरु | प्रक्षेपण | | | | | ५ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | |
| **१. आन्तरिक आय** | ६,००० | ७,२०० | ८,६४० | १०,३६८ | १२,४४२ | ४४,६५० |
| **२.राजस्व बाँडफाँडबाट प्राप्त आय** | ७३,६०५ | ८४,६४६ | ९७,३४३ | १११,९४५ | १२८,७३६ | ४९६,२७६ |
| *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | ७०,५१० | ८१,०८६ | ९३,२४९ | १०७,२३७ | १२३,३२२ | ४७५,४०५ |
| *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्टेशन, मनोरञ्जन कर आदि)* | ३,०९५ | ३,५६० | ४,०९४ | ४,७०८ | ५,४१४ | २०,८७१ |
| **३.नेपाल सरकार वित्तीय हस्तान्तरण** | २५३,६९० | २९१,७४४ | ३३५,५०५ | ३८५,८३१ | ४४३,७०५ | १,६३२,९३७ |
| *वित्तीय समानीकरण अनुदान* | ९१,८८५ | १०५,६६८ | १२१,५१८ | १३९,७४६ | १६०,७०७ | ६१९,५२४ |
| *सशर्त अनुदान* | १५०,३०५ | १७२,८५१ | १९८,७७८ | २२८,५९५ | २६२,८८४ | १,०१३,४१४ |
| *विशेष अनुदान* | – | – | – | – | – | – |
| **४.प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ११,५०० | १३,२२५ | १५,२०९ | १७,४९० | २०,११४ | ७७,५३७ |
| *वित्तीय समानीकरण अनुदान* | २३,४७२ | २६,९९२ | ३१,०४१ | ३५,६९७ | ४१,०५२ | २५५,१७६ |
| *सशर्त अनुदान* | ४,६९९ | ५,४०४ | ६,२१४ | ७,१४६ | ८,२१८ | ३१,६८२ |
| *समपुरक अनुदान* | ५,२६६ | ६,०५६ | ६,९६४ | ८,००९ | ९,२१० | ३५,५०४ |
| *विशेष अनुदान* | ११,५०० | १३,२२५ | १५,२०९ | १७,४९० | २०,११४ | ७७,५३७ |
| ५. **अन्य अनुदान** | २,००७ | २,३०८ | २,६५४ | ३,०५२ | ३,५१० | १३,५३० |
| **नगद मौज्दात** | १४,३७५ | १६,५३१ | १९,०११ | २१,८६३ | २५,१४२ | ९६,९२२ |
| **जम्मा** | १०,७३० | ४,२९२ | – | – | – | १५,०२२ |
| **जम्मा खर्च** | ३७५,८७२ | ४२४,२०५ | ४८२,९०० | ५५५,३३५ | ६३८,६३६ | २,४७६,९४८ |

श्रोतः साकेला गाउँपालिका २०७९

अनुसूची १: आवधिक योजना तर्जुमाको लागि आवश्यक संयन्त्रहरु

क. निर्देशक समिति **(Steering Committee)**

1. गाउँपालिका अध्यक्ष संयोजक
2. उपाध्यक्ष सदस्य
3. प्रमुख प्रशासकीय अधिकृत सदस्यसचिव–

ख. सल्लाहकार समिति

१. माहालेखा निर्देशकः टंकमणी शर्मा
२. माननीय रामकुमार राई (पासाङ)
३. माननीय हिरा गुरुङ
४. पूर्व माननीयः के पी शर्मा फुयाल
५. कृषि विशेषज्ञ मदन राई
६. पूर्व सचिवः सागर कुमार राई
७. जिल्ला समन्वय समिति प्रमुखः सन बहादुर राई
८. डा. आसकुमार राई
९. ई. चन्द्र कुमार राई
१०. पूर्व जिबिस उपसभापती - बाबुराम राई
११. उपसचिवः कृष्ण कटुवाल

**परराष्ट्र**

१. रत्न कुमार राई बेलायत
२. केशव राम राई अमेरीका

ग. विषयगत समतिहिरु

मिति २०७९ फागुन २ गते सम्पन्न भएको आवधिक विकास योजना पर्वतयारी गोष्ठीबाट गठन भएका विषयगत समितिहरुको विवरणहरु

| विषयगत क्षेत्र समिति | ***नाम*** |
|---|---|
| १. आर्थिक विकास समिति | संयोजकः हेमन राई<br>१. शर्मिला कट्टेल, २. हरिहर ढकाल, ३. अनिता परियार, ४. संग्राम राई (आमन्त्रित), ५. दिपक सुनार,<br>६. सदस्य सचिवः कृषि अधिकृत,<br>प्राविधिक सहजकर्ताः प्रकाश राई |
| २. सामाजिक विकास समिति | संयोजकः गोबिन्द तामाङ<br>१. मन कुमारी राई, २. भक्त बहादुर कटुवाल, ३. कबि कुमार राई (आमन्त्रित), ४. शिबेन्द्र राई, ५. धर्म कुमारी राना, ६. सदस्य सचिवः दुर्गा बहादुर राई,<br>प्राविधिक सहजकर्ताः उषा बानिया र द्वारिका घिमिरे |

| | |
|---|---|
| **३. पूर्वाधार विकास समिति** | संयोजकः जितेन्द्र कुमार राई<br>१. नर बहादुर दर्जी, २. निर्मला राई, ३. सोमराज राई (आमन्त्रित), ४. शन्तोष कुमार राई ५. आशिष राई, ६. सदस्य सचिवः ई. आनन्द पौडेल,<br>प्राविधिक सहजकर्ताः ई. दुर्गा बहादुर पुन |
| **४. वातावरण तथा विपद व्यवस्थापन समिति** | संयोजकः अर्जुन कुमार कटुवाल<br>१. भगवती बि. क., २. नन्द कुमारी तामाङ, ३. आस्वीन चन्द्र राई (आमन्त्रित), ४. मुगाधन राई ५. भिम बहादुर खड्का ६. सदस्य सचिवः पूर्ण सरसफाई,<br>प्राविधिक सहजकर्ताः बिनोद घिमिरे |
| **५. संस्थागत विकास तथा सुशासन समिति** | संयोजकः जीवन खत्री<br>१. सुजना बि. क., २. नारायण भूजेल, ३. गिता राई, ४. ईन्द्र बहादुर राई, ५. शिव बहादुर खत्री, ६. सदस्य सचिवः भोजराज खनाल, लेखा<br>प्राविधिक सहजकर्ताः डिक नारायण चौधरी |

**विज्ञटोली**

१. टोली प्रमुख तथा आर्थिक विकासविज्ञः प्रकाश राई
२. वन, वातावरण तथा विपद् व्यवस्थापनविज्ञः बिनोद घिमिरे
३. सामाजिक विकासविज्ञः द्वारिका घिमिरे
४. लैंगि समानता तथा सामाजिक समाबेसीकरणविज्ञः उषा बानिया
५. भौतिक पूर्वाधार विकासविज्ञः ई. दुर्गा बहादुर पुन
६. संस्थागत विकास तथा सुशासनविज्ञः डिक नारायण चौधरी

सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा.लि.
काठमाण्डौ

*अनुसूची २: पूर्बयोजना तर्जुमा कार्यशाला तथा अभिमुखीकरण कार्यक्रमको उपस्थिति*
*अनुसूची ३: आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी (*Vision setting & Sectoral Workshop
*अनुसूची ४: आवधिक योजना प्रमाणीकरण कार्यशालाको उपस्थिति*